नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» शुक्रबार, असोज ६, २०७४ » Friday, September 22, 2017 » www.newsofnepal.com » नेसं ११३७ कौला थ्व: २ » वर्ष २३, अंक २५५ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { नेपालको उपलब्धिविहीन सहभागिता
५ { पेडोफिल खोज्दै सीआईबी ठमेलमा
८ { ट्रम्पको भाषण आलोचित
९ { 'डाक्टरले क्षतिपूर्ति दिने निर्णय भएको होइन'

# मधेसवादी दलको अग्रता कायमै

## ३३ स्थानीय तहको मतपरिणाम सार्वजनिक

सुनील महर्जन, काठमाडौं

स्थानीय तहको तेस्रो चरणको निर्वाचनमा हालसम्मको मतगणनाअनुसार मधेसवादी दलको अग्रता कायमै रहेको छ।

प्रदेश नम्बर २ मा मतगणना भइरहेको १ सय ३५ स्थानीय तहमध्ये बिहीबारसम्ममा ३० स्थानीय तहको मतपरिणाम आएको छ।

मतपरिणाममध्ये मधेसवादी दल राष्ट्रिय जनता पार्टी, संघीय समाजवादी र लोकतान्त्रिक फोरमले ११ वटा स्थानीय तहमा विजयी हासिल गरेका छन्।

निर्वाचन आयोगस्थित संयुक्त निर्वाचन सञ्चालन केन्द्रबाट प्राप्त विवरणअनुसार प्रमुख एवम् अध्यक्षमा १० वटा स्थानीय तहमा नेपाली कांग्रेस, ६ वटामा राष्ट्रिय जनता पार्टी, ५ वटामा नेकपा माओवादी, ४ वटामा नेकपा एमाले, ३ वटामा संघीय समाजवादी फोरम र २ वटा स्थानीय तहमा लोकतान्त्रिक फोरम विजयी भएका छन्।

आयोगका अनुसार नेपाली कांग्रेसबाट धनुषाको औरही गाउँपालिकामा ब्रह्मदेव यादवले २ हजार ५ सय ६९ मत, सिरहाको नवराजपुर गाउँपालिकामा विश्वमोहनप्रसाद यादवले २ हजार ३ सय ३ मत, धनुषाकै जनक नन्दनी गाउँपालिकामा अब्दुलबारिक शेखले २ हजार ७ सय १७ मत र धनौजी गाउँपालिकामा बद्रीनारायण सिंह विजयी हुनुभएको छ।

| पार्टी | जित | अग्रता |
|---|---|---|
| कांग्रेस | १० | ३४ |
| एमाले | ५ | २० |
| संघीय समाजवादी | ५ | २२ |
| राजपा | ५ | १६ |
| माओवादी केन्द्र | ५ | १९ |
| फोरम लो. | २ | १ |
| अन्य | १ | १ |

त्यसैगरी नेपाली कांग्रेसबाटै सप्तरीको विष्णुपुर गाउँपालिकामा नीलाम्बर यादवले २ हजार १ सय ५५ मत, रौतहटको परोहा नगरपालिकामा शेख वकिलले ६ हजार ४ सय मत, सर्लाहीको धनकौल गाउँपालिकामा रामआश्रय साहले ४ हजार ५ सय २१ मत, सप्तरीको बेल्हीचपेना गाउँपालिकामा परमानन्द यादवले ३ हजार ४ सय ४५ मत, बाराको करैयामाई गाउँपालिकामा भुवनेश्वर धामीले ३ हजार ३ सय २९ मत, सर्लाहीको रामनगर गाउँपालिकामा कृष्णप्रसाद बर्माले ३ हजार ९ सय ८३ मत ल्याएर विजयी हुनुभएको छ।



त्यस्तै नेकपा एमालेका ४ स्थानीय तहमा विजयी भएका छन्। सप्तरीको सप्तकोशी नगरपालिकामा उत्तमकुमार शर्माले ४ हजार ३ सय ६१ मत, पर्साको पटेर्वा सुगौली गाउँपालिकामा हरिनारायण चौधरीले २ हजार ९ सय ५७ मत, धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिमा मनोज यादवले ३ हजार ५ सय ४० मत, धनुषाकै बटेश्वर गाउँपालिकामा डम्बरबहादुर राउतले २ हजार ३ सय ७७ मत ल्याएर विजयी हुनुभएको छ।

नेकपा माओवादी केन्द्रका ५ स्थानीय तहमा विजयी भएका छन्। सिरहाको कर्जन्हा नगरपालिकामा गंगा पासवानले ४ हजार ३ सय ९ मत, सिरहाको अर्नमा गाउँपालिकामा ठकु महतो कोइरीले २ हजार ४ सय ३६ मत, पर्साको ठोरी गाउँपालिकामा पदमलाल श्रेष्ठले २ हजार ८ सय २ मत, सिरहाको औरही गाउँपालिकामा सिद्धार्थ यादव र रौतहटको मौलापुर नगरपालिकामा रिना साहले ३ हजार ९ सय १२ मत ल्याएर विजयी हुनुभएको छ।

राष्ट्रिय जनता पार्टी नेपालका उम्मेदवार पनि ५ स्थानीय तहमा विजयी भएका छन्। धनुषाको हंसपुर नगरपालिकामा रामज्ञान मण्डलले ३ हजार ३ सय २० मत, सर्लाहीको कौडेना गाउँपालिकामा रामप्रसाद राय यादवले ३ हजार २ सय ४४ मत, बाराको देवताल गाउँपालिकामा चन्दनकुमार सिंहले २ हजार ३ सय ३० मत, सप्तरीको डाक्नेश्वरी नगरपालिकामा शिवनारायण साह, महोत्तरीको महोत्तरी गाउँपालिकामा सुनील राय र पर्साको कालिकामाई गाउँपालिकामा नथुनी कुशवाह निर्वाचित भएका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# उत्तरी नाका जोड्न चीन सकारात्मक

टीका बन्धन, काठमाडौं

छिमेकी मुलुक चीनसँग सीमा जोडिएका मुलुकका उत्तरी बस्ती र नाकालाई सडक सञ्जालसँग जोड्न नेपालले गरेको प्रस्तावमा चीन सकारात्मक देखिएको छ।

चीनतर्फ प्रयोगमा रहेका बाहेकका नयाँ नाका खुलाउन नेपालले गरेको आग्रहमा चीन सकारात्मक बनेको हो। मुलुकका पूर्वदेखि पश्चिमका बस्ती र नाका सडक सञ्जालमा जोड्न तिब्बततर्फको मार्ग र क्षेत्र अपरिहार्य रहेको ठहर गर्दै नेपालले विगत १२ वर्ष अघिदेखि चीनलाई त्यस्तो आग्रह गर्दै आएको छ।

सडक यातायात सम्झौता संशोधन गर्न बुधबार काठमाडौंमा भएको द्विपक्षीय वार्तामा नेपालले प्रस्ताव गरेका मध्ये केही नाकाको छिट्टै स्थलगत अध्ययन/अवलोकन गरेर कार्यान्वय चरणमा लाने जवाफ दिएको छ।

'नेपालले प्रस्ताव गरेका विभिन्न १४ रुटबारे चिनियाँ पक्ष सकारात्मक बनेको छ, हाम्रो प्रस्ताव के कति व्यावहारिक हुन्छ भनेर केही नाकाको स्थलगत अवलोकन गर्ने बताएको छ।' -नेपाली वार्ता टोलीका संयोजक एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सह-सचिव सरोज प्रधानले भन्नुभयो।

बुधबार रातिसम्मको द्विपक्षीय वार्तामा नेपालले रसुवागढी-हिल्सा, रसुवागढी-कोरला, खासा-कोरला, रसुवागढी-डोल्पा, खासा-डोल्पा, रसुवागढी-दार्चुला, रसुवागढी-ताक्लाकोट, खासा-ताक्लाकोट, रसुवागढी-ओलाङचुङगोला र रसुवागढी-किमाथांका लगायतका नाका खोल्न प्रस्ताव गरेको थियो।

सो बैठकमा सह-सचिवस्तरका १३ जना चिनियाँ अधिकारी संलग्न थिए। नेपालका तर्फबाट भौतिक पूर्वाधारसहित, परराष्ट्र, अर्थ, कानुन, ऊर्जा, शहरी विकास मन्त्रालयका अधिकारी सहभागी थिए।

सन् २००५ मा दुवै मुलुकबीच गत वर्ष नै खासा-यारी (हुम्ला), खासा-रसुवागढी, खासा-ओलाङचुङगोला नाका खोल्ने सम्झौता भइसकेको छ। गत वर्ष चीनको ल्हासामा भएको बैठकमा ती नाकासहित ११ नाका खोल्न प्रस्ताव गरेको थियो। सो बेलाको प्रस्ताव र बुधबार नेपालले प्रस्ताव गरेका नाकाबारे चीनले छिट्टै स्थलगत अध्ययन गर्ने र ३/४ महिनाभित्रैमा अर्को बैठक बेइजिङमा बस्ने सहमति भएको प्रधानले जानकारी दिनुभयो। 'सम्भवतः बेइजिङको बैठकले नेपालको प्रस्तावलाई अन्तिम टुङ्गो लगाउनेछ।' -भौतिक पूर्वाधार मन्त्रालयको वैदेशिक महाशाखा प्रमुखसमेत रहनुभएका उहाँले भन्नुभयो।

यस्तो सम्झौतासँगै नेपालभित्रै र दुवै मुलुकबीच सामान खरिद र ढुवानी सहज बन्ने, ढुवानी लागत घट्ने र अन्य आर्थिक सम्भावनाको ढोका खुल्ने बताइएको छ।

यससँगै दुवै मुलुकबीच ढुवानीमा प्रयोग भइरहेका मालवाहक सवारी साधन आवागमन सहज बनाउन बुधबारको बैठकमा सहमति भएको छ।

ढुवानीमा प्रयोजनमा दर्ता भएका, भन्सारले सिफारिस गरेका मालवाहक सवारी एक अर्को मुलुकमा प्रवेश गराउन दुवै मुलुक सहमत भएका हुन्। यसअघि दुवै मुलुकका दूतावासबाटसमेत यस्तो अनुमति लिनुपर्ने प्रावधान थियो।




# राजधानीमै भेटियो स्क्रब टाइफस रोगको जीवाणु

प्रशान्त वली, काठमाडौं

राजधानीमै स्क्रब टाइफस रोगको संक्रमण देखिएको छ। काठमाडौं उपत्यकाभित्र बस्दै आएका १० जना बिरामीमा भदौ महिनामा मात्रै उपचारको क्रममा स्क्रब टाइफस रोगको संक्रमण फेला परेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुले बताएको छ।

अस्पतालका अनुसार उपत्यकाबाहिर नगएका राजधानीमै बसिरहेका १० जनालाई स्क्रब टाइफस रोग देखापरेको अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। स्क्रब टाइफस रोग फैलने क्रम बढ्दै गएको भन्दै जोखिम न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रमहरू फैलाउन आवश्यक रहेको अस्पतालले बताएको छ।

ती बिरामीहरूमा ज्वरो आउने, पसिना आउने लक्षण देखिएको अस्पतालले बताएको छ। मुख्यतः मुसाजस्ता स्तनधारी प्राणीले टोकेपछि सो रोगले आक्रमण गर्ने गर्छ। मुसामा लाग्ने माइट नामको सूक्ष्म किराले टोकेमा यो रोग सर्ने गर्छ। सो किरा मुसाको कानमा बस्ने गर्छ। एउटा माइटमा रोग संक्रमण भएपछि फुलमा सर्ने र यसको संक्रमण २४ पुस्तासम्म जाने अध्ययनले देखाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# आईजीपी परिवर्तनको खेलमा सरकार

दीपक रिजाल, काठमाडौं

सरकारले प्रहरी महानिरीक्षक प्रकाश अर्याललाई हटाउने तयारी गरेको छ। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रहरी महानिरीक्षक अर्याललाई राजीनामा दिन दबाब दिएको प्रहरी उच्च स्रोतले जानकारी दिएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सुदूरपश्चिमका प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक बनाउने नाममा हालका प्रहरी महानिरीक्षक अर्याललाई हटाउने तयारी गरेको बताइएको छ।

प्रधानमन्त्री देउवाले गृहमन्त्री जनार्दन शर्मालाई प्रहरी महानिरीक्षक परिवर्तनका लागि तयारी गर्न निर्देशन दिएको स्रोतले जानकारी दियो। प्रधानमन्त्री देउवाले प्रहरी महानिरीक्षक आर्याललाई पदबाट राजीनामा दिन र राजीनामा पछि कुनै एक संवैधानिक आयोग वा विदेशस्थित



आईजीपी अर्याल र एआईजी चन्द

कूटनीतिक नियोगमा नियुक्ति दिने बताउनु भए पनि प्रहरी महानिरीक्षक अर्यालले भने प्रधानमन्त्रीको प्रस्तावलाई अस्वीकार गरेपछि हटाउने तयारी गरेको एक उच्च सुरक्षा अधिकारीले जानकारी दिए।

प्रहरी महानिरीक्षक अर्यालले आफूले राजीनामा नदिने, पदबाट सरकारले बर्खास्त गरे कानुनी उपचारमा जाने मनस्थिति बनाएको ती सुरक्षा अधिकारीले जानकारी दिए। प्रधानमन्त्री देउवा र हाल महानगरीय आयुक्त कार्यालयमा कार्यरत एआईजी चन्द पटक पटक भेट भएको र प्रधानमन्त्रीले जुनसुकै हालतमा आईजीपी बनाउने आश्वासन दिएपछि चन्द अहिले आफ्ना निकटका प्रहरी अधिकृतहरूलाई रानीपोखरी बोलाएर भावी योजना बनाउन व्यस्त रहेको पनि ती अधिकारीले जानकारी दिए।

प्रधानमन्त्री देउवा संयुक्त राष्ट्र संघको महासभामा जानुअघि पनि एआईजी चन्दलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर तयारी अवस्थामा रहनसमेत निर्देशन दिएको बताइएको छ। प्रधानमन्त्री देउवाले दशैंको बिदामा नै प्रहरी प्रमुख परिवर्तन गर्ने तयारी गरेको पनि ती अधिकारीले जानकारी दिए।

गृहमन्त्री शर्माले पटक पटक विवादमा परेको प्रहरी संगठनमा हस्तक्षेप गर्दा त्यसको सन्देश राम्रो नजाने भएकाले त्यसमा आफू सहमत हुन नसक्ने बताएपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री निवासमा बोलाएर आईजीपी परिवर्तनका बारेमा जानकारी गराएका थिए।

(क्रमशः पृष्ठ ९ मा)

# एमाले बदनाम, माओवादीमा मतदान

बीपी साह, काठमाडौं

समाचार विश्लेषण

असोज २ गते साँझ ५ बजे मतदान सम्पन्न भएपछि नेकपा माओवादी (केन्द्र) का २ नम्बर प्रदेश संयोजक मातृकाप्रसाद यादव धनुषाको सबैलास्थित आफ्नो निवासमा निकै खुसी मुद्रामा थिए।

चुनावी रिपोर्टिङका क्रममा त्यहाँ पुगेका पत्रकारको टोलीसँग आफ्नो विश्लेषण सुनाउँदै यादवले भने- 'मधेस कम्युनिस्टको केन्द्र हो। यसअघि एमालेले वर्चस्व देखाउँदै थियो। यसपटक माओवादीले पुनः अग्रता लिनेछ।'

यादवको भनाइको निचोड थियो- 'एमालेले मधेसीको भावनालाई समेट्न नसक्नु र मधेसीको पक्षमा वकालत गर्न असक्षम भएकै कारण मधेसमा आफै बदनाम भए जसकारण माओवादीप्रति मधेसी कम्युनिस्टको आकर्षण बढ्यो। र, माओवादीको अवस्था राम्रो हुन पुग्यो।'

समग्रमा हेर्ने हो भने २ नम्बर प्रदेशको स्थानीय निकायको निर्वाचन माओवादी केन्द्रको अवस्था निकै सुधार भएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

आफू हारेको कुरा नवराजलाई पत्तो पनि थिएन। जति बेला रेफ्रीले लनको हात उठाएर विजेता घोषित गरिरहँदा उनी रिङमा उत्रनका लागि वार्म अप गरिरहेका थिए।

## एसियन इन्डोर गेम्स

# नेपालको उपलब्धिविहीन सहभागिता

फिरोज राजोपाध्याय
अस्गाबात, तुर्कमेनिस्तान

मार्बलको शहर भनेर विश्वमा चर्चित तुर्कमेनिस्तानको राजधानी अस्गाबातमा जारी पाँचौं एसियन इन्डोर तथा मार्सल आर्ट्स गेम्समा बुधबारसम्म पनि उपलब्धि शून्य रह्यो। मुआथाई, तीन गुणा तीन बास्केटबल, तेक्वान्दो खेलमा नेपाली खेलाडीको सहभागितामा मात्रै सीमित रह्यो। उपलब्धि केही पनि भएन। दोस्रो दिन नेपालले पहिलो खेलमा सहभागिता जनाउने क्रममा मुआ थाईका नवराज गुरुङको पालो थियो, तर नवराजले किक बक्सिङ एरेनाको रिङमा उत्रन पनि नपाउँदै खेल गुमाए। उनलाई वाकओभर दिएको भन्दै रेफ्रीले उनको प्रतिद्वन्द्वी मकाउका खेलाडी ली का लनलाई विजय घोषित गरे। पहिले ५ बजे गरिने भनेको खेल ४ बजे नै प्रतिस्पर्धा गराएपछि नै नवराज खेल्न वञ्चित भएका हुन्।

आफू हारेको कुरा नवराजलाई पत्तो पनि थिएन। जति बेला रेफ्रीले लनको हात उठाएर विजेता घोषित गरिरहँदा उनी रिङमा उत्रनका लागि वार्म अप गरिरहेका थिए। उनलाई उनकै साथी खेलाडीले तिम्रो नाम रिंगमा एनाउन्स भएको छ भनेर भन्दा मात्रै नवराज झसंग भएका थिए। मुआ थाईअन्तर्गत पुरुष ६७ केजीतर्फको खेल हुन अगाडि नवराज बिहानै पनि वेगिङ (तौल नाप्ने) मा पनि माथ खाइसकेका थिए। उनलाई ८ बजेर ३० बजे वेगिङ गर्न जाँदा समय सकिएको भनेर तौल पनि नाप्न दिएन आयोजकले।

खेल्न नपाउनु भनेको राष्ट्रकै बेइज्जतको विषय बन्यो। अर्को खेलाडीमाथिको लगानी समेत खेर गएको छ। नेपालदेखि यति टाढा आएर खेल्न आएका नवराजको कथा स्वस्थानीको कथाको जस्तो सकारात्मक भएन। स्वस्थानी कथामा उल्लेख गरेअनुसार उनी गाउँबाट शहर पस्दा राजा नै बनेको कथामा उल्लेख छ। तर यो नवराज आफ्नै पैसाले नेपालदेखि तुर्कमेनिस्तानमा पुग्दा कुनै नाम कमाउने काम पनि गर्न सकेनन्। उल्टो गैरजिम्मेवारीको आरोप सहनुपऱ्यो। तर दोष कसैले लिन चाहेनन्। न ओलम्पिक कमिटीका पदाधिकारीले लिए न मुआ थाई संघकै पदाधिकारीले लिए। न त प्रतियोगिताका सेफ द मिसन बनेका राखेपका सदस्यसचिव केशवकुमार विष्टले नै लिए। उनले त आफूसँग नआएकोमा कुनै वास्ता नभएको जस्तो प्रतिक्रिया दिएका थिए।

नवराज आफ्नै पैसा खर्च गरेर अस्गाबाट आएका हुन्। उनी पनि जिम्मवारी बन्नुपर्ने थियो। साँझ ५ बजेको समय भनेर उनी वार्म अपमै व्यस्त भए। ठूला-ठूला स्पिकरमा चर्को आवाजमा एरेना नै थर्किने गरी आयोजकले एनाउन्स गर्दा पनि उनले नसन्नु उनको पनि ठूलै भूल थियो। अर्को विना प्रशिक्षक नेपालबाट खेलाडी पठाउने निकाय वा व्यक्तिले पनि खेल सेड्युल नबुझ्नु महागल्ती बनेको थियो। किनभने खेलाडीलाई प्रतियोगितामा सहभागी मात्रै गराउने अनि सेड्युलबारे अनभिज्ञता राखिँदिदा कस्तो परिणाम निस्कन्छ। पक्कै पनि नराम्रो निष्कर्ष नै निस्कन्छ भन्ने यिनीहरूले किन बुझ्दैनन्। साधै आयोजकले गल्ती गऱ्यो भनेर ढाकछोप लगाउनु व्यर्थको कुरा छ।

### तेक्वान्दो

खेलाडीलाई सहभागी गराएपछि प्रतियोगितामा सबै कुरा हेर्न एउटा टिम हुनुपर्छ। अस्गाबाट यस्तो देखिएन। यस्तै लापरबाहीले गर्दा नवराजले खेल्न पाएनन्। तर खेल्न पाएका खेलाडीले पनि गुनासो गर्छन् हारेपछि। उदाहरणका लागि तेक्वान्दो खेलाडीलाई नै लिऊँ। तेक्वान्दो खेलाडी दुई जना निमा गुरुङ र वीरबहादुर महराले पनि हारेपछि दोष दिए सेन्सर प्याडलाई। यदि सेन्सर प्याड नै छैन भने वीरबहादुरले दोस्रो चरण यानि दोस्रो बाउट ६-१ अंकले आफ्नो पक्षमा कसरी राखे त। जबकि उनी पहिलो बाउटमा ८-० ले पछि थिए। तेस्रो बाउटमा ६-६ अंकको नतिजा निस्केको थियो। अब यसमा खेलाडीदेखि प्रशिक्षक हरिहरप्रसाद पाण्डेले सेन्सर प्याड नभएको कमजोर बहाना बनाउन अलि मिलेन कि ?

निमा भने इरानको खेलाडीसँग २२-२ अंकले पछि परेकी थिइन्। उनले चार घण्टा सुतेर कसरी खेल्न सकिन्छ भनेर उही घिसिपिटी कारण दर्साइन्। नेपाली खेलाडीहरूको यही बहानाले जित हुन नसकेको हो। पहिलो त खेलमा जित्नका लागि दिमाग त्यतैतिर ढल्काउनुपर्ने हो। उनले यो कुरा पनि बुझ्नुपर्छ कि मैले यो खेल जित्नैपर्छ वा जित्न सकिन्छ भनेर आत्मविश्वास पाल्नुपर्छ। यदि यस्तो गरेको भए वीरबहादुरले हातमा आइसकेको खेल गुमाउनुपर्ने थिएन।

### बास्केटबल

मंगलबारै भएको तीन गुणा तीन बास्केटबलमा पनि यस्तै कहानी दोहोरियो। नेपालले उज्बेकिस्तानसँग १८-१६ ले हारेको थियो। १० मिनेटको खेलमा अन्तिम दुई मिनेट बाँकी हुँदासम्म नेपाल १६-१२ ले अगाडि थियो। नेपाली खेलाडीले त्यही दुई मिनेटमा ६ अंक गुमाएर खेल पनि गुमाएको थियो। अर्को खेलमा किर्गिस्तानसँग नेपाल १९-१५ ले हारेको थियो। नेपालको क्वार्टरफाइनलको सम्भावना हुँदाहुँदै पनि खेलाडीले खेलमा आफ्नो नियन्त्रण बनाउन नसकेपछि नै यो दुवै खेल हारेको थियो।

### भारोत्तोलन

भारोत्तोलन प्रतिस्पर्धामा पनि नेपालको प्रदर्शन कमजोर रह्यो। यद्दपि महिला ५८ केजीतर्फ कमला श्रेष्ठले आफ्नै राष्ट्रिय कीर्तिमानमा सुधार गरिन्। तर सुधार भए पनि उनको प्रदर्शन आशलाग्दो थिएन। स्नाचमा ६८ केजी उठाएर एक केजी बढी भार उठाइन्। तर क्लिन एन्ड जर्कमा उनले ८० केजी मात्रै उठाइन्। उनले ८६ केजीको भार उचाल्न खोज्दा भार उठाउनै सकिनन्। उनले दुईपटक कोसिस गरेकी थिइन्। उनले आफ्नै ८५ केजी तौलको कीर्तिमान भंग गर्न सकिनन्।

पुरुष ६९ केजीमा प्रकाश केसीको प्रदर्शन पनि त्यति उत्साहजनक भएन। पाँच प्रतिस्पर्धीमा उनी चौथो स्थानमा रहे। प्रकाश केसीले स्नाचमा १ सय र क्लिन एन्ड जर्कमा १ सय २५ गरी कुल २ सय २५ केजी तौल भार उचालेका थिए। सो समूहबाट बंगलादेशका सिमुल कान्ती सिंगा अर्को चरणमा पुगे। समूह विजेता भएका उनले स्नाचमा १ सय १७ तथा क्लिन एन्ड जर्कमा १ सय ४२ गरी कुल २ सय ५९ केजीको तौल उठाएका थिए।








Sponsored By
DC Diamonds
ECO TANK
nayam INTERCONTINENTAL PVT. LTD.
MAYUR

Organized By
TRIKAL ART ACADEMY
MEETING POINT
Communication with a difference

# मञ्चमा दीपकको अविरल यात्रा






दामोदर न्यौपाने

गायक वा गायिकाको एकल सांगीतिक साँझ आम कुरा हो। तर केही समययता आएर संगीतकार वा गीतकारको एकल सांगीतिक कार्यक्रम पनि हुन थालेका छन्। यसरी विरलै हुने संगीतकारको एकल साँझमा बुधबार राजधानी झुम्यो। जहाँ ख्यातिप्राप्त संगीतकार दीपक जंगमले संगीत भरेका गीतहरू गुञ्जयमान भए।

*मिस नेपाल*जस्तो देशकै पहिलो र प्रतिष्ठित सौन्दर्य प्रतियोगिताको आयोजना गर्दै आएको हिडेन ट्रेजरले संगीतकार जंगमले संगीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा *अविरल यात्रा २०७४* मा दीपक जंगमलाई प्रत्यक्षरूपमा पस्कियो। खचाखच संगीतप्रेमी र संगीतकर्मीले भरिएको प्रतिष्ठानको प्रेक्षालयमा विभिन्न पुराना र नव-गायकगायिकाले उनले संगीत भरेका १९ लोकप्रिय र सदाबहार गीत प्रस्तुत गरेर दर्शकलाई मोहित तुल्याए। २ दर्जन वाद्यवादकका साथमा विभिन्न गायकगायिकाले गीत प्रस्तुत गरिरहँदा कार्यक्रममा सांगीतिक माहोल छाउन पुग्यो।

संगीतकार राजु सिंहको संगीत संयोजन तथा परिचालनमा झन्डै ३ घण्टा चलेको कार्यक्रममा संगीतकार जंगम स्वर सम्राट् नारायण गोपालले गाएको *यति धेरै माया दिई* बोलको सदाबहार गीत गाउँदै झुल्किए। सदा संगीत सिर्जनाबाट संगीतकर्मीलाई आकर्षित गर्दै आएका उनले आफ्नो स्वरबाट पनि दर्शकलाई प्रभावित पारे। उनले आफ्नो शब्द र संगीतको गीत आफैं प्रस्तुत गरिरहँदा दर्शकदीर्घा नै मन्त्रमुग्ध बन्न पुग्यो।

त्यसै गरी उनका कुशल चेला गायक सुमनकुमार श्रेष्ठले क्षेत्रप्रताप अधिकारीद्वारा रचित *टोपी लाए पनि फेटा गुथे पनि हुन्छ* गाउँदा दर्शक राष्ट्रिय भावनाले उत्प्रेरित बन्न पुगे। यो गीतले मुटु छुँदा कतिको आँखा पनि रसाए। गायिका तारा थापाले नारायणकुमार आचार्यद्वारा रचित *हजारचोटि जन्मुँला* गाउँदा दर्शकबाट उत्तिकै साथ पाइन्।

सुगम संगीतमा सफल गायकका रूपमा परिचय बनाएका अर्का लोकप्रिय आनन्द कार्कीले डा. कृष्णहरि बरालद्वारा रचित *यी हल्लाहरू हुन्* बोलको गजल प्रस्तुत गरेर दर्शक झुमाए भने कर्णदासले उन्नतिशीला बोहराद्वारा रचित *कसले पो देख्छ र यो चोट मेरो* गाएर मञ्चमा रहुन्जेल दर्शकको ध्यान खिच्न सफल भए। दर्शकको अनुमति मागेर मबीबी शाहद्वारा रचित तथा गुलाम अलिद्वारा स्वरबद्ध *गाजलु ती ठूलाठूला आँखा* बोलको गीत गाएका गायक कर्णदासले दर्शकको भरपुर तालीको साथ पाए।

गायिका वानिका प्रधानले नरेन्द्रराज प्रसाईंद्वारा रचित तथा स्वरसम्राज्ञी अरूणा लामाद्वारा स्वरबद्ध *विरहले रोएको रातमा* गाएर दर्शकको मन जितिन्।

संगीतकार जंगमको एकल साँझमा उनालाई उनका गायकपुत्र अजर जंगमले पनि साथ दिए। पछिल्लो पुस्तामा फरक खाले गीत गाएर युवामाझ लोकप्रियता कमाइरहेका अजरले २ गीत प्रस्तुत गरे। उनले मबीबी शाहको रचनामा गुलाम अलीले गाएको *लोलाएका ती* बोलको गीत गाएर आफैंले गाएको लोकप्रिय गीत *जिन्दगीले हिसाब माग्छ* पनि प्रस्तुत गरे। 'बुबा यसरी अविरल साँझका रूपमा सम्मानित हुँदा निकै खुसी छु। म यहाँसम्म आइपुग्नका लागि बुबाको निकै ठूलो साथ छ' -जंगमले भने।

अर्की पुरानी गायिका संगीता राना प्रधानचाहिँ दीपकको शब्द रचना र अरूणा लामाको स्वरको *लहरे वर घुमाउने चौतारी* बोलको गीतका साथ स्टेजमा देखा परिन्। उनले दर्शकबाट तालीरूपी साथ पाइन्। विशेष गरी गजल गायनमा रुचि राख्ने गायिका निशा देशारले विना महतद्वारा रचित *जीवन यदि गीत हो* सुनाइन् भने गायक शैलेश सिंहले कालीप्रसाद रिजालद्वारा रचित *तिम्रो र मेरो बीचको* र *तिमीलाई म के भनुँ* बोलको गीत प्रस्तुत गरे। ती गीतमा दीपक जंगमको शब्द र नारायण गोपालको मूल गायन रहेको थियो।

सुगम संगीतका लोकप्रिय गायक रामकृष्ण ढकालको प्रस्तुतिलाई पनि दर्शकले रुचाए। ढकालले जंगमपत्नी बेनी जंगम रावलद्वारा रचित *मीठामीठा कुरा सबै सुनाइदिऊँ कि हजुर* र चाँदनी शाहद्वारा रचित तथा नारायण गोपालको मूल स्वर रहेको *एउटा मान्छेको मायाले* बोलको गीत प्रस्तुत गरे दर्शकलाई खुसी पारे।

कार्यक्रमको अन्त्यतिर भने पुराना चर्चित गायकद्वय दीप श्रेष्ठ र दीपक खरेल स्टेजमा देखिए। दुवै गायकले दुई-दुई गीत प्रस्तुत गरे। दीप श्रेष्ठले विजय चालिसेद्वारा रचित *तिम्रो यादमा* र विना महतद्वारा रचित *दोधार भो* प्रस्तुत गर्दा माहोल तातियो। गायक दीपक खरेलले विना महतद्वारा नै रचित *आँखामा राख्न खोज्छु* र वसन्त चौधरीद्वारा रचित *गरौं कि मीठो भुल* प्रस्तुत गरिरहँदा माहोल नै रंगिएको थियो। 'उहाँ (दीपक जंगम)को कार्यक्रमको म एक हिस्सा हुन पाएकोमा आफूलाई निकै गौरवान्वित ठान्दछु' -गायक खरेलले जंगम नेपाली सांगीतिक क्षेत्रको एउटा इतिहास भएको चर्चा गर्दै भने।

कार्यक्रममा प्रस्तुत गरिएका गीत, गायक र संगीतकार जंगमको बारेमा जानकारी समावेश गरिएको पुस्तकबारे पनि जानकारी दिइएको थियो। सोही अवसरमा प्रस्तुत गीतका स्रष्टा र सर्जकलाई रोयल्टी पनि प्रदान गरियो। रोयल्टी रकम हिडेन ट्रेजरका अध्यक्ष गोपाल सुन्दरलाल कक्षपतिले संगीत रोयल्टी संघका अध्यक्ष सुरेश अधिकारीलाई हस्तान्तरण गरे। रकम बुझ्दै संगीतकार अधिकारीले स्रष्टाको मौलिक अधिकारको सबैले सम्मान गनुपर्ने बारे चर्चा गरे।

२०१० सालमा भक्तपुरमा जन्मिएका दीपक जंगम नेपाली सांगीतिक क्षेत्रमा गौरवशाली परिचय बोकेका संगीतकार हुन्। सानै उमेरदेखि संगीतप्रतिको लगाव र निरन्तर संगीतको साधनाले उनलाई नेपाली सांगीतिक क्षेत्रमा एक सफल संगीतकार, गीतकार र गायकका रूपमा उभ्याएको छ।

उनको संगीतमा पाकिस्तानी गायक गुलाम अली, अर्का गायक मेहन्दी हसनलगायत नेपालका पुरानादेखि अहिलेका गायकसम्मले गीत गाएका छन्।





twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
instagram.com/nepaltelecomofficial




NOW ONLY **Re. 0.5/SMS**
**50% OFF** ON EXISTING SMS RATE
Offer Validity : **11th to 19th Ashoj 2074**

KATHMANDU & POKHARA ONLY
**FREE** 4G SIM EXCHANGE
Offer Valid from **5th Ashoj till Kartik 2074**

**10 % BONUS** ON RECHARGE

| RECHARGE CARD | MPOS RECHARGE |
|---|---|
| Rs. 50/100/200/500/1000 | Rs. 10 and above |

Offer Validity : **5th to 10th Ashoj 2074**
OFFER VALID FOR **GSM/CDMA PREPAID USERS** ONLY

**100 ADDITIONAL FREE CALLS** ON PSTN/C-PHONE
~~175~~ 275 free calls @ **RS. 200**/MONTH
Offer Valid for the month of **Ashoj and Kartik 2074 only**

**EXTENDED VALIDITY** UPTO 19th ASHOJ 2074
FIBER | WiMAX | ADSL
The validity for those volume based **ADSL/WiMax/FTTH customers** whose validity expires in between 11th to 18th Ashoj 2074 but the volume is still remaining will be extended to **19th Ashoj 2074.**

**YouTube PACK** (ALL TIME)

| Data Volume | Price (Rs.) | Validity (Days) |
|---|---|---|
| 500MB | 60.00 | 14 |
| 1GB | 100.00 | 21 |

Offer Validity : **5th to 19th Ashoj 2074**

On-Net only
**COMBO PACK** (ALL TIME)
Offer Validity : **5th to 19th Ashoj 2074**

| | | VALIDITY |
|---|---|---|
| Rs. 10 | 6 minutes talktime + 5 SMS + 15 MB data | 1 Day |
| Rs. 25 | 16 minutes talktime + 16 SMS + 35 MB data | 3 Days |
| Rs. 50 | 45 minutes talktime + 25 SMS + 70 MB data | 5 Days |
| Rs. 100 | 110 minutes talktime + 30 SMS + 150 MB data | 10 Days |
| Rs. 300 | 360 minutes talktime + 40 SMS + 600 MB data | 30 Days |

To subscribe (example) : Type **'COMBO25'** & send it to **1415**.

On-Net only
**VOICE PACK** (ALL TIME)
Offer Validity : **5th to 19th Ashoj 2074**

| Total Minutes | Total Price (Rs.) | Validity (Days) |
|---|---|---|
| 11 | 10 | 1 |
| 30 | 25 | 3 |
| 75 | 50 | 5 |
| 200 | 100 | 10 |
| 650 | 300 | 30 |

OFFER VALID FOR GSM/CDMA PREPAID AND POSTPAID USERS.
To subscribe (example) : Type **'VOICE650'** & send it to **1415**.

To subscribe and to know more about our exciting data packages
DIAL ***1415#**

*All prices are INCLUSIVE OF GOVT. TAXES
For more details, please visit www.ntc.net.np

राष्ट्रको संचार
NEPAL TELECOM

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, SEP Friday 22

# विचार

मानिसले गर्न नसक्ने काम केही छैन तर काम गर्न उसलाई साहसको आवश्यकता पर्छ।
- कार्लाइल

संसारमा महान् घटनाहरू तब घटे, जब कसैले जस्तोसुकै परिस्थितिमा पनि हिम्मत नहारी फैसला गर्‍यो।
- स्प्राइट लोरियार्नो

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## कानुनी बाटो अपनाऊ

अहिले कर्मचारीमाथि विभिन्न आरोप लगाउँदै कालोमोस दल्ने क्रम बढेको छ । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले सरकारी कार्यालयका केही कर्मचारीहरूलाई अनियमितता गरेको भनी कालोमोसो दलेपछि अहिले सरकारी कर्मचारीहरु त्रसित भएका छन् । यसरी कालोमोसो दल्नेहरुमध्ये केही पक्राउ परे पनि सहजै छुट्ने गरेको कर्मचारीहरुको गुनासो छ । विभिन्न बहाना बनाएर आउँदा सेवाग्राही हो वा कालोमोसो दल्ने समूह हो भन्ने अलमलमै कर्मचारीमाथि कालोमोसो दल्ने क्रम बढेकाले आफूहरू निरीह बन्नुपरेको कर्मचारीहरु बताउँछन् । यसरी कार्यालयमै गएर एक्कासी कर्मचारीलाई कालोमोसो दल्दा गल्ती नगर्ने कर्मचारीहरु पनि त्रसित बन्ने र उनीहरुको मनोबल गिरी कार्यसम्पादनमा समेत असर पर्ने देखिन्छ । त्यसैले कालोमोसो दल्ने कार्यको सट्टा कारबाहीका लागि कानुनी बाटो अपनाउनु नै उचित हुन्छ ।

विप्लव माओवादीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले गलत काम गर्ने कर्मचारीलाई सरकारले कानुनअनुसार कारबाही नगर्दा बाध्य भएर आफ्नो पार्टीले कालोमोसो दल्ने अभियान चलाएको बताएका छन् । तर उता कालोमोसो दलिएका रामेछापका स्थानीय विकास अधिकारी दिनेशराज पन्तले आफूले कुनै पनि अनियमितता नगर्दा पनि कालोमोसो दलिएको बताएको समाचार प्रकाशित भएको छ । यसरी कानुनी बाटो हुँदाहुँदै कर्मचारीमाथि कालोमोसो दल्दै हिंड्दा निर्दोष कर्मचारीसमेत आफूलाई पनि मोसो दलिने हो कि भनेर त्रसित हुन पुग्छन् । यस्ता कार्यले सिंगो कर्मचारीतन्त्रमा नकारात्मक प्रभाव पार्ने हुँदा मुलुककै लागि अहित हुनसक्छ ।

हुन त अहिले संक्रमणकालको फाइदा उठाउने कर्मचारीहरु पनि नहोलान् भन्न सकिन्न । ठूला ओहदाका कर्मचारी एवं राजनीतिज्ञहरुसमेत अनियमितामा संलग्न भएको विगतले नै बताइसकेको छ । आर्थिक अनियमितता मात्र नभएर अन्य अनियमितता पनि हुने गरेका छन् । निर्वाचन आचारसंहिता विपरीत प्रधानमन्त्री शेरबहादुर देउवाले जम्बो मन्त्रिमण्डल बनाएकै हुन् । यसैले माथिबाटै अनियमितता रोकिनुपर्छ । कर्मचारीहरूलाई मात्रै नभई भ्रष्ट प्रवृत्तिका मन्त्री र राजनीतिक पार्टीमा आबद्ध व्यक्तिलाई समेत जनकारबाही गरिने बताइनुले समस्या झनै चर्कने देखिन्छ । त्यसैले अनियमितता गर्ने जो–कोहीलाई दोषी ठहरिएमा कानुनी कारबाही हुनै पर्छ । कर्मचारीमाथि कालोमोसो दल्नेहरुले पनि मोसो दल्न छोडेर दोषी देखिए कानुनी कारबाहीतिर लाग्नुपर्छ ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख–रचना एवम् छोटा पाठक–पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# जनमतको अपमान र जम्बो मन्त्रिमण्डल



दीपेन्द्रकुमार कार्की

नयाँ सरकार बन्नेबित्तिकै जनतामा आशा र आकांक्षा बढ्ने गर्छ। सरकार गठन लोकतान्त्रिक विधि र प्रक्रिया हो। सरकार ढल्नु र बनाउनु नै राजनीतिक दलहरुले आफ्नो सफलता ठान्ने गरेका छन्। सरकार परिवर्तन हुने र मन्त्री बन्नेहरुको लर्को नै लागेको छ। जनआन्दोलन सफल भएपछि बनेका सबै सरकारमा जम्बो मन्त्रिमण्डल बन्ने गरेको छ। जुन कदमले राजनीतिक दलहरुलाई भन्दा पनि जनतालाई लाज लागेको छ। देशलाई समृद्धिको गोरेटोमा डोर्‍याउने भन्दा पनि जम्बो मन्त्रिमण्डल बनाएर भागवण्डा पुर्‍याउने संस्कार निकै झाङ्गिएको छ। सरकार टिकाउनकै लागि पनि कतिपय समयमा संसद्मा एक सिट मात्र रहेका दलहरुलाई पनि रोजेको मन्त्रालय दिने गरेका छन्।

राजनीतिक दलहरुले अहिलेको परिर्वतन ल्याउन खेलेको भूमिका सकारात्मक छ। तर परिवर्तित सन्दर्भमा दलहरुले आफ्नो सोच र संस्कार भने पटक्कै फेर्न सकेका छैनन्। जुन जोगी आए पनि कानै चिरेको भनझैं हरेक सरकारले देशको समृद्धिको बहस अगाडि बढाउने भन्दा पनि आफ्नो सत्ता कसरी टिकाउनेमा नै बढी ध्यान दिएको देखिन्छ। संसदीय अभ्यासमा सरकार ढाल्ने र गठन गर्ने विधिलाई सामान्यरुपमा लिन सकिएला। तर नौ-नौ महिनामा सरकार परिवर्तन हुने परम्पराप्रति जनता वाक्कदिक्क भएका छन्।

सरकारमा मन्त्री बन्नेहरुको लर्को लाग्दा पनि देशको समृद्धिको पाइलासमेत अगाडि बढ्न सकेको छैन। संवैधानिक व्यवस्थाअनुसार २५ भन्दा बढी मन्त्री बनाउन नपाइने व्यवस्था छ। तर संक्रमणलीन व्यवस्थाको भरपूर फाइदा उठाउँदै संविधान जारी भएपछि बनेको सरकारले पनि मन्त्री धेरै बनाउनुलाई आफ्नो बहादुरी ठानेका छन्। मन्त्री धेरै बनाउनेबित्तिकै के धमाधम काम भएका छन् त ? जनताले प्रत्यक्षरुपमा महसुस गर्ने गरी काम भएको छ त ? जम्बो मन्त्रिमण्डल बनाउँदा राज्यलाई करोडौं रुपियाँ नोक्सान हुने गरेको छ। जनताको पसिनाबाट पालिने मन्त्रीहरुको संख्या बढाएर किन राज्यकोषको दुरुपयोग गर्ने परम्पराको विकास भइरहेको छ ? लोकतन्त्रलाई किन छाडातन्त्रको रुपमा विकास गर्न खोजिँदै छ ? आवश्यकताअनुसार मन्त्रिमण्डल बनाउनुपर्छ। तर सत्ता बचाउने नाममा ५४ सदस्यीय मन्त्रिमण्डल बनाउनुपर्ने प्रधानमन्त्री शेरबहादुर देउवालाई कस्तो बाध्यता पर्‍यो ? देशमा कामको चाप थेग्न नसक्ने अवस्थामा कामको जिम्मेवारी बाँडफाँड गर्न थपिने मन्त्री जायजै मान्न सकिएला। तर बिहानदेखि बेलुकीसम्म रिबन काट्नमै कतिपय मन्त्रीहरुको समय खर्च भएको छ। नीतिगतरुपमा परिवर्तन गर्नेतिर भन्दा पनि रिबन काट्नको लागि किन चाहियो ५४ सदस्यीय मन्त्रिमण्डल ? जनमतको अपमान गर्दै स्वेच्छाचारी ढंगले मन्त्रिपरिषद् विस्तार गर्नु पक्कै पनि सुहाउने विषय होइन।

अहिलेको सरकारको मुख्य काम भनेको तीन तहको निर्वाचन सम्पन्न गराएर संविधान कार्यान्वयन गराउनु हो। स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ। अब प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई सम्पन्न गराउनु सरकारको एकमात्र दायित्व र कर्तव्य हो। निर्वाचन आयोगले मंसिर १० र २१ हुने स्थानीय तहको निर्वाचनको लागि आचारसंहिता जारी गरेको छ। तर सरकारले आचारसंहितालाई लोप्पा खुवाउँदै धमाधम मन्त्री थप्ने कार्यलाई निरन्तरता दिएको छ। के यो देशमा सरकारलाई कुनै नियम र विधिले छुँदैन ? कानुन निर्माण गर्ने निकायबाटै किन हुन्छ आचारसंहिता उल्लंघन ?

सरकारसँग जनताले आशा र भरोसा गरेको हुन्छ। जनअपेक्षाअनुसार काम गर्न नसक्दा जनतामा आशाको सट्टा निराशाको जन्म हुन्छ। विश्वासमाथि अविश्वासको खाडल सृजना हुन्छ। सरकार गठन हुनेबित्तिकै बग्रेल्ती मन्त्री बनाउनुको सट्टा सानो मन्त्रिमण्डल बनाएर पनि जनताको पक्षमा काम गर्न सकिन्छ भन्ने उदाहरण दिन राजनीतिक दलहरु किन आँट गर्न सक्दैनन्। भागवण्डा पुर्‍याउनकै लागि राज्यलाई बोझमाथि बोझ कति थोपर्ने ? जनतालाई परिवर्तनको आभास दिलाउनुको सट्टा उल्टै जनतालाई दिक्क लाग्ने गरी मन्त्री थप्नु जनमतको अपमान हो। एक मन्त्रालयको एक मन्त्री बनाउन त जाजयै होला तर प्रत्येक मन्त्रालयमा दुईजना मन्त्री नियुक्त गर्नुको मतलव सरकारको नियतमाथिकै प्रश्न हो। हरेक मन्त्रालयमा समस्याको चाङ छन्। त्यसलाई समाधानतिर भन्दा पनि सरकारमा सहभागी मन्त्रीहरु कमिसनको चक्करमा बढी समय खर्च गर्ने गरेका छन्। नौ/नौ महिनामा परिवर्तन हुने सरकारसँग ठूलो आशा नगरे पनि व्यवस्था बसाल्न आँट गर्ने हो भने असम्भव भने छैन। व्यवस्था बनाउन भन्दा पनि राजनीतिक नियुक्तिमा हुने भागवण्डामै मन्त्रीहरुको ध्यान बढी केन्द्रित हुने गरेको छ।

समाज रुपान्तरण गर्न राजनीति गर्दै सरकारमा सहभागी हुने राजनीतिक दलका नेताहरुमा सुशासन र पारदर्शितामा किन ध्यान जाँदैन ? मन्त्री भएपछि देश र जनताको सेवा गर्ने पवित्र उद्देश्य हुनुपर्नेमा किन आफ्नो मात्र स्वार्थ पूरा गरी धेरै कमाऊँ भन्ने कुषित मानसिकताको विकास हुँदै गएको छ। समाज रुपान्तरण गर्न सत्ताको बागडोर सम्हाले पनि किन निजी स्वार्थलाई मन्त्रीहरुले बढ्ता महत्व दिने गरेका छन् ? देशमा गणतन्त्र स्थापना भएको एक दशक पुगेको छ। परिवर्तनको बखत राजनीतिक दलरुले गरेको बाचा र प्रतिबद्धताहरु आज उखानझैं भएका छन्। किन जनतासमक्ष गरेका प्रतिबद्धता कार्यान्वयन गर्ने आँट र जाँगर राजनीतिक दलहरुले गर्न सकेका छैनन् ? गणन्त्रण स्थापना भएपछि देशमा कायापलट हुने सपना जनताले देखेका थिए तर राजनीतिक दलहरुले सत्तास्वार्थलाई मात्र केन्द्रमा राखेर अगाडि बढ्दा बेथितिले सीमा नाघेको छ।

देशमा उद्योगधन्दा सञ्चालन गर्न सरकारको ध्यान पुगेको छैन। दैनिकरुपमा वैदेशिक रोजागारीमा जाने नेपालीहरुको शव नेपाल भित्रिन्छ तर पनि सरकार संवदनशील छैन। देशभित्र नै रोजगारीको वातावरण सृजना गर्न नसक्दा देश बेरोजार उत्पादन गर्ने कारखानको रुपमा चित्रित हुँदासमेत सरकार सञ्चालन गर्नेहरुले यो विषयलाई गम्भीरताका साथ लिन सकेका छैनन्। उल्टै धमाधम मन्त्री थप्ने र झन्डा फहराउने खेलमा मात्र सरकार लागेको छ।

स्पष्ट योजना र लक्ष्यसहित नीति तथा कार्यक्रम ल्याएर सरकारले मन्त्रिमण्डल ठूलो बनाएको भए जनताले सहजरुपमा स्वीकार गर्न पनि सक्थे। तर विनायोजना स्वेच्छाचारी ढंगले मन्त्री थप्ने मनोवृत्ति सरासर गलत छ। योजना निर्माण गर्न नसक्ने, रातदिन मन्त्री मात्रै थपिरहने, यो सोच र चिन्तनले नेपाली समाजलाई कहाँ पुर्‍याउला ? विकास बजेट खर्च अपेक्षाअनुसार हुन सकेको छैन। विकास बजेट फ्रिज हुने गरेको छ। यता राज्यलाई घाटा हुने गरी जम्बो मन्त्रिमण्डल बनाएर लोकलाई हँसाउने काम भएको छ।

सरकारले चालेको कदम बेठिक छ। अब जनस्तरबाट यो कुरा जोडतोडले उठ्न जरुरी छ। संक्रमणकालीन व्यवस्थाको दुरुपयोग गर्दै मन्त्री मात्रै थपेर जनताको चाहना विपरीत चल्ने छुट सरकारलाई छैन। हरेक कुराको सीमा हुन्छ, सीमा नाघ्ने काम सरकारले गर्नुहुँदैन। निर्वाचन आयोगले आचारसंहिता विपरीत मन्त्री नियुक्त गरिएको भन्दै सच्याउन निर्देशन दिएको छ। मन्त्री थप्दा सच्याउन आयोगले निर्देशन दिनु सरकारलाई लज्जाबोधको विषय हो।

> संक्रमणकालीन व्यवस्थाको दुरुपयोग गर्दै मन्त्री मात्रै थपेर जनताको चाहना विपरीत चल्ने छुट सरकारलाई छैन। हरेक कुराको सीमा हुन्छ, सीमा नाघ्ने काम सरकारले गर्नुहुँदैन। निर्वाचन आयोगले आचारसंहिता विपरीत मन्त्री नियुक्त गरिएको भन्दै सच्याउन निर्देशन दिएको छ। मन्त्री थप्दा सच्याउन आयोगले निर्देशन दिनु सरकारलाई लज्जाबोधको विषय हो।

देशमा अनियमितता र भ्रष्टाचार दिनहुँ बढ्दै गएको छ। यतातिर सरकारको ध्यान किन जान सकिरहेको छैन ? सरकारले किन जनमतको अपमान गर्दै अगाडि बढ्न खोजिरहेको छ ? के सत्ताको बागडोर सम्हालेपछि जनमतको सम्मान गर्नु नपर्ने हो ? सरकारले राज्यलाई बोझ हुने गरी गर्ने निर्णय हरेक जनतासँग जोडिन्छ। किनकि राज्यलाई तिरेको करबाट नै मन्त्रीहरु झन्डावाल गाडीमा हुइँकिने हुन्। इतिहासमा नै देउवा नेतृत्वका सरकारमा किन जम्बो मन्त्रिमण्डल विस्तार गर्ने बाध्यता आइलाग्यो। यसको जवाफ जनतालाई सरकारले दिनुपर्छ। सरकार आफैंले जिम्मेवारीबोध गर्ने हो कि नागरिकले गराउनुपर्ने हो ?

जति भाँडो उत्तिकै चुपुर्को भन्ने उखानझैं अहिले देशमा बढेको बेराजगारीको समाधान मन्त्रिमण्डलको संख्या बढाएर मात्र हुन सक्दैन। मन्त्रिमण्डल ठूलो बनाउनु समस्याको समाधान होइन। योजना र दृष्टिकोणले मात्र देशलाई सही गन्तव्यमा पुर्‍याउन सक्छ। सरकारले भन्न सक्नुपर्छ, के अहिलेको मन्त्रिमण्डलले देशमा रहेको गरिबी हटाउन सक्छ ? राष्ट्रको काम गर्ने तौरतरिका सही ढंगले अगाडि नबढाउने हो भने अहिले जनतामा देखिएको आक्रोश सधैं सम्हालिएर बस्छ भन्न सकिन्न।

सरकारमा गएर जनताको सेवा गर्ने हो भन्ने सोच नपलाउँदासम्म मन्त्री बन्नेको अझै पनि लर्को लागिरहने देखिन्छ। मन्त्री हुनेबित्तिकै सरकारले दिने सेवा-सुविधा र रवाफको कारण मन्त्री बन्न मरिहत्ते गरेर लाग्ने गरेका छन्। जे गर्दा पनि जनता चुप लागिहाल्छन् भन्ने गलत सोच र चिन्तन हटाउनुपर्छ। जनमतको अपमान गर्ने अधिकार सरकार चलाउनेलाई हुन सक्दैन।

## पाठक पत्र

### माओवादी शक्ति एकजुट होऔं

टुटफुट र विभाजन होइन, एकता र क्रान्तिको बाटो रोज्न अब माओवादीले कदम चाल्न जरुरी भएको छ। विभिन्न प्रशिक्षणमा म पनि सहभागी भएको मान्छे हुँ। हिजो तपाईंहरुको प्रशिक्षणमा बस्दा पाएको शिक्षाले अहिलेसम्म असर पारेको छ। समाजमा मौलाएको बेथिति, अत्याचार, सामाजिक भेद्भाव र हुनेखाने वर्गहरुको थिचोमिचोको अझै पनि अन्त्य भएको छैन। तपाईंहरु राजधानीमा मस्त निदाएको बेला यो देशको कुनाकन्दराका आमा, बाबा र चेलीहरु दिनहुँ सामन्तीहरुको निशानामा अन्याय सहन बाध्य छन्। यस्ता समाचारहरु तपाईंहरुले पनि सुनिराख्नु भएकै होला टेलिभिजनमा। ती दर्दनाक दृश्य देख्दै हुनुहोला। किन तपाईंहरुमा यस्तो अहमता देख्दै छौं हामी ? किन बाटो देखाएर हामीलाई बीचैमा छाड्नुभयो ? के यही हो जनवादी समाज व्यवस्था ?

हिजो १० वर्षसम्म सँगै रहेर, एउटै योजनामा, एउटै उद्देश्यमा जनयुद्ध लड्ने सिपाही र त्यही जनयुद्धको योजना बनाउने तिमी नेताहरूले अब पनि विगतको गल्तीलाई आत्मसात् गरेर पुन: एउटै बाटोमा हिंड्ने बाचा गरेनौ भने, हेर्दै जाऊ, तिमीहरु कसैको पनि यहाँ अस्तित्व रहँदैन, यो निश्चित हो। जनताले तिमीहरुलाई धिक्कार्नेछन्। तिमीहरुप्रतिको माया र विश्वास तोड्नेछन्। कमरेडहरु, यो विषयलाई गम्भीरतापूर्वक सोचौं। आदरणीय कमरेडहरु, माओवादी आन्दोलनको माग पनि एकता र संघर्ष नै हो। हिजोका महान् शहीदहरु जसले हाँसी-हाँसी यो व्यवस्थाका विरुद्ध मृत्यु स्वीकार गरे, आज तिनले देखाएको बाटोमा हिँड्न किन खुट्टा कमाउँदै छन्, हाम्रा नेतागणहरु ? के हिजोका अधुरा सपनाहरु अब खरानी नै हुने हुन् त ? किन झुट्टो आशामा बाँच्न सिकायौ तिमीहरुले शोसित, पीडित जनतालाई ? किन क्रान्तिको भाषा बोल्न सिकायौ, आवाजविहीनहरुलाई ?

हो, तिमीहरुले अब आ-आफ्नो बाटो मोडेर क्रान्तिकारी जनताको साथ छोड्यौ भने, क्रमश: एक्लिँदै जाने निश्चित छ। त्यसैले जुटौं पुन: एकताको पक्षमा। मिलौं अनि गरौं अधुरा बाचाहरु पूरा गर्ने बाटोको त्यो महान् यात्रा। यहाँ फुटेर कमजोर भइन्छ। स्थानीय तहको निर्वाचनले पनि फुटेर हैन जुटेर अघि बढ्न माओवादीलाई प्ररणा दिएको छ। यदि नफुटेको भए अहिले पहिलो दल बन्ने निश्चित थियो। आफ्नै कारणले हार बेहोर्नुपर्दा पीडा हुन्छ। विशेष गरी पूर्वजनमुक्ति सेनाका सुप्रिम कमान्डर प्रिय प्रचण्ड, दार्शनिक गुरु किरण, युवा अनि जुझारु नेता विप्लव, हिजोको क्रान्तिमा लामो समय संघर्ष गरेका डा. बाबुराम भट्टराईलगायत सबै शीर्ष नेतृत्वहरुसँग आवाजविहीन जनताका, भोका, नाङ्गा जनताको एउटै चाहना छ- के तिमीहरु मिलेर क्रान्तिको बाटोमा अझै हिँड्न सक्छौ ? हो, अहिलेको स्थानीय निर्वाचनमा हामी कोही बहिष्कारमा देखियौं, संसदीय व्यवस्थामा हिँडेर परिवर्तन खोज्नेहरु कोही त्यहींबाट संघर्षको तयारीमा जुटे। तर न त संसदीय बाटोमा हिँड्नेहरुलाई जनताले विश्वास गरे, न बहिष्कारलाई नै समर्थन गरे।

वास्तवमा जनताले माओवादी एकताको आह्वान गरेका छन्। यो मत निर्वाचनको अवस्थालाई हेर्दा, अनि किन र केको लागि क्रान्तिमा होमिन सकेका छैनौ तिमीहरु ? आमगरिब, शोषित, पीडित, घाइते, अपांग, बेपत्ता अनि सिउँदो पुछिएका आमशहीद परिवारको माग हो, यसलाई सबैले आ-आफ्नो स्थानबाट महसुस गरेर एकताको बाटो रोजौं। सबै कमरेडहरु अब संघर्षको बाटो एउटै बनाएर हिँडौं। यदि बेलैमा बुद्धि नपुर्‍याए सबैको बाँकी राजनीतिक भविष्य देखिँदैन। चाहे नयाँ जनवादी क्रान्तिको बाटो होस् या एकीकृत जनक्रान्तिको बाटो, या त संसदीय व्यवस्थामा लिप्त भएर बस्ने काम कुनै पनि सफल हुनेछैन।

*-पंकज श्रेष्ठ (पूर्व जनमुक्ति सेना), काठमाडौं*

### दशैंको भन्दा पनि चुनावको बढी चासो

हिन्दूहरुको महान् पर्व बडादशैंले सबैको घरआँगन चुमिसकेको छ। दशैंको रमझमसँगै तराईको प्रदेश नं. २ मा सोमबार स्थानीय निकायको तेस्रो चरणको चुनाव पनि सम्पन्न भएको छ। सपन्न भएको उक्त चुनावको नतिजा आउने क्रम पनि जारी छ।

यस वर्षको दशैं-तिहार आमनेपालीले भव्यताका साथ मनाउन पाउने कुरा भने पक्का छ। जनताले लामो समयदेखि संघर्ष, बलिदान र त्याग गरेर भित्र्याएको संविधान र यसको कार्यान्वयनको महत्वपूर्ण खुड्किलो पूरा हुने सम्भावना देखिएको छ। अबको केही महिनामा जनताले नेपालको नयाँ संविधान कार्यान्यिन भएको देख्न पाउनेछन्। त्यसैले स्थानीय तहको चुनाव सम्पन्न भएसँगै प्रदेशको चुनावको तयारी पनि अहिले गाउँघरमा देखिन लागिसकेको हामीले महसुस गर्न थालिसकेका छौं ।

दशैं-तिहार मात्र नभई आमजनताले लामो समयदेखि अपेक्षा गरेर बसेको संविधान कार्यान्यिन हुने दिन पनि दशैं-तिहारभन्दा कम महत्वपूर्ण होइन भन्दा फरक नपर्ला। कस्तो उम्मेदवार, कुन पार्टीको उम्मेदवार अदि विषयहरु अहिले धेरै चर्चामा रहेका छन्। यससँगै देशको विकासको गतिलाई कसरी अगाडि बढाउने र कसरी निकास दिलाउने भन्ने विषयमा पनि उत्तिकै चर्चा चुलिएको हामीले प्रस्टै देख्न सक्छौं।

आगामी मंसिरमा सम्पन्न हुने भनिएको निर्वाचनको तयारी पनि तीव्ररुपमा शुरु हुन लागेको छ। मंसिर १० र २१ दुई चरणमा हुने भनिएको चुनावलाई लिएर नेताहरु पनि आफ्नो रणनीति तय गर्नमा व्यस्त छन् भने जनता पनि मतदान गर्न अझै आतुर देखिएका छन्। त्यति मात्र नभई विदेशमा रहनुभएका नेपाली दाजुभाइ तथा दिदीबहिनीले विदेशबाट नै भोट हाल्ने अवसर उत्पन्न गराइदिन सरकारलाई आग्रह पनि गरेको सुन्नमा आएको छ।

यसले के देखाउँछ भने, नेपाली जनतालाई नेपालको महान् चाड दशैंको भन्दा पनि संविधान कार्यान्यिन, मंसिरमा हुने चुनाव र देश विकासको धेरै चिन्ता रहेको देखिएको छ। त्यसैले सरकारले पनि जनताका इच्छालाई पूरा गर्नेछ भन्ने जनताले अपेक्षा गरेका छन्। हुन त अहिले चुनावको चर्चासँगै भित्रिन लागेको बडादशैंको पनि उत्तिकै महत्व छ। आवश्यक सामग्री किनमेल, खसी-बोकाको व्यवस्था, टिकट बुकिङजस्ता कुराका लागि मानिसको बाक्लो हुल देखिन थालेको छ। दशैं-तिहार सकिनासाथ पुन: चुनावको माहोल बढ्नेछ। यसो हेर्दा दशैंभन्दा पनि जनतालाई चुनावको चासो बढी हुने गरेको देखिएको छ। त्यसैले आगामी चुनावहरु पनि धाँधलीरहित होस्।

*- हरि अधिकारी, हेटौंडा*

### सामाजिक सञ्जाल



देशका ८५५ बालबालिका पढ्ने सार्वजनिक स्कुलको पक्षमा बोल्नका लागि संसद्मा १ जना पनि छैनन्। निजी स्कुलको हितमा बोल्न १ दर्जन प्रभावशाली सांसद छन्।

**Rajendra Dahal**
**@RDahal62**




दुई दिन भइसक्यो। देउवाजीले नयाँ मन्त्री नै थप्नुभाको छैन। के यो देशाँ मन्त्री हुन लायक मान्छेहरू सकिइसकेका हुन् ?

**Rabi Mishra**
**@rabimishra**



एउटै आमाबुबाका छोराछोरी, तर तिनै आमा वा बुबाको मृत्यु हुँदा छोरालाई लाग्ने जुठो र छोरीलाई लाग्ने जुठोमा कति धेरै भिन्नाता।

**Shrutina Dhanchha**
**@SDhanchha**

{ धादिङको विकट गाउँदेखि यौन शोषणको उद्देश्यले ल्याइएका १ जना नाबालक पीडित समेत सोही कोठाबाट तत्काल उद्धार गरिएको छ भने केन्डलरलाई बाल यौन दुराचार साथै मानव बेचबिखन तथा ओसारपसार मुद्दाअन्तर्गत काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ।

# पेडोफिल खोज्न ठमेलमा सीआईबीको निगरानी

सुरेश तामाङ, काठमाडौं

पेडोफिल अर्थात् बाल यौन दुराचारी खोज्न ठमेलको पर्यटकीय क्षेत्रलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले कडा निगरानीमा राखेको छ।

पछिल्लो समय लगातारजस्तो पर्यटकका रूपमा आउने विदेशी पेडोफिलहरूले नेपाली नाबालकलाई बाल यौन दुराचार गरेको घटना ठमेल क्षेत्रमा बढ्न थालेपछि सो क्षेत्रलाई कडा निगरानीमा राखेको सीआईबीले जनाएको छ।

सीआईबीका एक अनुसन्धान अधिकृतका अनुसार विकट गाउँदेखि गरिब बालकहरू ल्याउने साथै सडक बालकहरूलाई पनि बटुल्दै तिनीहरूलाई ललाई फकाई यौन दुराचार गर्ने थलो पछिल्लोपटक बाल यौन दुराचारीहरूले ठमेललाई बनाएका छन्।

त्यसैले ठमेल क्षेत्रलाई सीआईबीले निगरानीमा राखेको उनको दाबी छ। 'हामीले पर्यटकको चहलपहल हुने क्षेत्र ठमेललाई पेडोफिलहरू खोज्न निगरानीमा राखेका छौं', उनले भने- 'त्यसका लागि हामीले विशेष सञ्जाल नै परिचालन गरिसकेका छौं।'

सीआईबीले ठमेल मात्रै होइन बौद्धक्षेत्र, नगरकोट, पोखरा, चितवनलगायतका पर्यटकीय क्षेत्रलाई समेत निगरानीमा राखेको छ। प्रहरीको अन्तर्राष्ट्रिय संगठन इन्टरपोलको आग्रहमा पेडोफिल खोज्ने, समात्ने, दुराचारमा परेका पीडितहरू खोज्नका लागि सहयोग गर्न पनि सीआईबीले ठमेललगायतका पर्यटकीय क्षेत्रलाई विशेष निगरानीमा राखेको छ।

सीआईबीको पिलर ३ ले आफ्नै ढंगबाट शंकास्पद क्षेत्रहरूमा निगरानीका लागि विशेष गुप्त सञ्जाल तैनाथ गरिसकेको जनाएको छ। पर्यटकीय हबका रूपमा विकास भइरहेको नेपालमा यौन पर्यटन विशेष गरी बाल यौन दुराचारको हब बन्न नदिन सीआईबी प्रयासरत छ।

विकट गाउँमा समाज सेवाका लागि जाने र गरिब परिवारका बालकहरूलाई लाउन खान दिने, बालकलाई पेडोफिलले आफूप्रति सामीप्यता कायम गर्न बालकलाई मन पर्ने महँगा वस्तु किनिदिने, मन परेको खानेकुरा दिनेजस्ता कार्य गर्दै आइरहेको अनुसन्धानले देखाएको छ।

त्यस्तै पेडोफिलहरूले बालकलाई यौन दुराचार गर्ने उद्देश्यले घुमाउने भन्दै काठमाडौंमा ल्याउने र होटलमा राखेर यौन दुराचार गर्ने गरेको अनुसन्धानमा खुलेको छ। पेडोफिलरुको बालक लिएर घुम्ने ठाउँ ठमेल, बौद्ध, नगरकोट, पोखरा, चितवनलगायतका पर्यटकीय क्षेत्रहरू समेत बनेको अनुसन्धानबाट थाहा हुन आएको छ।

सीआईबीले मात्रै गएको वैशाखदेखि बाल यौन दुराचारको आरोपमा चार जना विदेशीलाई पक्राउ गरिसकेको छ। ७ जना बालकलाई यौन दुराचार गरेका अमेरिकन केनेथ जोसेफ कोम्बस र उनका सहयोगी नेपाली नागरिक बुद्ध पुतुवार, त्यस्तै जर्मन नागरिक अल्वर्ट फ्रेड क्लिनेक र अस्ट्रियाली नागरिक मार्कस केन्डलर गरी चार जनालाई पक्राउ गरेको हो।

केनेथ अहिले ९ वर्षका लागि जेल जीवन बिताइरहेका छन् भने उनका सहयोगी पुतुवार ४ वर्षका लागि जेलमा परेका छन्। त्यस्तै जर्मन नागरिक क्लिनेक पुर्पक्षका लागि थुनामा छन् भने केन्डलर यही भदौ २१ मा १ बालकसहित पक्राउ परेका थिए।

धादिङको विकट गाउँदेखि यौन शोषणको उद्देश्यले ल्याइएका १ जना नाबालक पीडित समेत सोही कोठाबाट तत्काल उद्धार गरिएको छ भने केन्डलरलाई बाल यौन दुराचार साथै मानव बेचबिखन तथा ओसारपसार मुद्दाअन्तर्गत काठमाडौं जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ।

जबरजस्ती करणीअन्तर्गत उक्त बाल यौन दुराचार अपराधमा अधिकतम १३ वर्ष कैद सजाय तथा पीडितलाई मनासिव क्षतिपूर्ति समेत भराउने र परिवारको अनुमति नलिई ललाई फकाई लैजाने भएर यौन दुराचारीलाई मानव बेचबिखन तथा ओसारपसारको मुद्दाअन्तर्गत थप सजायसमेत हुने कानुनी व्यवस्था रहेको छ।

# कार्यकारी अधिकृतले मन्त्रालयलाई टेरेनन्

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत धनिराम शर्मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग स्वीकृत नलिई विदेश भ्रमणमा जानुभएको छ।

कार्यकारी अधिकृतको कार्यभार सम्हालेपछि उहाँ मन्त्रालयको सहमति नलिईकन नै दोस्रोपटक विदेश भ्रमणमा जानुभएको हो। उहाँ यसअघि दक्षिण कोरिया भ्रमणमा जानुभएको थियो। अहिले उहाँ स्पेन भ्रमणमा रहनुभएको छ। कामपाका मेयर विद्यासुन्दर शाक्यले दुवै भ्रमणमा कार्यकारी अधिकृत शर्मालाई लैजानुभएको हो। कार्यकारी अधिकृत विदेश भ्रमणमा जाँदा तालुकदार मन्त्रालयसँग सहमति लिनुपर्ने कानुनी व्यवस्था छ। तर उहाँले मन्त्रालयसँगै स्वीकृत नै नलिई विदेश भ्रमणमा निस्कनुभएको हो।

मेयरले उहाँको टिप्पणी स्वीकृत गर्दा मन्त्रालयको सहमति लिएर मात्रै भ्रमणमा जाने उल्लेख गरिएको कामपा स्रोतले जनाएको छ। कोरिया भ्रमण गएको दुई दिनपछि स्पेनसँग भगिनी सम्बन्ध कायम गर्न भन्दै मेयर शाक्यसहितको टोली स्पेन गएको हो।

मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले कार्यकारी अधिकृत विदेश भ्रमणमा जाँदा स्वीकृत लिनुपर्ने व्यवस्था थियो। तर मेयरले भ्रमणमा सहभागी गराउने भनेपछि बिदा स्वीकृत नलिन पनि सकिन्छ। तर प्रवक्ताले उल्लेख गरेजस्तो मन्त्रालयसँग बिदा स्वीकृत नै नलिई भ्रमण जान मिल्ने भन्ने कतै उल्लेख गरेको छैन।

# अनुगमनमा २८ मरेका खसी फेला परे

नेपाल समाचारपत्र

काठमाडौं

पशुपन्छी विकासमन्त्री सन्तकुमार थारू नेतृत्वको अनुगमन टोलीले काठमाडौंको नागढुंगाबाट २८ वटा मरेको खसी बोका बरामद गरेको छ। मन्त्रीसहितको टोलीले बिहीबार बिहान सवारी अनुगमन गर्दा मरेको खसीबोका फेला परेको हो। लामो दूरीको यात्रुवाहक बसमा चौपायाहरूलाई कोचेर ल्याउँदा मृत्यु भएको हुन सक्ने प्रहरीको अनुमान छ।

दशैंमा काठमाडौं भित्रिने चौपायाको अवस्था अध्ययन गर्न निस्किएका मन्त्री थारू नेतृत्वको टोलीले नेपालगन्जबाट काठमाडौं आउँदै गरेको यात्रु बसको उक्त खसीबोका बरामद गरेको हो।

यसैबीच काठमाडौं महानगरपालिकाको संयोजनको टोलीले आज शुक्रबारबाट राजधानीको खसीबोका अनुगमन गर्ने भएको छ। टोलीले कलंकी, खसीबजार, बिजुलीबजार र बालाजुको बिक्री गर्ने स्थानमा अनुगमन गर्ने भएको छ। खसीबोकाको स्वास्थ्य परीक्षण गरेपछि मात्रै खसी बिक्री गर्न अनुरोध गरेको कामपासहितको ५ सदस्यीय टोलीले खसीबोकाको स्वास्थ्य परीक्षण गर्ने भएको छ। टोलीमा जनस्वास्थ्य कार्यालय, भेटेनरी चिकित्सक, कामपा र प्रहरी रहने छ। टोलीले स्वास्थ्य परीक्षण गरी स्वस्थ खसीबोकाको सिङमा हरियो र अस्वस्थको सिङमा रातो रङ लगाउने भएको छ।

कामपा जनस्वास्थ्य महाशाखा प्रमुख हरिकुमार श्रेष्ठले महानगरबासी सबैलाई खसीबोकाको सिङ हेरेर मात्रै खरिद गर्न समेत अनुरोध गरेको छ। स्वास्थ्य परीक्षण गर्ने टोली बिहान ५ देखि राति ८ बजेसम्म परिचालन हुनेछन्। टोलीले बिक्री केन्द्रमा राखिएका सम्पूर्ण खसीबोकाको स्वास्थ्य परीक्षण गर्नेछ।

# शिक्षा ऐन संशोधन फिर्ता लिन माग

नेपाल समाचारपत्र

काठमाडौं

संयुक्त विद्यार्थी संगठनले शिक्षा ऐन नवौं संशोधन सरकारले तत्काल फिर्ता नलिए संघर्षमा उत्रिने चेतावनी दिएका छन्।

बिहीबार संयुक्त विद्यार्थी संगठनले राजधानीमा पत्रकार सम्मेलन गरेर सहमतिबेगर विद्यार्थीको भावनाविपरीत शिक्षा ऐन संशोधन गरिएको भन्दै तत्काल संशोधन फिर्ता लिन माग गरेका हुन्।

कार्यक्रममा नेविसंघका अध्यक्ष नैनसिंह महरले नवौं शिक्षा ऐन संशोधनले शैक्षिक गुणस्तर बढाउनेभन्दा पनि शिक्षा क्षेत्रमा विकृति फैलाउने बताउनुभयो। अनेरास्ववियुका अध्यक्ष नवीना लामाले शिक्षामा गुणस्तरीयता ल्याउने नाममा शिक्षा विधयेक ल्याइएको भन्दै तत्काल फिर्ता लिन सरकारसँग माग गर्नुभयो।

नेपाल लोकतान्त्रिक विद्यार्थी फोरमका अध्यक्ष कपलेश्वर यादवले आफूले उठाएका जायज माग समयमै पूरा नगरिए सडक आन्दोलन थाल्ने चेतावनी दिनुभयो।

अखिल छैटौंका अध्यक्ष विमल पोखरेलले आन्दोलनमाथि ऐक्यबद्धता जनाउँदै राष्ट्रपतिलाई विधेयक संसद्मै फिर्ता पठाउन आग्रह गर्नुभयो। अखिल पाँचौंका अध्यक्ष घनश्याम मिश्रले शिक्षा ऐन विद्यार्थी हकहितको विरोधमा रहेको भन्दै आपत्ति जनाउनुभयो।

संयुक्त विद्यार्थी संगठनद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ- 'शिक्षा ऐनको नवौं संशोधनले सार्वजनिक शिक्षाको क्षेत्रमा झनै विकराल समस्या निम्त्याउने निश्चित छ, प्रतिस्पर्धी जनशक्तिको आगमनमा बन्देज लगाउने गरी आएको नवौं संशोधनले सार्वजनिक शिक्षाको गुणस्तर झनै खस्कने निश्चित छ।'

संयुक्त विद्यार्थी संगठनले असोज ६ गते प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, असोज ७ गते शीर्ष नेतालाई ज्ञापनपत्र बुझाउने, असोज ८ गते देशभरका विद्यालयमा कालो झन्डा गाड्ने, विज्ञ सम्मिलित सडक बहस गर्नेलगायतका आन्दोलनका कार्यक्रम घोषणा गरेका छन्।

# वनमारा झाडीको फोहोरबाट चारकोल उत्पादन शुरू

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुरको चित्तपोलमा वनमारा झाडीबाट चारकोल बनाउने प्रविधिको शुरुआत भएको छ। जंगलमा काम नलाग्ने र रुखबिरुवालाई समेत असर गर्ने खालका तितेपाती, उन्युँ, काले झार, रुखका स-साना हाँगाबिँगा, पातपतिङ्गरजस्ता फोहोर बायोमासबाट चारकोल बनाउने प्रविधिको शुरुआत भएको हो।

हिमालयन नेचुरल्स नामक संस्थाले ऊर्जाको मुख्य स्रोतका रूपमा त्यतिकै खेर जाने पैदावारलाई उपयोग गरी औद्योगिक खपत बढाउन चारकोल उत्पादन शुरू गरेको जनाएको छ। जंगललाई कुरूप बनाउने वनमारा, उन्युँ, कालेझारलाई विशेष प्रविधि रिट्रोटभित्र ४ र ५ घण्टासम्म नियन्त्रित तापक्रममा तताई त्यसमा भएको पानीको भाग र अन्य हानिकारक ग्यास बाहिर निकाली बल्ने क्षमता भएको पदार्थ मात्र बाँकी रहेको कोइलालाई चारकोलका रूपमा प्रयोगमा ल्याउन सकिने हिमालयन नेचुरल्सका प्रबन्ध निर्देशक सुशील ज्ञवालीले जानकारी दिनुभयो।

नेपालमा १८ हजारभन्दा बढी सामुदायिक वन रहेको र त्यस्ता सामुदायिक वनको झाडी सफाइ गर्न वर्षेनी लाखौं रुपियाँ खर्च हुने गरेकामा त्यसलाई प्रयोग गरेर चारकोल निर्माण गर्न सके राज्य र नागरिकले रोजगारी प्राप्त गर्न सक्ने संस्थाले जनाएको छ।

स्थानीय स्तरमा रोजगारी सिर्जना हुनुका साथै वातावरण प्रदूषण न्यूनीकरणमा योगदान पुग्ने, जंगलको अवस्थामा सुधार आउने र वन जंगलमा आगलागी नियन्त्रणमा टेवा पुग्ने भएकाले राज्यले यस्ता प्रविधिलाई प्रोत्साहन गर्नुपर्ने संस्थाका सञ्चालक गोपाल शर्माले जानकारी दिनुभयो। चारकोलको प्रयोग बढाउन सकिएमा कोइला आयातमा वार्षिक १२ अर्बभन्दा बढी रकम विदेसिनबाट रोक्न सकिने उहाँले बताउनुभयो।

नेपालमा वन पैदावार, शहरबजार एवम् घरायसी र औद्योगिक प्रतिष्ठानबाट निस्कने जैविक फोहोरबाट चारकोल, ब्रिकेट निर्माण गरी कोइला र इन्धनको खपतलाई न्यून गर्न सकिने प्रशस्त सम्भावना रहेको ज्ञवालीले बताउनुभयो।

उहाँले भन्नुभयो- 'चारकोल कोइलाभन्दा निकै सफा इन्धनको स्रोत भएकाले यसको प्रयोगले घरभित्रको प्रदूषण पनि कम हुन्छ। चारकोलले खेतबारीमा फस्फोरस ब्याक्टेरियाको संरक्षण गर्छ र पानीमा चिसोपना कायम राख्न पनि यो उपयोगी हुन्छ।'

उहाँले चारकोल धूवाँरहित र गन्धरहित हुने भएकाले प्रयोगकर्ताको स्वास्थ्यमा श्वासप्रश्वाससम्बन्धी समस्या नहुने र दाउरा, ग्यासभन्दा निकै सस्तो पर्ने जानकारी दिनुभयो। चारकोल हलुका र हेर्दा कोइलाजस्तै देखिने भए पनि यसमा साधारण कोइलामा भन्दा बढी ताप दिने शक्ति हुन्छ।

भक्तपुरमा यो प्रविधिको शुरुआत गर्न करिब एक करोड खर्च भएको संस्थाले जनाएको छ। दिगो, सुलभ, सुरक्षित एवं वातावरणमैत्री प्राकृतिक उत्पादनहरूको आपूर्ति गरेर अग्रणी सामाजिक उद्यम बन्ने संस्थाले लक्ष्य लिएको बताउँदै सम्पूर्ण मूल्य शृंखलामा संलग्न भएर समुदायले नै गुणस्तरीय उत्पादन गर्न सक्ने व्यवस्था गरी त्यस्ता उत्पादनहरूको बजार विकास गर्ने उहाँले बताउनुभयो।

ब्रिकेटको सीमित बजारको चुनौतीलाई चिर्न तन्दुरी, सेकुवालगायत साना उद्यम जस्तै डेरी, जुजु धौ, चाउमिन, पोल्ट्री फर्मलगायतमा इन्धनका रूपमा प्रतिस्पर्धी मूल्यमा जानका लागि मेसिनबाट सस्तोमा प्यालेट उत्पादन शुरू गरेको हो।

# दोलखामा पराकम्प

काठमाडौं, (नेस)

बिहीबार दिउँसो दोलखा केन्द्रविन्दु भएर भूकम्प गएको छ। दिउँसो १ बजेर ४ मिनेटमा दोलखाको जिरी आसपास केन्द्रविन्दु भएर ४ दशमलव ६ रेक्टर स्केलको पराकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ। सो पराकम्प दोलखासहित आसपासका जिल्लामा प्रस्ट महसुस गरिएको थियो।

बिहीबारको सो पराकम्प २ वर्षअघिको महाभूकम्पको परकम्पको निरन्तरता भएको केन्द्रले प्रस्ट्याएको छ। यससँगै २०७२ वैशाख १२ गतेपछि ४ रेक्टर स्केलभन्दा माथिका ४ सय ८७ वटा परकम्प दोहोरिएको केन्द्रको तथ्यांक छ।


## अनलाईन बोलपत्र आह्वानको सूचना
## बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

(प्रथम पटक सूचना प्रकाशन मिति २०७४।०६।०६)

यस प्रतिष्ठानमा तपसिलका सामानहरू बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि इजाजतपत्र प्राप्त आपूर्तिकर्ताहरूबाट नवीकृत फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७२।०७३ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित अनलाईन बोलपत्र आव्हान गरिएको छ। अनलाईन बोलपत्र सम्बन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फारम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्बन्धी वेबसाइट www.bolpatra.gov.np मा राखिएको छ। सोही सूचना, शर्त आदिको आधारमा अनलाईन बोलपत्र मिति २०७४।०७।०५ गते दिनको १२:०० बजे (तदनुसार अक्टुबर २२, २०१७) भित्र पेश गर्न सूचित गरिन्छ। (नोट: अनलाईन बोलपत्र खोल्ने मिति, समय: २०७४।०७।०५ गते अपरान्ह २:०० बजे, स्थान: प्रतिष्ठानको मुख्य कार्यालय धरान)।

| सि.नं. | बोलपत्रको बिवरण | फारम दस्तुर | अनलाईन बोलपत्र आह्वानको सूचना नं. |
|---|---|---|---|
| १. | Tender for Dental Chair Spare Parts | रू. ३०००।- | BPKIHS/074/075/175 |


## सिनेमा कर्नर











## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ

प्रस्थान दिउँसो २ बजे

केन्द्रीय कार्यालय, कलंकी

सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : पढाइ, जागिर, मुद्दामामिलामा विजय, धनलाभ, मान-सम्मान।

**वृष** : कार्य सिद्धि, सुखसन्तोष, पढाइमा सफलता, पैसा प्राप्ति, विजय।

**मिथुन** : दिनचर्या अस्तव्यस्त, पारिवारिक झमेला, मध्याह्नदेखि कार्यसिद्धि।

**कर्कट** : द्रव्यलाभ, प्रगति तर दिउसोबाट अस्वस्थता, तनाव बढ्ने।

**सिंह** : धनलाभ, उपहार, कोसेली, खाद्य सामग्री प्राप्त, कार्य सफल।

**कन्या** : काम बन्ने, धनलाभ, व्यापारिक सफलता, परीक्षामा सफलता।

**तुला** : शुरुमा विवाद, खर्च भए पनि मध्याह्नदेखि लाभ, सुख-शान्ति।

**वृश्चिक** : द्रव्यलाभ, मिष्ठान्न भोजन, सुख तर मध्याह्नबाट राम्रो छैन।

**धनु** : समय शुभ छ, आाटेको काम पूरा हुने, धनलाभ, विद्याप्राप्ति।

**मकर** : राजनीतिमा सफलता, बोलीमा सफलता, कार्यसिद्धि, सुख-सन्तोष।

**कुम्भ** : मध्याह्नसम्म असफलता, त्यसपछि मान-सम्मान, राजनीतिक लाभ।

**मीन** : मान-सम्मान, धनलाभ, समस्या सुल्झने तर मध्याह्नदेखि कष्ट।

# नेपाल

हिमाली जिल्ला हुम्लामा हाडजोर्नीसम्बन्धी शिविर सञ्चालन भएको पहिलोपटक भएकाले हुम्लामा हाडजोर्नीका समस्या भएका बिरामीको संख्या धेरै भएकाले, यो शिविर उपयुक्त भएको समेत हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष नामग्याल तामाङले बताउनुभयो।

## हाडजोर्नी शिविरमा ६० जनाको अप्रेसन

**अर्जुन बोहरा सिमकोट, हुम्ला**



हुम्लाको सदरमुकाम सिमकोटमा निःशुल्क हाडजोर्नी स्वास्थ्य शिविर सम्पन्न भएको छ। नेपाल अर्थोपेडिक अस्पताल जोरपोटी काठमाडौं, रोटरी क्लब, स्विजरल्यान्डको आर्थिक सहयोगमा र हुम्ला उद्योग वाणिज्य संघ, जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा, उक्त शिविर सञ्चालन भएको हो। हिमाली जिल्ला हुम्लामा हाडजोर्नीसम्बन्धी शिविर सञ्चालन भएको पहिलोपटक भएकाले हुम्लामा हाडजोर्नीका समस्या भएका बिरामीको संख्या धेरै भएकाले, यो शिविर उपयुक्त भएको समेत हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष नामग्याल तामाङले बताउनुभयो।

नेपाल अर्थोपेडिक अस्पताल जोरपोटी काठमाडौंका विशेषज्ञ हाडजोनी डा. कैलाश भण्डारीको संयोजकत्वामा हुम्लाामा आएको टोलीले अहिलेसम्म ७४ जनाको निःशुल्क शल्यक्रिया गरेको समेत उपचारमा संलग्न डा. मंगल रावलले जानकारी दिनुभयो। ग्रामीण भेगमा रहेका विभिन्न बालकदेखि अशक्त जेष्ठ नागरिकसम्मका अपांगता भएकालाई मध्यनजर गर्दै स्वास्थ्य शिविर सञ्चालन गरेको नेपाल अर्थोपेडिक अस्पताल जोरपोटी काठमाडौंका प्रशासन प्रमुख श्याम रूपाखेतीले बताउनुभयो। सो शिविरमा १ हजार ६२ जनाभन्दा बढीको स्वास्थ्य परीक्षण गरिनुका साथै ५ लाख बराबरीको औषधिसमेत निःशुल्क वितरण गरिएको बताउनुभयो।

असोज २ गतेबाट सञ्चालन भएको शिविरमा अहिलेसम्म हुम्लाका विभिन्न गाउँबाट आएका घुँडाका समस्या भएका बिरामी, आगोले पोलिएर जोडिएका औंला, हात, खुटा भाँचिएर बांगोटिंगो भएका बिरामीको समेत सोझ्याउने र तत्कालै हातखुट्टा भाँचिएका बिरामीको समेत निःशुल्क अप्रेसन गरेको समेत रूपाखेतीले बताए। हुम्लामै नै अत्याधुनिक उपकरणद्वारा नै ४ जना विशेषज्ञ हाडजोनी डा. कैलाशकुमार भण्डारी, डा. क्यट्रिन हेगेन, डा मंगल रावल, र डा. मुक्ति तिमल्सिनालगायत १७ जानको टोलीले हाडजोर्नी निःशुल्क शिविर सञ्चालन गरेका छन्।

अहिलेसम्म हाडजोर्नीका बिरामी २ वर्षका बालकदेखि ८० वर्षसम्म जेष्ठ नागरिकको समेत हाडजोर्नीसम्बन्धी चेकजाँच गर्नुका साथै अप्रेसनसमेत गरेको छ। हुम्लामा नै पहिलोपटक हाडजोर्नी शिविर सञ्चालन भएपछि हाडजोर्नीसम्बन्धी उपचार आफ्नै घरमै भएकाले आर्थिक भार कम खर्च भएको सिमकोट गाउँपालिका-२ का उम्मरसिंह भण्डारीले बताउनुभयो।

असोज २ गतेबाट सञ्चालन भएको शिविर असोज ६ गते अर्थात् ५ दिनसम्म १ हजारभन्दा बढीका हाडजोर्नी बिरामीको उपचारसहित औषधि वितरण गरेको छ। जिल्लामा सञ्चालन गरेको शिविरमा ७४ जना हाडर्जोनीसम्बन्धी बिरामीको अप्रेसन गर्दा १ करोड २५ लाख खर्च जोगिएको नेपाल अर्थोपेडिक अस्पताल जोरपोटी काठमाडौंका प्रशासन प्रमुख श्याम रूपाखेतीले बताउनुभयो। हुम्लाबाट उपचार गर्नका लागि सुगममा रहेका अस्पतालमा उपचार गर्न जाँदा एक लाखजति खर्च हुने अवस्थामा अहिले खर्च जोगिएको उपचारमा संलग्न उम्मरसिंह भण्डारीले बताए। हुम्लाको सदरमुकाम सिमकोटमै हाडर्जोनी शिविर सञ्चालन गर्दा ३५ लाख लागत लागेको समेत नेपाल अर्थोपेडिक अस्पतालका प्रशासन प्रमुख रूपाखेतीले बताउनुभयो। एकातिर बिरामीलाई उपचारमा लैजान आर्थिक अभावकै कारणले एक मात्र यातायात हवाई सेवा भएकाले पनि उडान भाडामै महँगो रकम खर्च हुनाले पनि हुम्लाका अधिकांश बिरामी उपचार नपाएर अकालमै ज्यान गुमाउनुपरेको छ।

## सडक मर्मत नहुँदा जाजरकोटबासीलाई सास्ती

**दीपेन्द्र शर्मा, जाजरकोट**

सदरमुकाम खलंगाको न्युरोड नजिक १ महिनाअघि भत्किएको सडक मर्मत हुन नसक्दा जाजरकोटबासीलाई सास्ती भएको छ। भेरी नगरपालिका-३ न्युरोडमा पहिरो जाँदा १ महिनादेखि यातायात अवरुद्ध छ। जाजरकोट-डोल्पा सडकको खलंगा-रिम्ना खण्डअन्तर्गत सदरमुकामको न्युरोड नजिक पहिरोले भत्किएको सडक नबन्दा स्थानीयबासीले सास्ती व्यहोरेका हुन्। उक्त खण्डमा यातायात अवरुद्ध हुँदा यात्रुहरू खलंगादेखि रिम्नासम्म ५ घण्टा पैदल हिँड्न बाध्य छन्।

सडकको मर्मत नहुँदा व्यापारीलाई दैनिक उपभोग्य वस्तु ओसारपसारमा पनि समस्या छ। वैकल्पिक सडकको पहल नहुँदा पैदल यात्रीलाई समेत आवतजावतमा जोखिम भएको छ। लामो समयसम्म पनि भत्किएको सडकको पुनर्निर्माणका लागि सम्बन्धित निकायले वास्ता नगरेको भेरी नगरपालिका-३ थाप्लेका शिवप्रसाद शर्माले बताए। 'सबै आउँछन् भत्किएको सडक हेर्छन् जान्छन् मर्मतको कुनै पहल गर्दैनन्, समयमा यसको बारेमा सरोकारवाला निकायले ध्यान नदिँदा अझै बिग्रिने खतरा छ' -उनले भने। सडक मर्मत नहुँदा सबैभन्दा बढी बिरामी मारमा परेको शर्माले बताए। 'सरोकारवाला निकायले यसमा चासो नदिँदा जिल्ला अस्पतालमा बिरामी लिन सारै समस्या छ' -शर्माले भने। उक्त ठाउँमा पैदलरूपमा आवतजावत गर्नेलाई पनि कठिनाइ भएको छ। पहिरोका कारण बस्ती नै जोखिममा परेको छ। खलंगा-रिम्ना सडकको स्तरोन्नतिमा गुणस्तरीय काम नहुँदा पहिरो गई सडक भत्किएको शर्माको भनाइ छ।

बजार क्षेत्रका घरहरूको ढल निकास निकासको माध्यम सडक बन्दा बस्ती नै बग्ने गरी पहिरो गएको छ। रोजेन्द्र र जलजला जेभी काठमाडौंले न्युरोड क्षेत्रमा पर्खाल तथा ग्याबिनको काम गरेको थियो। सडक डिभिजन कार्यालय चौरजहारी रुकुमको चरम लापरबाहीले गुणस्तरमा बेवास्ता गर्दा क्षति व्यहोर्नुपरेको हो। खलंगा-रिम्ना सडक स्तरोन्नति कार्यका लागि १२ करोड लागतमा रोजेन्द्र जलजला जेभी काठमाडौंले जिम्मा लिएको थियो।

सदरमुकामको बाटोबाट रिम्ना जोड्न समस्या भएपछि यातायात व्यवसायीहरूले छिन्चु जाजरकोट सडक खण्डअन्तर्गत जाजरकोट खण्डको पासागाड जिरो प्वाइन्टबाट जाजरकोट डोल्पा जोड्ने कच्ची सडकमा जोखिम मोलेर भए पनि यातायात सञ्चालन गर्ने गरेका छन्। नेपाली सेनाले निर्माण जिम्मा लिएको उक्त सडक खण्डमा खाल्डाखुल्डीले गर्दा निकै समस्या भएको भेरी गंगा यातायात व्यवसायी संघ जाजरकोटका अध्यक्ष नवराज सिंहले बताए। सेवा दिने उद्देश्यले जोखिम मोलेर भए पनि ट्र्याक मात्र ओपन गरेको बाटोमा यातायात सञ्चालन गरिएको उनले बताए। 'बाटोभरि बिग्रिएको छ, आर्मीले पनि मर्मत गरेको छैन, सडकमा गाडी दैनिक रूपमा फस्ने गरेका छन्, निकास्न नै ३/४ घण्टा लाग्छ, यसले गर्दा समयमा यात्रुहरूलाई गन्तव्यमा पुऱ्याउन सकिँदैन' -उनले भने। सदरमुकामको बाटोको विकल्प नहुँदा बाध्य भएर नेपाली सेनाले ट्र्याक मात्र ओपन गरेको बाटोमा यातायात सञ्चालन गर्ने गरिएको सिंहले बताए। उक्त सडकको पासागाड जिरो प्वाइन्टदेखि कालेगाउँसम्म १८ स्थानमा सडक भत्किएको सिंहले जानकारी दिए।





नेपाली सेनाले निर्माणको जिम्मा लिएको उक्त सडकको स्तरोन्नति नहुँदा यात्रुले बसलाई डोरीले बाँधेर फसेको स्थानबाट तान्ने गरेका छन्। अन्य कुनै विकल्प नहुँदा जाजरकोटका पूर्वी क्षेत्र तथा डोल्पा र रुकुमबाट आउने यात्रु यही सडकमा यात्रा गर्दै आएका छन्।

## 'औषधि अभावमा पशु चौपाया मरे'

**वीरबहादुर बम, मुगु**

जिल्लाका ग्रामीण भेगका पशुचौपामा देखा परेको खोरेत रोगकै कारण पशुचौपाया मर्न थालेपछि कृषकहरू चिन्तामा परेका छन्।

साउन महिनाको अन्तिम साताबाट जिल्लाको उत्तरी भेगमा पर्ने सोरु गाउँपालिका-८ को गिलाह, रुमा-९ का कालै गाउँमा कृषकले पालेका भेडाबाखा गाई गोरुमा देखा परेको खोरेत रोगले ती पशुचौपाया मर्न थालेपछि कृषकहरू चिन्तामा पर्न थालेका हुन्।

दुई महिना यतादेखि देखा परेको खोरेत रोगकै कारण सोरु गाउँपीलका-९ कालै गाउँमा दुई दर्जन बाख्रा र सोही गाउँपालिका-८ मा एक दर्जनभन्दा बढी बाख्रा मरेका छन्। दिन प्रतिदिन खोरेत रोगकै कारण आफूले पालेका पशुचौपाया मर्न थालेपछि उपचार र औषधिका लागि जिल्ला पशु कार्यालयमा पुगेको भए पनि कार्यालयमा औषधि नपाएपछि रित्तै फर्किनुपरेको सोरु गाउँपालिका-९ का कृषक रामबहादुर शाहीले बताएका छन्।

नगरपालिका र गाउँपालिकाले औषधिका लागि आवश्यक बजेट अहिलेसम्म निकासा नदिएकै कारण औषधि खरिदमा ढिलाइ भएको हो। समयमै सम्बन्धित गाउँपालिका र नगरपालिकाले बजेट निकासा दिएको भए कृषकले पालेका पशुचौपाय देखा परेको खोरेत रोगको समस्या समाधान हुने थियो। 'पशु कार्यालयमा औषधि नभएकै कारण पशु चौपाया मरेका हुन्' -जिल्ला पशु कार्यालयका चिकित्सक भीमचन्द्र बुढाले बताए।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**आकर्षक घर घडेरी बिक्रीमा**
पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर २६ मा ६ आना क्षेत्रफलमा बनेको गार्डेन पाकिङ सहितको साडे १ तले घर र सोहि महानगरपालिकाको १७ नम्बर आँखा अस्पताल नजिकै दुई तले ५ वटा सटर भयको मासिक ५० हजारसम्म भाडामा दिन सकिने घर सथै आकर्षक घडेरीहरु बिकीमा रहेका छन।
**सम्पर्क** :
९८०५८४९७७७, ९८०५८०८४१३

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
**खान बस्नको सुविधासहित।**
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

## नेपाल समाचारपत्र (NEPAL SAMACHARPATRA) को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योज्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८९१ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९१६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३६५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर (गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 | Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्युनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२९१९७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१९८० ● ज्ञान स्टेसनरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असोज
शुक्रबार
६

दशैंमा धेरै घरहरु खाली रहने र चोरले त्यस्ता घरलाई 'तार्गेट' गरेको पाइन्छ। चोरीलाई नियन्त्रण गर्न बाँके प्रहरीले वर्षेनी चाडवाडमा ठूलो संख्यामा प्रहरी परिचालन गर्दछ। बिहीबार घटस्थापनादेखि यस वर्षको दशैं पनि भित्रिसकेको छ। बाँके प्रहरीले पनि चाडवाड लक्षित सुरक्षा योजना बनाइसकेको जनाएको छ।

# नेपाल

# सुरक्षा योजना बन्यो, प्रहरी छैनन्

कुमार श्रेष्ठ, बाँके

गत वर्ष दशैंमा १३ ठाउँमा चोरी भए। चोरले कम्तीमा २७ लाख रुपियाँ लग्यो। धनाढ्यको खाली घर छानीछानी चोरी गरिएको थियो। नगद र सुन मात्रै लैजाने यी 'भीआईपी' चोरलाई प्रहरीले समात्न सकेन। चोरी दिउँसो नै धेरै भएको थियो।

दशैंमा धेरै घरहरू खाली रहने र चोरले त्यस्ता घरलाई 'तार्गेट' गरेको पाइन्छ। चोरीलाई नियन्त्रण गर्न बाँके प्रहरीले वर्षेनी चाडवाडमा ठूलो संख्यामा प्रहरी परिचालन गर्दछ। बिहीबार घटस्थापनादेखि यस वर्षको दशैं पनि भित्रिसकेको छ। बाँके प्रहरीले पनि चाडवाड लक्षित सुरक्षा योजना बनाइसकेको जनाएको छ।

प्रहरीले राजमार्ग गस्तीदेखि चोरी नियन्त्रण, बैंक, मठमन्दिर सुरक्षा, नाका, भित्री गल्लीमा गाडी, मोटरसाइकल, साइकल र पैदल गस्तीका लागि छुट्टाछुट्टै टोली खटाउने योजना बनाएर अघि बढेको छ। योजना त बन्यो तर प्रहरी भने जिल्लामा छैनन्। २ नम्बर प्रदेशको चुनावमा खटिएका प्रहरी फर्किसकेका छैनन्। जिल्लाबाट मात्रै डीएसपीको नेतृत्वमा २ सय ५८ प्रहरी रौतहट पुगेका छन्। त्यसै त जिल्लामा प्रहरीको कमी छ। दंगा गण, तालिम केन्द्रबाट मगाउनुपर्ने अवस्था छ। त्यसमा पनि जिल्लाकै झन्डै ४० प्रतिशत प्रहरी २ नम्बर प्रदेशको चुनावमा गएका छन्। जिल्लाले चाडवाडका लागि कम्तीमा ५ सय जना प्रहरी माग गरेको छ।

२ नम्बरको चुनावमा गएको टोली फर्किने र दंगा, तालिम केन्द्रबाट थप मद्दत ल्याएर चाडवाडका लागि बनेको सुरक्षा योजनालाई सफल बनाउने जिल्ला प्रहरी कार्यालय, बाँकेका कार्य शाखाका इन्चार्ज लक्ष्मण शाहीले बताउनुभयो। शाहीका अनुसार जिल्ला प्रशासन कार्यालयसँग चाडवाडका लागि १० वटाजति गाडीको व्यवस्था गरिदिन आग्रह गरिएको छ।

दशैंमा प्रायः बजारका घरहरू खाली गरेर गाउँतिर जाने गरिन्छ। घरहरू खाली गरेर जानुपर्ने अवस्था आएमा प्रहरीलाई खबर गर्न आग्रह गरिएको छ। प्रहरीलाई जानकारी दिइएमा गस्ती टोलीले विशेष निगरानी राख्ने बताइएको छ। विशेष गरेर बाँके जिल्ला विविधतामा एकताको शहर मानिछ। पहाडी, मधेसी, थारू समुदायको बसोबास रहेको जिल्लामा धार्मिक आस्था पनि फरकफरक रहेको छ। यसपटकको दशैंमा पनि हिन्दुले दुर्गा सेलाउने र मुस्लिम समुदायले कर्बला जाने समय एकै दिनमा परेकाले सुरक्षा चुनौती थपिएको छ। धमिलो पानीमा माछा मार्न पल्केकाले त्यस दिनमा केही अप्रिय घटनाका लागि उक्साउने खतरा रहेको छ। त्यसका लागि प्रहरी प्रशासन सचेत बनेको छ। यसका लागि पनि थप टोली माग गरिएको छ। नेपालगन्ज बजारमा अप्रिय घटनाको सम्भावना न्यून रहने गर्दछ। केही गाउँमा विगतको तुष बाँकी रहेकाले सुरक्षा चुनौती रहेको छ। यद्यपि, प्रहरी प्रशासनले दुवै समुदायका लागि रुट तय गरिदिने रणनीति बनाएको छ। चाडवाड लक्षित योजनाअन्तर्गत प्रहरी प्रशासनले 'टोलटोलमा प्रहरी, जनमैत्री प्रशासन' को अभियान थालनी गर्दै छ।

**भीआईपीका लागि छुट्टै गाडी माग**

मध्य र सुदूरपश्चिमको केन्द्रविन्दु र ठूलो मन्त्रिमण्डलका कारण नेपालगन्जमा दैनिक भीआईपीको आगमन भइरहन्छ। साधन र स्रोतको अभाव खेपिरहेको प्रहरीलाई दैनिक आउने भीआईपीको सुरक्षाले हैरानी बनाएको छ।

प्रहरीको संख्या कम, गाडीको अभाव अनि मन्त्री र पूर्वमन्त्रीहरूको भीडले बाँके प्रहरीलाई सधैं तनावमा पार्ने गरेको छ। दैनिक ६ जनासम्म भीआईपी आउँदा प्रहरीले दुःख पाउनुसम्म पाएको अधिकारीहरू बताउँछन्।

नियमित कामको अतिरिक्त भीआईपीको सुरक्षामा कुद्नुपर्ने भएपछि बाँके प्रहरीले भीआईपीका लागि छुट्टै गाडी र टोली परिचालनको अवधारणा अघि बढाएको छ। कम्तीमा दुईवटा गाडी र त्यसका जनशक्ति भीआईपीको सुरक्षाका लागि सधैं तम्तयार अवस्थामा राख्ने गरी व्यवस्था मिलाउन बाँकेले माथिल्लो निकायमा अनुरोध गरेको छ। 'हामीले लेखेर पठाएका छौं, उताबाट केही आएको छैन', एक प्रहरी अधिकृतले भने- 'भीआईपीका लागि छुट्टै गाडीको व्यवस्था हुनैपर्छ। नत्र अरू काममा असर पर्छ।' सुरक्षा व्यवस्थाका लागि नियमित दौडिरहने गाडीलाई भीआईपीको सुरक्षा भन्दै दिनभरि कुदाउनुपर्ने बाध्यता रहेको छ। पछिल्ला दिनमा प्रहरीले बहालवाला मन्त्री, पूर्वप्रधानमन्त्री र गृहमन्त्रीसम्मलाई अलि चासो दिएको पाइएको छ। यद्यपि, जिल्लामा आउने भीआईपी सबैले अगाडि-पछाडि प्रहरी देखाउने इच्छा राख्ने गरेको पाइएको छ।

## १२ वर्षीय बालक २ महिनादेखि बेपत्ता

लमजुङ, (नेस)

एक १२ वर्षीय बालक २ महिनादेखि बेपत्ता भएका छन्। तनहुँको भानु नगरपालिका-७, वसन्तपुरका १२ वर्षीय सुरेशमान श्रेष्ठ बेपत्ता भएका हुन्। तनहुँबाट लमजुङ आएका उनी परिवारको सम्पर्कमा नगएको उनकी आमा पम्फमाया श्रेष्ठले बताउनुभयो।

असार २६ गते घरबाट खेल्न हिँडेका छोरा घरमा नफर्केको आमा पम्फाको भनाइ छ। उहाँका अनुसार लमजुङको सदरमुकाम बेंसीशहर नजिकै भकुन्डे निवासी यज्ञराज सेढाईंको कुखुरा फार्ममा काम गर्दै आएको जानकारी आफन्तले गराएपछि छोरा खोज्न आएको हुँ। तर म बेंसीसहर आएकै दिनदेखि उसले काम गर्दै आएको भकुण्डेस्थित फार्ममा नगएको र मुक्ति गुरुङ भन्ने व्यक्तिसँग हिँडेको तर मुक्तिसँग पनि सम्पर्क नभएको पम्फाले बताउनुभयो। सुरेशमानले कुखुरा फार्मबाट आमा सिकिस्त बिरामी छ भनेर ४ हजार रुपियाँ लिएर हिँडेको जानकारीमा आएको छ।

मुक्ति गुरुङ भानु नगरपालिका-३ खहरे घर निवासी हुन्। गुरुङसँग २४ गते भेट्दा बालक रहेको ठाउँ आफूलाई थाहा भएको तर, भोलिपल्ट ११ बजे तुरतुरेमा लिएर आउने भनेपछि पम्फमायाले प्रहरीमा जानकारी गराएको बताउनुहुन्छ। प्रहरीको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा ल्याएर ३ दिन राख्दा पनि उनले बालकबारे जानकारी नदिएपछि प्रहरीले तारेखमा छाडेको प्रहरी निरीक्षक बुद्धिसागर पुरीले बताउनुभयो। उहाँका अनुसार मुक्तिको आगमी तारेखसम्म पर्खनुपर्छ। बालकले घरबाट ५ हजार रुपियाँ लिएर हिँडेको र त्यसपछि बेंसीशहर वरपर रहेको भनी खोजविनका लागि निवेदन आएको प्रहरी निरीक्षक पुरीले बताउनुभयो।

उहाँका अनुसार बालकको खोजी भइरहेको छ। सुरेशमानका बुबा कृष्णमान मलेसिया हुनुहुन्छ। घरमा आमा र २ जना दाइ हुनुहुन्छ। कान्छो छोरा हराएको पीरले आमा पम्फमाया केही नखाई दिनरात भौंतारिरहेको जेठो छोरा सागरबाबु श्रेष्ठले बताउनुभयो।

## दुई मिनेट

### ४० वर्षदेखि फरार अभियुक्त पक्राउ

लमजुङ, (नेस)

लमजुङमा एक फरार अभियुक्त पक्राउ परेका छन्। ४० वर्षदेखि फरार रहेका अभियुक्त रेपबहादुर थापालाई प्रहरीले पक्राउ गरेको हो। उनी लमजुङको रागिनास नगरपालिकाका रेपबहादुर थापा भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार उनलाई कतव्य ज्यान मुद्दामा जिल्ला अदालत लमजुङले २०३७ सालमा १० वर्षको कारावास सजाय सुनाएको थियो। थापालाई २०३४ साल पुस १ गते स्थानीय भोजबहादुर थापाको हत्या गरेको अभियोग लागेको थियो।

### शक्तिपीठमा जमरा राखियो

बैतडी, (नेस)

देशका अन्य ठाउँमा घरघरमा जमरा राख्ने चलन भए पनि बैतडीसहित सुदूरपश्चिमका अधिकांश जिल्लामा भने शक्तिपीठमा जमरा राख्ने चलन रही आएको छ। बिहानै आत्मशुद्धि गरी नदी, खोला, बगर या आफूलाई पायक पर्ने ठाउँमा गई चोखो बालुवा या माटो ल्याई मन्दिरमा राखी जमरा उमार्न जौ, मकैलगायतका अनाज छर्ने गरिएको पण्डित दयाकृष्ण पन्तले बताउनुभयो। घरमा भन्दा पनि मन्दिरमा सफा र शुद्ध हुने भन्ने जनविश्वास रहेकाले मन्दिरमा जमरा राख्ने गरेको उहाँले बताउनुभयो।

### कर्तव्य ज्यानका फरार दुई पक्राउ

बुटवल, (नेस)

रूपन्देही र कपिलवस्तुमा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दाका फरार २ जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। ३ वर्षअघि कपिलवस्तुको कृष्णनगर नगरपालिका-२ को वर्ष ४० को कोशल अलीलाई गोली हानी हत्या गरेको अभियोगमा फरार सोही नगरपालिका-३ घर भई सीमापारि वडनी बजारमा कपडा पसल गर्ने वर्ष २३ को पिन्टु भन्ने अलताफ हुसेन दर्जीलाई प्रहरीले पक्राउ गरेको छ। २०७१ साल असार २ गते दर्जीले अलीलाई गोली हानी हत्या गरेको इलाका प्रहरी कार्यालय कृष्णनगरले जनाएको छ।

### अस्थायी साधनबारे विद्यार्थीलाई प्रशिक्षण

लमजुङ, (नेस)

एचआईभी सचेतनाका क्रममा अस्थायी साधनबारे विद्यार्थीलाई प्रशिक्षण दिएको छ। जिल्ला सदरमुकामस्थित जनविकास माविमा सो प्रशिक्षण सञ्चालन गरिएको हो। 'व्यवस्थित परिवार, स्वास्थ्य र विकासको आधार' भन्ने नारा सहित एचआईभी, परिवार नियोजन र अस्थायी साधनहरू र तीनको उपयोगबारे प्रशिक्षण गराइएको जनस्वास्थ्य निरीक्षक मनोज बोहोराले बताउनुभयो। उहाँका अनुसार टिनएजरका केटाकेटीमा यौनसम्बन्धी समस्याहरू बढी देखिने र यो उमेर संवेदनशील भएकाले पनि यसबारे जानकारी गराउन प्रशिक्षण दिइएको हो।

# अवरुद्ध ग्रामीण सडक सुचारु

विनोदसिंह विष्ट, बैतडी



वर्षात्को समयमा अवरुद्ध भएका बैतडीका करिब एक दर्जन कच्ची सडकहरू सुचारु भएका छन्। वर्षात् रोकिएसँगै जिल्लाभरिका कच्ची सडक सञ्चालनमा आएका प्रहरीले जनाएको छ। जिल्लाको पाटन-पञ्चेश्वर, दुदिलाखान-गाँजरी, विफ्याकटाल-ढुंगाड, ढोल्यामोड-हाट, श्रीभावर-कुवाकोट सडक सञ्चालनमा आएका महाकाली जिप काउन्टर सतबाँझका इन्चार्ज कर्णबहादुर पाण्डेले जानकारी दिनुभयो। यस्तै सतबाँझ-श्रीभावर, देहीमाडौं-गिरगडा, गोठलापानी-सेरा, सिल्लेगडा-कटौजपानी, अनारखोली-कैलपाल सडक सञ्चालनमा आएको उहाँले बताउनुभयो।

दशैं नजिक आएसँगै कच्ची सडक सञ्चालनमा आएपछि नागरिक पनि खुसी भएका छन्। कामले घरबाहिर रहेकाले गाडी चढेर घर जान पाउने भन्दै खुसी भएका हुन्। ढोल्यामोड-हाट सडकखण्डमा बससमेत सञ्चालनमा आएको स्थानीय लालबहादुर भण्डारीले बताउनुभयो। एक साताअघिदेखि महेन्द्रनगरबाट कोटिला र कोटिलाबाट महेन्द्रनगर बससेवा शुरू भएको उहाँले बताउनुभयो। यता पाटन-पञ्चेश्वर सडकको मेलौलीसम्म पनि बससेवा सुचारु भएको जनाइएको छ। अन्य कच्ची सडकमा भने जीप सेवा सञ्चालन भइरहेको यातायात व्यवसायीले बताएका छन्। कच्ची सडकमा गाडी सञ्चालनमा आएसँगै दशैंका लागि भारतबाट फर्किने नागरिकलाई पनि सजिलो भएको छ।

भारतमा मजदुरी गरिरहेका नेपालीहरू सीमानाका झुलाघाट भएर दशैंका लागि घर फर्किनेको संख्या बढ्दै गएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रहरी नायब उपरीक्षक हेरम्ब शर्माले जानकारी दिनुभयो।

**सवारी जाँचमा कडाइ**

दशैं-तिहार नजिकिएसँगै बैतडीमा ट्राफिक प्रहरीले सचेतना र जाँचलाई तीव्र पारेको छ। चाडबाडका बेला बढी हुने दुर्घटना न्यूनीकरण गर्न, मादक पदार्थ सेवन गरी सवारी नचलाउन, तीव्र गतिमा सवारी नचलाउन, क्षमताभन्दा बढी यात्रु नबोक्न अनुरोध गर्दै आएको जिल्ला ट्राफिक कार्यालय बैतडीका इन्चार्ज आकाश रावलले जानकारी दिनुभयो। ट्राफिक नियमको उल्लंघन गर्ने सवारी चालकलाई सचेत तथा कारबाही गर्ने गरिएको छ। उहाँले भन्नुभयो- 'विशेष गरेर भारतसँग सीमा जोडिएको सडकमा कडाइ गरेका छौं।'

भारतबाट मजदुरी गरी घर फर्किने नेपालीलाई सहजताका लागि सीमाक्षेत्रमा ट्राफिक सचेतनामा जोड दिएको बताइएको छ। यसका साथै चाडबाडका बेला हुने आपराधिक घटना न्यूनीकरण गर्न चेकजाँचमा समेत कडाइ गरिएको छ। 'हामीले नियमित रूपमा सधैं जाँच गरिरहेका छौं', जिल्ला ट्राफिक कार्यालय बैतडीका इन्चार्ज रावलले भन्नुभयो- 'यहाँ सवारी चालक अनुमतिपत्र र बिलबुक नलिई सवारी चलाउने चालकलाई सचेत गराइरहेका छौं।'

चाडवाडका बेला बढी मात्रामा मादक पदार्थ सेवन गरी सवारी चलाउने भएकाले दुर्घटना बढी हुने गरेका छन्। मोटरसाइकलमा हेलमेट नलगाई चलाउने, तीन जना चढाउने, लाइसेन्स नलिई चलाउने, बिलबुक पनि नबोकी सवारी चलाउने प्रवृति रहेको छ। बढी भाडा असुल्ने सवारी, क्षमताभन्दा बढी यात्रु चढाउने सवारीलाई निगरानीमा राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बैतडीले जनाएको छ। चाडपर्वलाई लक्षित गरेर यात्रुको सहजताका लागि सदरमुकाम गोठलापानीमा गत भदौ २५ गतेदेखि यात्रु सहायता कक्ष सञ्चालन पनि सञ्चालन गरिएको छ।

## कृषि उपजलाई प्रवर्द्धन गर्न सडकको स्तरोन्नति

फिदिम, (नेस)

पाँचथरको मिक्लालजुङ गाउँपालिका वडा नम्बर २ स्थित सप्तमी माथि हिमाली मोडदेखि सराङडाँडा माध्यमिक विद्यालयसम्म सडकको स्तरोन्नति गर्न थालिएको छ। उन्नति परियोजनाको ४ करोड ६२ लाख रुपियाँको लागतमा सडकको स्तरोन्नति थालिएको स्थानीय समाजसेवी नरेन्द्र बस्नेतले जानकारी दिनुभयो। उहाँका अनुसार ४ मिटर सडक रहेको यस सडकको अहिले ७ मिटर फराकिलो पारिएको छ।

याक्थुहाङ निर्माण सेवा प्रालिले आयोजनाको जिम्मा लिएको उक्त सडकको ५ किलोमिटर सडकको स्तरोन्नति गर्नुपर्नेछ। स्तरोन्नतिअनुसार ब्याक कटिङ, सोलिङ, नाली निर्माण, फराकिलो सडक बनाइने बस्नेतले वताउनुभयो। झन्डै २ दशक अघि ट्र्याक ओपन भएको उक्त सडकको स्तरोन्नति भएपछि स्थानीयसमेत हर्षित भएका छन्।

यो सडकको स्तरोन्नति भएपछि अब बाह्रै मास सवारीसाधन सञ्चालन गर्न सहज भएको सडक अनुगमन समितिका अध्यक्ष गंगा आङदेम्बेले बताउनुभयो। उहाँले भन्नुभयो- 'वर्षात्को समयमा कठिन यात्रा गर्न बाध्य यस ठाउँका स्थानीयलाई यो सडक भनेपछि कृषि उपजका सामग्री निर्यात गर्न धेरै सहज हुने छ।' त्यस स्थानको अदुवा, अलैंची, दूध, चियालगायत कृषि उपजको प्रवर्द्धन गर्न र कृषकलाई थप सहज होस् भन्ने उद्देश्यले सडकको स्तरोन्नति गरेको उन्नति परियोजनाले जनाएको छ। त्यस ठाउँका स्थानीयले अदुवा, अलैंची, दूध, चिया व्यावसायिक रूपमा उत्पादन गर्दै आएका छन्। ९ महिनाभित्र उक्त सडकको काम सक्नुपर्नेछ।

## नाम परिवर्तन गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४/०६/०४)

यस कम्पनीको मिति २०७४/४/३१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनी **माछापुच्छ्रे इन्टरनेशनल माध्यामिक स्कूल,** ललितपुर प्रा.लि. (प्रा. लि. नं. २३१३०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नुपर्ने ऋृण, धन, कर, दायित्व आदि परिवर्तत नामको कम्पनीले सकार्नेव्यहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/५/६ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरि **माछापुच्छ्रे स्कूल ललितपुर प्रा. लि.** कायम गरिएको व्यहोरा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

विगो मु.नं.:००१२

## भोजपुर जिल्ला अदालत, भोजपुर

### लिलाम सम्बन्धी सूचना म्याद ।

**भोजपुर जिल्ला अदालतबाट जारी भएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३४ पुरानो बानेश्वर काकतेनी चोकस्थित आफ्नो भाई कर्ण प्रधानको साथमा निजको घरमा बस्ने मोबाइल नं. ९८४१८७२३३० प्रयोग गर्ने पुनम प्रधानकी श्रीमती वर्ष ३७ की सरु प्रधान भनेकी हिराकुमारी प्रधानका नाउँको लिलामी सूचना म्याद** ......................।

वादी दरखास्तवाला मोरङ जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १५ बस्ने सुसन प्रधान र प्रतिवादी तपाईंसमेत भएको लेनदेन मुद्दामा भोजपुर जिल्ला अदालतबाट मिति २०७३।०८।१३ मा भएको फैसलाबमोजिमको विगो भराई पाउँ भनी वादीको दरखास्त परी कारवाही चलिरहेको प्रस्तुत मुद्दामा फैसलाबमोजिमको विगो दाखिला गर्न ल्याउनु भनी जारी भएको ३५ दिने म्यादमा तपाईंले विगो बुझाउन नल्याउनु भएकाले फैसलाबमोजिम वादीको विगो कोर्ट फिसमेत जम्मा रु.७,३०,९६०।०० भराई दिन दरखास्तवाला वादीले देखाएको तपाईंको स्वर्गीय पति पुनम प्रधानको नामा दर्ता रहेको तपसिलबमोजिमको जायजेथाको स्थानीय मुल्याङ्कनका लागि डोर खटाई डोरबाट भई आएको तायदात/जायदात मुचुल्कामा उल्लेखित मूल्यसमेतलाई आधार लिई जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) बमोजिम मिति २०७४।०४।२२ मा कायम भएको पन्चकृते मूल्यमा लिलाम बढाबढ गर्नका लागि वादीलाई मिति २०७४।०६।२२ गतेको लिलाम बढाबढको तारेख तोकिएको हुँदा उक्त दिनको ४:०० बजेभित्रमा वादीलाई बुझाउनु पर्ने विगो रकम लिई यस अदालतको तहसिल शाखामा हाजिर हुन आउनुहोला। उक्त मितिको दिन विगो रकम बुझाउन नल्याएमा तपसिलको तपाईंको स्वर्गीय पति पुनम प्रधानको नाउमा दर्ता रहेको जग्गाजेथा लिलाम गरी वादीको विगो भराइनेछ। पछि तपाईंको कुनै उजुर लाग्ने छैन।

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम | कायम भएको न्यूनतम् मूल्य |
|---|---|---|---|---|---|---|
| भोजपुर | भोजपुर | ३ | १५७१ | ०-४-०-० | पुनम प्रधान | रु.७,३०,९२२ (सात लाख तिस हजार नौ सय वाइस मात्र।) |

इति सम्वत २०७४ साल असोज २ गते रोज २ शुभम् ............ ।

## रविनालाई सहयोग जुट्न थाल्यो

वीरेन्द्रनगर, (नेस)

लायन्स क्लब अफ सुर्खेत सेरोफेरोका अध्यक्ष तथा युवा समाजसेवी युवराज पौडेलले बोनम्यारो (एप्लाटिक एनिमिया) को समस्याबाट पीडित जाजरकोटकी रविनासिंह बोहरालाई आर्थिक सहयोग गरेका छन्। शिक्षण अस्पताल काठमाडौंमा उपचार गरिरहेकी रविनाको उपचारका लागि पौडेलले नगद ५ हजार रुपियाँ प्रदान गरेका हुन्। बोनम्यारोको समस्याबाट पीडित रविना बचाउ अभियान थालेका पत्रकार प्रकाश पन्तलाई पौडेलले उक्त रकम हस्तान्तरण गरेका हुन्।

एसओएस हर्मन माइनर विद्यालय सुर्खेतमा कार्यरत उनीले लायन्स क्लबमार्फत् विभिन्न किसिमका सामाजिक अभियानहरू सञ्चालन गरिरहेका छन। उनको पहल र सक्रियतामा सुर्खेतका विभिन्न ठाउँमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भएका छन्। उनले नेतृत्व गरेको लायन्स क्लब अफ सुर्खेत सेरोफेरोले प्रदेश नं ६ को प्रमुख पर्यटकीय स्थल बुलबुले उद्यानभित्र बोटानिकल पार्क बनाउने तयारी गरेको छ।

अध्यक्ष पौडेलले बोनम्यारो पीडित रविनाको बारेमा नेपाल समाचारपत्र दैनिकमा प्रकाशित भएको समाचार पढेपछि उपचारका लागि सहयोग गरेको बताए। आफ्नो सानो सहयोगले रविनाको उपचारका लागि थोरै भए पनि राहत हुने विश्वास उनले व्यक्त गरे। मानवीय सेवा नै धर्म भएको उल्लेख गर्दै उनले बोनम्यारो पीडित रविनाको जीवन बचाउनका लागि सक्दो सहयोग गर्न आग्रह पनि गरेका छन्।

यसअघि जाजरकोटका सांसद राजीवविक्रम शाहले पनि बोनम्यारोको समस्याबाट पीडित रविनाको उपचारका लागि २५ हजार रुपियाँ सहयोग गरेका थिए। शिक्षण अस्पताल महाराजगन्जमै पुगेर रविनालाई सांसद शाहले नगदै हस्तान्तरण गरेका हुन्।

# जलेश्वरमा स्वतन्त्रले खाता खोल्यो

नेपाल समाचारपत्र

महोत्तरी



महोत्तरीको जलेश्वर नगरपालिकाका १२ वडामध्ये जलेश्वर नगरपालिकाका-२ मा स्वतन्त्रबाट उठेका वडाध्यक्षका उम्मेदवारले जित हासिल गर्दै जलेश्वरमा पहिलो स्वतन्त्र उम्मेदवारका रूपमा खाता खोलेका छन्। जलेश्वर नगरपालिकाको वडा नं. २ बाट स्वतन्त्र उम्मेदवार बरुणकुमार दाहालले धुपदानी छापबाट उठी जित हासिल गर्दै खाता खोलेका हुन्।

जलेश्वर नगरपालिका-२ बाट उठेका स्वतन्त्र वडा अध्यक्षका उम्मेदवार बरुणकुमार दाहालले २ सय ९० मत ल्याई विजयी हासिल गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी लोकतान्त्रिक फोरम नेपालका वडा अध्यक्षका उम्मेदवार शिवचन्द्र चौधरीले २ सय ५७ मत ल्याएका छन्।

स्वतन्त्रबाट उठेका दाहालले लोकतान्त्रिक फोरमका उम्मेदवार चौधरीभन्दा ३३ मत बढी ल्याउँदै जित हासिल गरी जलेश्वरमा पहिलो स्वतन्त्र वडा अध्यक्षका रूपमा विजयी भएका हुन्। स्वतन्त्रका वडा अध्यक्षका उम्मेदवार दाहालले आफूलाई कुनै पार्टीले टिकट नदिएपछि बाध्य भएर आफू स्वतन्त्रबाट उठेको बताउँदै यो जित आफ्नो नभई सम्पूर्ण जनताको जित भएको बताए।

त्यस्तै नेपाल लोकतान्त्रिक फोरमका वडा नं.२ का महिला सदस्य तारादेवीले २ सय ७२ मत ल्याई विजयी भएकी छन्। यस्तै दलित महिला सदस्यमा राजपा नेपालका रेणु देवी २ सय ७८ मत ल्याउँदै विजयी भएकी छन्। सोही वडाका सदस्यमा राजपाकै बलवीर प्रसादले २ सय ९३ मत ल्याउँदै विजयी भएका छन् भने सोही पार्टीकै मेहवुव रेजा राइनले २ सय ८२ मत ल्याउँदै जित हासिल गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय जलेश्वरले जनाएको छ।

यसअघि जलेश्वर नगरपालिकामा लोकतान्त्रिक फोरम नेपालले १ नं. वडामा जितेको छ भने राजपा नेपालले-३, ११ र १२ मा जित हासिल गरेको छ।

# विश्व

2017, SEP Friday 22

## अनौथो जीव

माडागास्करमा फेला परेको विशाल प्रजातिको भ्यागुतो बिल्जेबुफो। वैज्ञानिकहरूले उक्त प्राग ऐतिहासिक भ्यागुतोले सानो डाइनोसरलाई समेत आहार बनाउन सक्ने बताए।



## नाति

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरा एरिक ट्रम्पकी पत्नी लारा ट्रम्प आफ्ना नवजात शिशु देखाउँदै।



## विश्व २ मिनेट

### भारत

## विसर्जन गर्न दिन आदेश

कोलकाता, (एजेन्सी)

पश्चिम बंगालमा सेप्टेम्बर ३० को रातिपछि मूर्ति विसर्जन गर्न लगाइएको रोकलाई कोलकाता उच्च अदालतले हटाएको छ। उच्च अदालतले दुर्गाको मूर्तिलाई विजय दशमीपछि हरेक दिन विसर्जन गर्न आदेश दिएको छ। विसर्जनका क्रममा मुसलमानहरूको पर्व मुहर्रम पनि परेको छ। अक्टोबर १ मा पर्ने मुहर्रमलाई ध्यानमा राखी पश्चिम बंगाल सरकारले सेप्टेम्बर ३० को राति १० बजेपछि दुर्गा मूर्ति विसर्जन गर्न रोक लगाएको थियो। विजयादशमी र मुहर्रमको जुलुसलाई व्यवस्थापन गर्न अदालतले आदेश दिएको छ। कानुन व्यवस्था बिग्रने आशंकामा नागरिकहरूको धार्मिक अधिकार खोस्न नसक्ने अदालतले बताएको छ।

### भारत

## पत्रकारको हत्या

नयाँ दिल्ली (एजेन्सी)

भारतको उत्तरपूर्वी राज्य त्रिपुराको राजधानी अगरतलामा एक स्थानीय टेलिभिजिन न्युज च्यानलका पत्रकारको अपहरणपछि हत्या गरिएको छ। पत्रकार शान्तनु भौमिकलाई पश्चिमी त्रिपुरामा इन्डिजिनस फ्रन्ट अफ त्रिपुरा र सीपीएमको आदिवासी भ्रातृसंगठन टीआयुजीपीबीचको संघर्षको समाचार संकलन गरिरहेको बेला अपहरित भएको थियो। 'दिनरात' च्यानलका पत्रकार शान्तनुलाई धारिलो हतियार प्रयोग गरी हमला भएको प्रहरीले बताए। उनलाई अगरतला मेडिकल कलेजमा लगेको र त्यहाँ उनलाई मृत घोषित गरिएको थियो। त्रिपुरा पत्रकार संघले घटनाको सीबीआई जाँचको माग गरेका छन्।

### रसिया

## अमेरिकालाई चेतावनी

मस्को, (एजेन्सी)

रसियाले बिहीबार आफूले यदि सिरियामा तैनाथ अमेरिकी विशेष फौज वा तिनीहरूबाट समर्थित छापामारले आफ्ना फौजमाथि आक्रमण गरेको खण्डमा अमेरिकी र छापामार फौज रहेका क्षेत्रहरूलाई लक्षित गर्दै आफूले प्रत्याक्रमण गर्ने चेतावनी दिएको जनाएको छ। रसियाले विगतमा आफ्ना फौजमाथि यस्ता दुईवटा आक्रमण भइसकेको पनि जनाएको छ। रसियाले अमेरिकी गठबन्धन फौजसँग आबद्ध कुर्दिस तथा अरब छापामारहरूको समूह सिरियन डेमोक्रेटिक फोर्सेज (एसडीएफ) लाई संकेत गरेको हो। राका र देइर अल जोरमा रुसी फौजले इस्लामिक स्टेट लडाकूविरुद्ध लड्न सिरियाली सेनालाई सघाइरहेको छ।

### अमेरिका

## सामुद्रिक आँधीका कारण अन्धकार

प्युयोर्टो रिको, (एजेन्सी)

सामुद्रिक आँधी मारियाबाट ग्रस्त करिब ३५ लाख मानिसको आवादी रहेको प्युयोर्टो रिको टापु अन्धकारमा डुबेको सरकारी अधिकारीहरूले बिहीबार बताएका छन्। दैवी प्रकोप व्यवस्थापन निकायका अध्यक्ष आब्नेर गोमेजले त्यहाँको विद्युत् ऊर्जा निकायका सम्पूर्ण ग्राहक सेवाबाट वञ्चित हुन पुगेको पुष्टि गरेका छन्। अमेरिकी राष्ट्रिय आँधी तुफान केन्द्रले उक्त डरलाग्दो आँधीबाट टापुका केही भाग नराम्ररी प्रभावित हुन पुगेको बताएको छ। प्युयोर्टो रिकोका गभर्नर रिकार्डो रोस्सेल्लोले अहिलेसम्म उड्दै आएको भग्नावशेषले लागेर एक जना पुरुषको मृत्यु भएको जानकारी दिएका छन्।

# अस्ट्रेलियामा मासु खाने अल्सरको बिगबिगी

सिडनी, (एजेन्सी)

एकजना अस्ट्रेलियाली छात्रालाई लागेको संक्रमक रोग अर्थात् शरीरको मासु खाने अल्सरमाथि गम्भीर अनुसन्धानका लागि सरकारलाई आवश्यक कोष सहयोग गर्न आह्वान गरिएको छ। विशेष गरी विकासोन्मुख मुलुकहरूमा देखिने बुरुली अल्सरबाट पीडित १३ वर्षीया एल्ला क्रोफ्टसको स्वास्थमा क्रमिक सुधार भइरहेको बताइएको छ।



उनी यस रोगबाट पीडित भएपछि भिक्टोरिया राज्यको उनी बस्ने क्षेत्रमा यसको महामारी फैलिने चेतावनी चिकित्सकहरूले दिएका छन्। स्वास्थ निकायहरूले यस वर्षको शुरूदेखि अहिलेसम्म १ सय ५९ जना व्यक्तिमा यो संक्रमण देखिएको जनाएका छन्।

तीन वर्षअघिको तुलनामा यसपालि यस संक्रमणमा तीन गुणाले वृद्धि भएको हो। विशेषज्ञहरूले यस रोगको नियन्त्रण र ठोस उपचारका उपाय अझै थाहा पाएका छैनन्। त्याब शहर निवासी क्रोफ्टले आफूलाई अप्रिलमा यो रोग लागेको र हेर्दाहेर्दै घुँडाको घाउमा प्वाल परेको बताएकी छिन्।

अनलाइनमार्फत् उनले जानकारी गराएकी छिन् ,'विस्तारै घुँडा पोल्न र सुन्निन थाल्यो। त्यसपछि छाला च्यातिन थाल्यो। सामान्य संक्रमणका दिइने एन्टिबायोटिक्सले पनि केही काम गरेन।' उनको घुँडाको अहिलेसम्ममा तीनपटक शल्यक्रिया गरिनुका साथै उनलाई निकै कडा एन्टिबायोटिक्स दिने गरिएको छ। यस रोगमा राम्ररी उपचार नगरिएको खण्डमा छालाबाट भित्र छिर्ने व्याक्टेरियाले विस्तारै मासु खाँदै जाने गर्दछ।

सही उपचार नभएको खण्डमा रोगीको अंगभंग नै हुने संभावना पनि रहन्छ। चिकित्सकहरूले यो रोग मानिसबाट मानिसमा नभई माटो वा वातावरणबाटै सर्ने अनुमान गरेका छन्। एल्लाको अझैसम्म घाउ पूर्णरूपमा निको भइसकेको छैन।


नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल विकास समिति
नेपालगंज।

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति: २०७४।६।६

यस अस्पताल बाट मिति २०७४।५।१७ गते समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम औषधी तथा सर्जिकल सामान सप्लाई गर्नको लागि पर्न आएका सिलवन्दी दरभाउपत्रहरु मुल्यांकन समितिको निर्णय बमोजिम तपसिलमा उल्लेखित दरभाउपत्रदाताको न्युनतम दररेट सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारीस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना |
|---|---|---|
| १ | ६-०७४/०७५ | सर्जिमेड डिष्ट्रीब्युटर्स, छाउनी, काठमाडौं |
| २ | ६-०७४/०७५ | स्मार्ट मेडिसर्ज, नेपालगंज |
| ३ | ६-०७४/०७५ | पर्थ इन्टरनेशनल प्रा.लि., काठमाडौं |

नि. प्रमुख मेडिकल सुपरीटेन्डेन्ट



नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
भेरी अञ्चल अस्पताल विकास समिति
नेपालगंज।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७४।६।६

यस अस्पताल बाट मिति २०७४।४।११ गते समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम एक्सरे, औषधी तथा सर्जिकल सामान सप्लाई गर्नको लागि पर्न आएका सिलवन्दी बोलपत्रहरु मुल्यांकन समितिको निर्णय बमोजिम तपसिलमा उल्लेखित बोलपत्रदाताको न्युनतम मुल्यांकित रकम सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारीस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपसिल

| सि.नं. | ठेक्का नं. | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम |
|---|---|---|---|
| १ | १-०७४/०७५ (एक्सरे फिल्म) | देउती सर्जिकल एण्ड साइन्टीफिक हाउस, काठमाडौ | १३७०५६००।०० |
| २ | १-०७४/०७५ (एक्सरे फिल्म) | हिमशिखर वायोमेडिकल प्रा.लि. काठमाडौ | ५९८४९१।७६ |
| ३ | २-०७४/०७५ (औषधी) | आयुष एण्ड आशिष डिष्ट्रीव्युटर्स, नेपालगंज | ५८१९८७५० |
| ४ | २-०७४/०७५ (औषधी) | डि.बि. मेडिसिन सेन्टर, धनगढी | ३२६६९०।०० |
| ५ | २-०७४/०७५ (औषधी) | गितास्वीनी फर्मास्युटिकल्स प्रा.लि., काठमाडौ | ४६१३०।०० |
| ६ | २-०७४/०७५ (औषधी) | एल.बि. मेडिसेल्स प्रा.लि., प्युठान | ४११२८७०० |
| ७ | २(०७४/०७५ (औषधी) | पश्चिमाञ्चल डिष्ट्रीब्युटर्स, नेपालगंज | १८७९६०।०० |
| ८ | २-०७४/०७५ (औषधी) | पायस मेडिसिन डिस्ट्रीब्युटर्स, नेपालगंज | ३९६८१२।०२ |
| ९ | ३-०७४/०७५ (सर्जिकल) | एलाईड सर्जिकल, नेपालगंज | २७२८५३७५० |
| १० | ३-०७४/०७५ (सर्जिकल) | कृष्ण ईन्टरनेशनल, नेपालगंज | ४६०५००।०० |
| ११ | ३-०७४/०७५ (सर्जिकल) | बागेश्वरी सर्जिकल हाउस, नेपालगंज | ५९८१८०।०० |

नि.प्रमुख मेडिकल सुपरीटेन्डेन्ट


# इन्डोनेसिया र जापानमा शक्तिशाली भूकम्प




बाली/टोक्यो, (एजेन्सी)

इन्डोनेसियाको पर्यटकीयस्थल बालीको तटीय क्षेत्रलाई ५ दशमलव ७ म्याग्निच्युडको भूकम्पले हल्लाएको छ। भूकम्पको केन्द्रबिन्दु उत्तरपूर्वी केमेडुरान भएको अमेरिकी भूगर्भ सर्वेक्षणले पुष्टि गरेको छ।

भूकम्प सतहबाट ५ सय ८८ किलोमिटर मुनि केन्द्रविन्दु बनाइ गएको र शुरूमा सुनामीको त्रास पनि फैलिएको जनाइएको छ। एकजना अधिकारीले सुनामीको चेतावनी नदिएको जारी नगरिएको तर कारांगासेममा भूगर्भमा देखिएको सक्रियतालाई ध्यानमा राखी माउन्ट अगुङ ज्वालामुखी क्षेत्र नजिकका इलाकाबाट बासिन्दालाई नबस्न भनिएको जानकारी दिए।

अधिकारीहरूले पर्यटकीय टापु बालीको उक्त ज्वालामुखी वरपरका दुई गुणाभन्दा बढी क्षेत्रफलको इलाकाबाट बासिन्दाहरू खालि गराइएको बताए। उक्त इलाकामा एक हप्ताभित्र सतर्कताको स्तर बढाइएको यो दोस्रोपटक भएको उनले बताए।

बालीसँगै विगतका हप्तामा कयौं देशहरूमा शक्तिशाली भूकम्प महशुस गरिएका छन्। हालै मात्र मेक्सिकोमा आएको विनाशकारी ७ दशमलव १ म्याग्निच्युडको भूकम्प आउँदा कम्तिमा २ सय ५० को मृत्यु भइसकेको छ।

न्युजिल्यान्डमा पनि बुधबार ५ दशमलव ८ र ५ दशमलव १ रिक्टर स्केलका दुई भुकम्पले हल्लाएको थियो। त्यसैगरी भानुआटुको इरोमान्गो टापुमा पनि ६ दशमलव ४ रिक्टर स्केलको भूकम्प आएको युएसजीएसले जनाएको छ।

**जापानमा पनि भूकम्प**

त्यसै गरी मेक्सिको सिटीमा ७ दशमलव १ म्याग्निच्युडको भूकम्पको आएको २४ घण्टा नबित्दै जापानको पूर्वी तटीय क्षेत्रमा पनि शक्तिशाली भूकम्पको धक्का महशुस गरिएको छ।

बन्द गरिएको फुकुसीमा परमाणु उर्जा केन्द्रबाट १ सय ७५ माइल पूर्वमा स्थानीय समय बिहान साढे २ बजे ६ दशमलव १ म्याग्निच्युडको भूकम्प धक्का महशुस गरिएको अमेरिकी भूगर्भ सर्वेक्षणले जनाएको छ। उक्त भूकम्पको केन्द्रविन्दु पानीमुनि जमिनको सतहबाट ६ माइल गहिराइमा भएको जनाइएको छ।

मेक्सिकोजस्तै जापान पनि भूकम्प सक्रिय क्षेत्रमा पर्छ। नर्थ अमेरिका प्लेट, प्यासिफिक प्लेट, फिलिपिन सी प्लेट र युरेसिया प्लेटलगायत पृथ्वीका कयौं टेक्टोनिक प्लेटहरूबीच हुने घर्षण तथा धस्सिने प्रक्रियामा ती देशहरू प्रभावित हुने गर्छ। जब यी टुक्राहरू एकअर्कासँग ठोक्किने वा घर्षण हुन्छ, भूकम्प आउने गर्छ।

विगतको शताब्दीमा जापानमा ९ पटक ठूला भूकम्प आएका छन्, ती प्रत्येक भूकम्पमा १ हजारभन्दा धेरैले ज्यान गुमाएका थिए।

उच्च जनघनत्व भएको जापानमा भूकम्पले भयानक जनधनको क्षति निम्त्याउन सक्ने जोखिम सधैं रहेको हुन्छ। सन् १९९५ मा कोबे नजिकको जापान मेडियन टेक्टोनिक लाइनमा गएको भूकम्पमा ५ हजारभन्दा धेरैको मृत्यु भएको थियो। केही अगाडि सन् २०११ मा आएको ९ म्याग्निच्युडको टोहोकु भूकम्पमा २ हजारभन्दा धेरैको ज्यान गएको थियो। उक्त भूकम्पका कारण प्रलयकारी सुनामीका क्रममा १ सय ३३ फिट अग्लो छाल आएको थियो। उक्त भूकम्प मानव बस्ती भएको भूमिबाट ४३ माइलको दूरीमा सामुद्रिक क्षेत्रमा केन्द्रविन्दु बनाइ गएको थियो।



इन्डोनेसियाको बाली टापुमा विस्फोट हुन लागेको ज्वालामुखी पर्वत हेर्दै स्थानीय।

# ट्रम्पको भाषणको कडा आलोचना

प्योङयाङ, (एजेन्सी)

उत्तर कोरियाका एकजना उच्च पदस्थ कूटनीतिज्ञले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसंघमा गरेको भाषणलाई कुकुरको भुकाइसँग तुलना गरेका छन्। बुधबार संयुक्त राष्ट्र संघको वार्षिक महासभामा बोल्ने क्रममा ट्रम्पले यदि उत्तर कोरियाले अमेरिका वा यसका कुनै पनि गठबन्धन राष्ट्रलाई खतरा सिर्जना गरेको खण्डमा उत्तरलाई पूर्णत ध्वस्त पारिदिने बताएका थिए।

ट्रम्पको सो भाषणप्रति पहिलो आधिकारिक प्रतिक्रिया प्योङयाङका विदेश मन्त्री रि योङ होले दिएका हुन्। संयुक्त राष्ट्र संघको प्रतिबन्धलाई वेवास्ता गर्दै उत्तरले पटकपटक आणविक र हातहतियार कार्यक्रमलाई अघि बढाउँदै लगेको छ।

अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्र संघको प्रधानकार्यालय नजिकै रिले सो भाषणको समबन्धमा पत्रकारहरूलाई भनेका छन्- 'एउटा उखान छ, कुकुर भुकिरहन्छ, परेड चलिरहन्छ। यदि ट्रम्पले कुकुरको भुकाइबाट हामीलाई आश्चर्यमा पार्न खोजिरेका छन् भने त्यो उनको सपना मात्रै हुनेछ।'

उत्तर कोरियाका नेता किम जोङ उनलाई इंगित गर्दै ट्रम्पले रकेट म्यानले आफ्नो र आफ्नो सरकारका लागि आत्मघाती अभियानमा रहेको बताएका छन्। विदेश मन्त्री रिले शुक्रबार संयुक्त राष्ट्र संघमा भाषण दिने कार्यक्रम रहेको छ। अन्तर्राष्ट्रिय हातहतियार विशेषज्ञहरूले उत्तर कोरियाले आश्चर्यजनक ढंगले निकै छिटो लामो दूरीका क्षेप्यास्त्रहरू र आफ्नो आणविक कार्यक्रमको विकास गरेको प्रतिक्रिया दिएका छन्। गत ३ सप्टेम्बरमा छैठौं तथा अहिलेसम्मकै सबैभन्दा ठूलो आणविक परीक्षण गरेपछि सुरक्षा परिषद्ले उत्तरमाथि थप नयाँ नाकाबन्दी लगाएको थियो।



एघार संगीतकारलाई तोपबाट उडाइए

उत्तर कोरियाबाट भागेर दक्षिण कोरिया पुगेकी हि यियोन लिम नामक एक महिलाले आफ्नै आँखाले किम जोङको सरकारको भयावह क्रुरता देखेको बताएकी छिन्। उनले किमले आफ्नो विरोध गर्ने जोसुकैलाई मृत्युदण्डको आदेश दिने र कलिला किशोरीहरूलाई यौनदासी बनाउने गरेको बताएकी छिन्।

२६ वर्षीया हि राजधानी प्योङयाङ निवासी तथा कर्णेलकी छोरी हुन्। उनले अश्लिल भिडियो बनाएको अभियोगमा एकपटक एघार जना संगीतकारलाई करिब १० हजार व्यक्तिसामू एउटा रंगशालामा तोपबाट उडाइएको दि मिरर नामक अखबारलाई जानकारी दिएकी छिन्।

# वैद्य माओवादी चुनावमा जाने

काठमाडौं, (नेस)

नेकपा क्रान्तिकारी माओवादीले प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने निर्णय गरेको छ। बिहीबार सम्पन्न केन्द्रीय सचिवालयको बैठकले दुवै निर्वाचन उपयोग गर्ने निर्णय गरेको हो।

बैठकले पार्टीको राजनीतिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालमार्फत आगामी मंसिर १० र २१ गतेका लागि घोषणा गरिएको प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनको उपयोग गर्ने निर्णय गरेको छ।

यस्तै बैठकले असोज २१ देखि २५ सम्मका लागि तय गरेको पार्टीको राष्ट्रिय सम्मेलन कास्कीको पोखरामा गर्ने निर्णयसमेत गरेको छ। स्थानीय तहको निर्वाचनमा दलीय चुनाव चिह्न नपाएपछि स्वतन्त्र हैसियतमा निर्वाचनको उपयोग गरेको मोर्चाले प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका लागि भने दलीय हैसियतमा 'मुठ्ठी' निर्वाचन चिह्न पाएको छ।

निर्वाचन आयोगमा दल दर्ता भएपछि मोर्चाले यसअघि नै समानुपातिक निर्वाचनको पनि उपयोग गर्ने भन्दै निर्वाचन आयोगमा दर्ता गरिसकेको छ।

# 'डाक्टरले क्षतिपूर्ति दिने निर्णय भएको होइन'

काठमाडौं, (नेस)

स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले मन्त्रिपरिषद्को बैठकले चिकित्सकको लापरबाहीका कारण अस्पतालमा बिरामीको मृत्यु भएमा डाक्टरले क्षतिपूर्ति दिनुपर्ने निर्णय नगरेको बताउनुभएको छ।

लापरबाहीका कारण अस्पतालमा बिरामीको मृत्यु भएमा डाक्टरले क्षतिपूर्ति दिनुपर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको भन्दै चिकित्सक आन्दोलनमा छन्। उपचारमा लापरबाही भए डाक्टरलाई क्षतिपूर्ति तिराउने कानुन ल्याउन मन्त्रिपरिषद्ले स्वास्थ्यमन्त्रालयलाई दिएको निर्देशनविरुद्ध डाक्टरले प्रदर्शन गरेका थिए।

मन्त्रिपरिषद्को बैठकले बिरामी पक्षलाई लापरबाहीका कारण मृत्यु भएको आशंका लागेमा अनुसन्धान गर्ने निकाय बनाउने, लापरबाही ठहरिए क्षतिपूर्तिका लागि पहल गर्ने र सबै स्वास्थ्यकर्मीको बीमा गर्नेसम्बन्धी विषय व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने भन्ने विषयमात्र मन्त्रिपरिषद्ले निर्णय गरेको बताइएको छ। मन्त्री पोखरेलले चिकित्सकलाई आन्दोलनका कार्यक्रम फिर्ता लिन आग्रहसमेत गर्नुभएको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. श्रीकृष्ण गिरीका अनुसार छलफलबाटै समस्याको समाधान गरिने बताउनुभयो।

मन्त्रिपरिषदको निर्णयविरुद्ध चिकित्सक आन्दोलित भएपछि आवश्यक निष्कर्षमा पुग्न स्वास्थ्य मन्त्रालयले हिजो बिहीबार बेलुकी आकस्मिक बैठक डाकेको थियो। यसैबीच चिकित्सक संघका अध्यक्ष डा. मुक्ति श्रेष्ठले निर्णयको आधिकारिकपत्र प्राप्त गरेमा आजदेखि आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिने *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

## मधेसवादी...

संघीय समाजवादी फोरम नेपालका ३ स्थानीय तहमा र नेपाल लोकतान्त्रिक फोरमका उम्मेदवार २ स्थानीय तहमा विजयी भएका छन्।

संघीय समाजवादी फोरमबाट सिरहाका विष्णुपुर गाउँपालिकामा जागेश्वर यादवले १ हजार ९ सय ४० मत, भगवानपुर गाउँपालिकमा बेचनप्रसाद यादवले ३ हजार ५८ मत र सर्लाहीको पर्सा गाउँपालिकामा किसुनदेव रायले २ हजार ३ सय १६ ल्याएर विजयी हुनुभयो।

फोरम लोकतान्त्रिकबाट रौतहटको ईशानाथ नगरपालिकामा सन्तोष महत ५ हजार ७ सय ८५ मत र सर्लाहीको विष्णु गाउँपालिकामा जवाहरलाल यादव १ हजार ९ सय ४६ मत ल्याएर विजयी हुनुभएको छ।

यसैगरी, अहिलेसम्म ५ सय ९५ वटा वडाको अन्तिम मतपरिणाम प्राप्त भइसकेको छ। मतगणना बाँकी रहेका १ सय ३ स्थानीय तहमध्ये एकाध स्थानमा मतगणनामा गतिरोध उत्पन्न भएका कारण सर्वदलीय सहमति गरी मतगणना सुचारु गर्ने प्रयास भइरहेको र अन्य सबै स्थानमा मतगणना कार्य शान्तिपूर्णरूपमा जारी रहेको आयोगका प्रवक्ता नवराज ढकालले बताउनुभयो।

त्यस्तै, राजपा नेपालका वडाध्यक्षको उम्मेदवारको निधन भएका कारण स्थगन भएको राजविराज नगरपालिका वडा नम्बर १५ मा बिहीबार शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको छ।

## आईजीपी...

'माओवादी अध्यक्ष दाहालले गृहमन्त्री शर्मालाई प्रधानमन्त्रीको सन्देश सुनाएपछि गृहमन्त्री पनि अहिले चुप बस्नुभएको छ।' -ती अधिकारीले भने।

सरकारले राजीनामा दिन गरेको आग्रहलाई अस्वीकार गर्नुभएका आईजीपी अर्यालले पनि आफ्ना निकटका उच्च प्रहरी अधिकृतसँग सल्लाह गर्नुभएको छ।

यसअघि सरकारले आईजीपीमा नियुक्त गरेका एआईजी चन्दलाई अदालतले हटाइदिएपछि सरकारले बाध्य भएर अर्याललाई आईजीपी नियुक्त गरेको थियो। अदालतले वरीयतालाई ख्याल गरेर आईजीपी नियुक्त गर्न सरकारको नाममा आदेश दिएको थियो।

सरकारले अहिले चन्दलाई आईजीपीमा नियुक्त गरे पनि सरकारको निर्णय विवादमुक्त नहुने अवस्था रहेको छ। तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्कीसहितको संयुक्त इजलासले वरीयता निर्धारण गरेको थियो। वरीयतामा १ नम्बरमा नवराज सिलवाल, २ नम्बरमा प्रकाश अर्याल, ३ नम्बरमा बमबहादुर भण्डारी र ४ नम्बरमा जयबहादुर चन्द रहेको फैसलासमेत गरेको थियो। सरकारले चन्दलाई आईजीपी नियुक्त गरे पनि अदालतमा भण्डारीले मुद्दा हाले फेरि चन्द पद धरापमा पर्ने अवस्था देखिन्छ। सरकारले प्रहरी नियमावली परिर्वतन गरेर ७ प्रदेशमा ७ जना आईजीपी र केन्द्रमा प्रहरी महानिर्देशकको व्यवस्था गर्ने र अहिले आईजीपीमा नियुक्त हुने चन्दलाई नै पछि प्रहरी महानिर्देशक बनाउने तयारीसमेत गरेको छ।

## एमाले...

एमाले र मधेसी जनताबीच बढेको दूरीको फाइदा माओवादी केन्द्रलाई भएको छ।

दोस्रो संविधानसभाको निर्वाचनमा २ नम्बर प्रदेशमा माओवादीको निकै कमजोर परिणाम आएको थियो। स्थानीय निकायको निर्वाचनमा २ नम्बर प्रदेशमा माओवादीको अवस्था झनै कमजोर हुने आकलन गरिएको थियो। तर त्यस्तो भएन। एमालेका अधिकांश शुभचिन्तक माओवादीप्रति नरम देखिए। जसको कारण माओवादीको अवस्था सुधारिएको हो।

एमालेको अवस्था मधेसमा किन कमजोर भयो त? नेकपा एमालेले मधेसलाई चिढाएरै अन्य प्रदेशमा अग्रता स्थान पाएको हो कि भन्ने आशंका गरिएको छ। एमालेको लागि 'मधेस कार्ड' फलदायी सावित भएन। विगत तीनवटा मधेस आन्दोलनबाट पीडित बनेका गैरमधेसीले मधेस आन्दोलनको विरुद्धमा मतदान गरे। मधेस आन्दोलनको विरुद्धमा देखिएका एमालेले उक्त मत पाए। सायद एमालेले 'मधेस कार्ड' नखेलेको भए र मधेस आन्दोलनको प्रतिवाद नगरेको भए पहाडको यति धेरै मत पाउन सक्ने थिएन।

स्थानीय निकायको अहिलेसम्मको मत परिणामअनुसार देशको सबभन्दा ठूलो पार्टी बनेको छ। एमाले २ नम्बर प्रदेशमा कमजोर हुँदैमा उसको साख घट्ने छैन।

२ नम्बर प्रदेशमा एमालेको संगठन अहिलेसम्म पनि कमजोर छैन। तर निर्वाचनमा जहिले पनि संगठनबाहिरको मतले जितिन्छ। एमालेको सांगठनिक मत खसेको छ। तर उत्साहको मत खसेको छैन। जसले एमालेलाई मधेसमा कमजोर बनाएको छ।

संविधान संशोधनमा एमालेको असहमतिले पनि उसलाई मधेसमा कमजोर पारेको हो। तर यसै असहमतिले केन्द्र र प्रदेशको निर्वाचनमा २ नम्बरबाहेकको प्रदेशमा एमालेले राम्रो मत पाउनेछ। उसले पुनः मधेस आन्दोलनविरुद्धको 'मधेस कार्ड' फाल्नेछ।

यता माओवादीको अवस्था मधेसमा सुध्रिएको देखिन्छ। पछिल्लो समय राजपासहितको पार्टीमा देखिएको टिकट विवादको फाइदा माओवादीलाई भएको छ। राजपामा भएको टिकट विवादपछि अधिकांश नेता माओवादीमा प्रवेश गरे। कारण थियो, माओवादीबाट टिकट 'कन्फर्म' हुनु।

एमालेको छवि मधेस विरोधी देखिएकाले एमालेमा मधेसीहरू जान चाहेनन्। कांग्रेस आफ्नै गुट-उपगुट मिलाउनमा व्यस्त थियो। एउटा माओवादी केन्द्रमात्र उम्मेदवारविहीन देखिएको थियो। जसकारण अधिकांश मधेसवादी दलका विद्रोही माओवादीमा प्रवेश गरे।

अन्तमा एमालेले 'मधेस कार्ड' फालेर आफूलाई मधेसमा बदनाम बनाएकै हो जसकारण एमालेले मधेस आन्दोलनविरुद्धको गैरमधेसी भोटलाई आफ्नो खातामा जम्मा गरेको छ।

एमालेको 'मधेस कार्ड'को फाइदा माओवादी केन्द्रलाई पनि भएको छ, जसकारण माओवादी मधेसमा सम्मानजनक अवस्थामा देखिएको छ।

## राजधानीमै...

यो रोग लागिसकेपछि अत्याधिक ज्वरो आउने, शरीरबाट पसिना आउने, आँखा रातो हुने, जिउ चिलाउने, टाउको दुख्ने, ग्रन्थीहरू सुनिने र श्वास फेर्न समस्या हुने, शरीरमा किर्नाले टोकेको घाउसमेत देखिने लक्षणहरू देखापर्ने चिकित्सकहरूले बताएका छन्।

यसबाट बच्नका लागि वन क्षेत्रमा जाँदा शरीरका अंग नदेखिने गरी कपडा लगाउने र लक्षण देखिनासाथ डाक्टरको सल्लाहअनुसार डक्सी साइक्लिन नामक औषधी सेवन गरेमा रोग निको हुने शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले बताउनुभयो। नेपालमा २०७२ सालमा पहिलोपटक यो रोग देखापरेको थियो।

स्क्रब टाइफसको संक्रमण हुनसक्ने भन्दै किर्ना, मुसाजस्ता प्राणीहरूको टोकाइबाट रिकेटसिया नामक किटाणु मानिसको शरीरमा प्रवेश गरी उक्त रोग सर्ने भएकाले झाडी, पाखो तथा खुला ठाँउमा सुत्न वा नबस्न डा. पुनले आग्रह गर्नुभयो।

ज्वरो आएपछि मेडिकलमा गएर औषधि खाने र अलि जटिल भएपछि मात्रै अस्पताल जाने प्रवृत्तिले जटिलता उत्पन्न हुने गरेको भन्दै सामान्य ज्वरो आउनेबित्तिकै स्वास्थ्य संस्था जान चिकित्सकहरूले आग्रह गरेका छन्। बिरामीहरू समयमै अस्पताल पुग्न सके मृत्युबाट बच्न सकिने बताइएको छ।

इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाका प्रमुख डा. भीम आचार्यले स्क्रब टाइफस रोगको जीवाणु भेटिए पनि आत्तिहाल्नुपर्ने अवस्था नभएको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामी निकै सजग छौं। धेरै ठूलो रुप लिएको छैन। रोग फाट्टफुट्ट देखिएको भने हो।'


# शुभकामना

बिजया दशमी, शुभ दिपावली, ल्होसार, छठ लगाएतका नेपालीहरुका चाडपर्वको पावन अवसरमा हामी यहाँको तथा यहाँ संलग्न रहनु भएको संघसंस्थाको उन्नति, प्रगति, समृद्धिको एवं उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

**खगराज पौडेल**
अध्यक्ष
पश्चिमाञ्चल क्षेत्रिय खेलकुद बिकास समिति
पोखरा

**बिष्णुहरी गौतम**
बरिष्ठ प्रहरी उपरिक्षक
अञ्चल प्रहरी कार्यालय
गण्डकी

**भिम बहादुर थापा**
गणपति
शशस्त्र प्रहरी कालीका गण
मालेपाटन पोखरा

**अन्नपुर्ण केवलकार परिवार**
सराङकोट
पोखरा

**शिवकुमार बास्तोला**
आमन्त्रीत केन्द्रिय सदस्य
राष्ट्रिय प्रजातन्त्र पाटी

**जयलाल पुन**
अध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**बिष्णुप्रसाद पोखेल**
उपाध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**वरूण बिक्रम राणा**
उपाध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**हरिप्राद बराल**
सचिव
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**रञ्जना सेन पौडेल**
कोषाध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**धनुमाया कोईराला**
सह-सचिव
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**बुद्धीमान दुरा धम्पु**
पुर्व उपाध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**शिवप्रसाद चालिसे**
जिल्ला सदस्य
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**बलराम तिवारी**
जिल्ला सदस्य
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**अमृत बहादुर कार्की**
अध्यक्ष
वडा ईकाई समिति १४
राष्ट्रिय प्रजातन्त्र पाटी
कास्की

**गंगालाल सुवेदी**
प्रमुख
क्षेत्रिय निर्वाचन कार्यालय
पोखरा

**मोहन प्रसाद बास्तोला**
वडा अध्यक्ष
पोखरा लेखनाथ महानगरपालीका
वडा नं. ११

**धनबहादुर नेपाली**
वडा अध्यक्ष
पोखरा लेखनाथ
महानगरपालीका वडा नं. ५

**रुद्रप्रसाद बराल**
वडा अध्यक्ष
पोखरा लेखनाथ
महानगरपालीका वडा
न ८

**डा. बुद्धी बहादुर थापा**
पोखरा

**डा. आनन्द श्रेष्ठ**
पोखरा

**डा. बसन्त ताम्राकार**
पोखरा

# ओम डेभलपमेन्ट बैंक लि.
## OM DEVELOPMENT BANK LTD.

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको)

साबिकको ओम डेभलपमेन्ट बैंक लि. र मनास्लु विकास बैंक एक आपसमा गाभिएर बनेको संस्था

पोखरा लेखनाथ महानगरपालिका-४, चिप्लेढुंगा, कास्की, फोनः ०६१-५२१५०५/५२१९१२, फ्याक्सः ०६१-५३३०३८
Email: info@ombank.com.np, Website: www.ombank.com.np

प्रति साधारण शेयर रु.१००/- अंकित दरको ४९,३१,८३५ कित्ता हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

| | | |
|---|---|---|
| नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको | : | मिति २०७४/४/३२ |
| नेपाल स्टक एक्स्चेन्ज लि. मा सूचिकरणको लागि निवेदन पेश गरेको | : | मिति २०७४/५/५ |
| सिडिएस एण्ड क्लियरिङ लि. मा अभौतिकीकरणको लागि निवेदन पेश गरेको | : | मिति २०७४/५/५ |

हकप्रद शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मितिः २०७४/६/२३ गते

निष्काशन बन्द हुने मितिः २०७४/७/२६ गते

(बैकिङ्ग समय पश्चात्)

१० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयरको

# हकप्रद शेयर निष्काशन (Rights Issue) सम्बन्धी सूचना

**डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी रु.१,६४,३९,४४,८००/- को दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा रु.१००/- अंकित दरका ४९,३१,८३५ कित्ता हकप्रद साधारण शेयर मिति २०७४/५/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गर्नको लागि प्रकाशित गरिएको ।**

## हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

**१. संगठित संस्थाको नाम :** ओम डेभलपमेन्ट बैंक लिमिटेड (Om Development Bank Limited) ।

**२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**
यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) पोखरा लेखनाथ म.न.पा.-४, कास्की, गण्डकीमा रहेको छ । साथै E-mail: info@ombank.com.np, Website: www.ombank.com.np ।

**३. कारोवार स्थान :**
यस विकास बैंकको वित्तीय कारोवार गर्ने स्थान रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) पोखरा लेखनाथ म.न.पा.-४ कास्की, गण्डकीमा रहेको छ । साथै यसको अलावा बिकास बैंकले न्युरोड पोखरा, बगर, अमरसिंहचोक, हेम्जा, ढिकुरपोखरी, शिशुवा लेखनाथ, लामाचौर, लेकसाईड, रामबजार, भैरबटोल, लेखनाथ चोक-कास्की, भोटेओडार, बेशीसहर-लमजुङ्ग, चामेबजार-मनाङ्ग, कुस्मीसेरा, महेन्द्रपथ-बागलुङ्ग, सुन्धारा, महाराजगंज, कलंकी, बौद्ध-काठमाण्डौ, गोलमढी-भक्तपुर, कुमारीपाटी-ललितपुर, जोमसोङ्ग-मुस्ताङ्ग, गल्याङ-स्याङ्जा, पुष्पलालचोक-बुटवल, गोरखा बजार, आरुघाट, मनकामना-गोर्खा, दुलैगौंडा, डुम्रे, आँबुखैरेनी, सफासडक दमौली, भिमाद, तुरतुरे, बन्दिपुर-तनहुँ, नारायणगढ, पर्सा, टाँडी, लायन्सचोक, भरतपुर-चितवन आदि स्थानहरुमा आफ्नो शाखा कार्यालयहरु स्थापना गरी वित्तीय कारोबार गर्दै आईरहेको छ । साथै नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

**४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**
कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/४/१५ मा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई दर्ता नम्बर १०१३/०६४/६५ रहेको साविकको ओम डेभलपमेन्ट बैंक लिमिटेडमा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम साविकको मनास्लु विकास बैंक लि. सँग मिति २०७४/०३/०२ देखि गाभिएर ओम डेभलपमेन्ट बैंक लिमिटेडको नामबाट "ख" बर्गको राष्ट्रिय स्तरको वित्तीय संस्थाको रुपमा एकीकृत वित्तीय कारोबार गर्न मिति पुनः २०७४/३/६ मा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, कानून तथा व्यापार/व्यवसायको साथै ब्यबस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :
१) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीहरुको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
२) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यावसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,
३) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने, र
४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**५. शेयर पूँजीको संरचना :**
*(क) अधिकृत पूँजी :* यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु. ३,००,००,००,०००/- (अक्षरुपी तीन अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा ३,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
*(ख) जारी पूँजी :* यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु. २,१३,७१,२८,३००/- (अक्षरुपी दुई अर्व तेह्र करोड एकहत्तर लाख अठ्ठाईस हजार तीन सय) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा २,१३,७१,२८३ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
*(ग) चुक्ता पूँजी :* यस डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु. १,६४,३९,४४,८००/- (अक्षरुपी एक अर्व चौंसठ्ठी करोड,उनान्चालिस लाख चवालिस हजार आठ सय मात्र) रहेकोछ, जसलाई प्रति शेयर रु. १००/- का दरले जम्मा १,६४,३९,४४८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु. २,१३,७१,२८,३००/- (अक्षरुपी दुई अर्व तेह्र करोड एकहत्तर लाख अठ्ठाईस हजार तीन सय मात्र) हुनेछ ।

**६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचना :**

| समूह | शेयरधनी | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक | १०८,९९,३५४ | ५१% | १०८,९९,३५,५००/- | शतप्रतिशत |
| (ख) | सर्वसाधारण (कर्मचारीहरु समेत) | १०४,७१,९२९ | ४९% | १०४,७१,९२,८००/- | शतप्रतिशत |
| | जम्मा | २,१३,७१,२८३ | १००% | रु. २,१३,७१,२८,३००/- | शतप्रतिशत |

**७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :**
डेभलपमेन्ट बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

| सि.नं | नाम र ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री सुशील कुमार गोशली (संस्थापक समूह) | अध्यक्ष | ६९ | नेपाली | पोखरा लेखनाथ म.न.पा.-९, न्यूरोड, कास्की | ७,९५,५७२ | प्रबिणता प्रमाणपत्र तह | १. बैंक अध्यक्ष पदमा १७ वर्षको अनुभव । २. बिगत ५२ वर्षदेखि उद्योग व्यापारमा संलग्न । ३. अध्यक्ष गोशली डिपार्टमेन्टल स्टोर्स प्रा.लि. । ४. अध्यक्ष गोशली प्रिन्ट प्याक प्रा.लि. । ५. अध्यक्ष गोशली प्याकेजिङ्ग इण्डष्ट्रिज प्रा.लि. । ६. अध्यक्ष नेपाल पेपर एण्ड मल्टि ट्रेडिङ्ग प्रा.लि. । ७. पूर्व अध्यक्ष-कन्या क्याम्पस, पोखरा । |
| २. | श्री राजेन्द्र कुमार बाटाजू | सञ्चालक | ५७ | नेपाली | पोखरा लेखनाथ [illegible] | ५०,३९७ | स्नातकोत्तर | १. बैंक सञ्चालक पदमा १० वर्षको अनुभव । [illegible] |
| ३. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ४. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ५. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ६. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ७. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| ८. | रविन्द्र नाथ बास्तोला (सर्वसाधारण समूह) | सञ्चालक | ५१ | नेपाली | पोखरा लेखनाथ म.न.पा.फूलबारी, पोखरा-११,कास्की | ११,४१८ | स्नातकोत्तर | १. बैंक सञ्चालकको अनुभव ७ वर्ष । २. पत्रकारितामा २० वर्षको अनुभव । ३. प्राध्यापनमा बिगत २० वर्षको अनुभव । |
| ९. | प्रा.डा. यादव प्रसाद शर्मा गौडेल (व्यवसायिक विशेषज्ञ) | सञ्चालक | ६३ | नेपाली | पृथ्वी नारायण क्याम्पस, भिमकालीपाटन, पोखरा लेखनाथ म.न.पा.-१,कास्की | नभएको | विद्यावारिधि | १. बैंक सञ्चालकमा ५ वर्षको अनुभव । २. प्राध्यापन : बिगत ३८ वर्षदेखि प्राध्यापन क्षेत्रमा संलग्न । |

**यस डेभलपमेन्ट बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण**

| नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| विश्व मोहन अधिकारी प्रमुख कार्यकारी अधिकृत | पोखरा लेखनाथ-११, फूलवारी, कास्की । | एम्.वि.ए., बि.एड्. | १. २०५३ सालदेखि २०६४ सालसम्म ११ वर्ष तत्कालिन अन्नपूर्ण फाइनान्समा कर्जा प्रबन्धक तथा कम्पनी सचिवको रुपमा काम गरेको अनुभव । २. २०६४ सालदेखि प्रमुख कार्यकारी अधिकृतको रुपमा यस बैंकमा कार्यरत । |

**८. संचालक समितिको बनौट :**
यस डेभलपमेन्ट बैंकको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ९ (नौ) जना संचालक सदस्य रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ:

| | |
|---|---|
| 'क' समूहका संस्थापक शेयरवालाहरुबाट मनोनित संचालकहरु | ४ (चार) जना |
| 'ख' समूहका सर्वसाधारण शेयरवालाहरुको तर्फबाट साधारण सभाबाट निर्वाचित संचालकहरु | ४ (चार) जना |
| प्रचलित कानून बमोजिम नियुक्त गर्नु पर्ने ब्यबसायिक विशेषज्ञ संचालक | १ (एक) जना |
| जम्मा | ९ (नौ) जना |

*नोटः* सञ्चालकको संख्या मिति २०७२।१२।८ कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत भई सोही वमोजिम बैंकको नियमावलीमा भएको संशोधन बमोजिम ।

**९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**
स्वीकृत विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु. १,६४,३९,४४,८००/- को दश शेयर बराबर तीन शेयर (१०:३) (अर्थात् हाल कायम १० कित्ता साधारण शेयर बराबर नयाँ ३ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागी रु. ४९,३१,८३,५००/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका ४९,३१,८३५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**
हकप्रद शेयर निष्काशन प्रयोजनको लागि बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर तीन शेयर (१० : ३) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**
साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**१२. हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**
यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**१३. डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

वासलात (रु. हजारमा)

| पूँजी तथा दायित्व | वास्तविक आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | *आ.ब. ०७३/०७४ आषाढ मसान्त | प्रक्षेपित आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| १. शेयर पूँजी | ४२७,९०० | ५५८,२८१ | १,३६०,२८२ | १,६४३,९४५ | २,७५७,७३१ | ३,०३३,५०४ | ३,३३६,८५५ |
| २. कल्स इन एडभान्स | - | - | - | २३४,७५२ | - | - | - |
| ३. जगेडा तथा कोषहरु | ६७,१३९ | १४२,८९३ | २६७,३३८ | ७५८,६६० | ५२९,४८५ | ७०९,४६३ | ९८९,४६९ |
| ४. ऋणपत्र तथा बण्ड | - | - | - | - | - | ५०,००० | ७०,००० |
| ५. तिर्न बाँकी कर्जा सापट | २५,००० | - | - | - | - | ७०,००० | १००,००० |
| ६. निक्षेप दायित्व | ४,०६०,७०२ | ५,०६७,३०२ | ११,८५३,८३९ | १६,०६१,४२९ | २०,००४,५१० | २४,००५,४१२ | २९,०४६,५४९ |
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

[illegible]

नेटवर्थ सम्बन्धी विवरण (रु. हजारमा)

| विवरण | वास्तविक आ.ब. ०७०/०७१ | आ.ब. ०७१/०७२ | आ.ब. ०७२/०७३ | *आ.ब. ०७३/०७४ आषाढ मसान्त | प्रक्षेपित आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ |
|---|---|---|---|---|---|---|---|
| चुक्ता पूँजी | ४२७,९०० | ५५८,२८१ | १,०५२,८५० | १,६४३,९४५ | २,५०७,०२८ | २,७५७,७३१ | ३,०३३,५०४ |
| जगेडा तथा कोषहरु | ६७,१३९ | १४२,८९३ | ५७४,७७१ | ७५८,६६० | १,१५०,०८७ | १,३५५,१३६ | १,६६२,७१९ |
| कुल | ४९५,०३९ | ७०१,१७४ | १,६२७,६२० | २,४०२,६०५ | ३,६५७,११६ | ४,११२,८६७ | ४,६९६,२२३ |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | | | | | | | |
| कुल नेटवर्थ (१) | ४९५,०३९ | ७०१,१७४ | १,६२७,६२० | २,४०२,६०५ | ३,६५७,११६ | ४,११२,८६७ | ४,६९६,२२३ |
| शेयर संख्या (हजारमा) | ३,०८० | ४,६८१ | १०,५२८ | १६,४३९ | २५,०७० | २७,५७७ | ३०,३३५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १६१ | १५० | १५५ | १४६ | १४६ | १४९ | १५५ |
| प्रति शेयर चुक्ता पूँजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | १८.७७% | २२.०१% | १८.२२% | १८.०४% | १५.१०% | १७.०६% | १८.०६% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | २५.११ | | |

*नोटः* यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूचीबाट प्राप्त गर्न सकिनेछ । साथै आ.व. ०७०/०७१ तथा ०७१/०७२ मा साविकको सिटि डेभलपमेन्ट बैंक लिमिटेडको शेयर कारोबार देखाईएको तथा मिति २०७३ साल चैत्र, मिति २०७४ बैशाष तथा जेष्ठ महिनामा साविकको ओम डेभलपमेन्ट बैंक लि. र मनास्लु विकास बैंक लि.एक आपसमा गाभिएर ओम डेभलपमेन्ट बैंक लि को नाममा शेयर कारोबार नभएको ।

**१४. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभावित आर्थिक जोखिमहरु :**
१) विद्यमान बैंक तथा वित्तीय संस्थाहरु र नयाँ बैंक/वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
३) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकारबाट हुन सक्ने एक्कासी परिवर्तनबाट वित्तीय संस्थाको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।
४) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
५) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
६) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
७) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।
८) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
९) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरु ।
१०) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस वित्तीय संस्थाको सञ्चालनको इतिहास दश वर्ष रहेको छ । वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुर्‍याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः** रु. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**
१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।
२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली वित्तीय संस्थाले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
४) हकप्रद शेयरका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।
५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।
८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गराउने ब्यवस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका आवेदन दिंदा आफ्नो डिम्याट खाता (DEMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**१६. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्यूनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७१/०७२ | ५६० | २८५ | ३२५ | २३४९ |
| ०७२/०७३ | ६७६ | २७८ | ६३० | ७५६ |
| ०७३/०७४ | ७७५ | ५८७ | ६२९ | १८७२ |

| महिना | अधिकतम शेयर मूल्य (रू.) | न्यूनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७४ बैशाखदेखि आषाढसम्म | ओम डेभलपमेन्ट बैंक लि. र मनास्लु विकास बैंक लि.एक आपसमा गाभिई मिति २०७३।०६।२१ मा सम्झौता पत्रमा हस्ताक्षर भएकोले शेयर कारोबार रोक्का रहेकोमा मिति २०७४ श्रावण २ गतेबाट कारोबार खुल्ला भएको । | | | |
| २०७४ श्रावण | ४७८ | ४०० | ४३९ | २४४.४० |

*द्रष्टब्यः* यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**१७. धितोपत्र बाँडफाँट सम्बन्धी ब्यबस्था :**
स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**१८. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**
स्वीकृत विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित" धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण गरी हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

**१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**
साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची-११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिने छ ।
(१) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
(२) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको ।
(३) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(४) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
(५) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(६) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,
(७) हक हस्तान्तरणको मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

**२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**
१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरि पूँजी संकलन गर्ने ।
२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप विशेष साधारण सभाबाट १०:३ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।
३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) वित्तीय संस्थाको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी वित्तीय संस्थाको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न ।

**२१. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**
यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी डेभलपमेन्ट बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | तरलता व्यवस्थापन (३० प्रतिशत) | १४७,९५५,०५०/- |
| २. | कर्जा लगानी (७० प्रतिशत) | ३४५२२८४५०/- |
| | जम्मा | ४९३,१८३,५००/- |

**२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :**
यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना | खाता नं. |
|---|---|---|
| १. | श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ | ००१०१०१०३२६८१० |

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

**२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :**
हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई निष्काशनकर्ता बैंकले सूचना प्रकाशन गरी बढीमा १५ (पन्ध्र) दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| |
|---|
| १. श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ । |
| २. श्री ओम डेभलपमेन्ट बैंक लिमिटेडको रजिष्टर्ड कार्यालय (केन्द्रीय) पोखरा लेखनाथ म.न.पा.-४, कास्की, गण्डकी तथा शाखा कार्यालयहरुबाट आवेदन बुझाउन सकिनेछ । |
| ३. नेपाल इन्भेष्टमेन्ट बैंक लि. को शाखा कार्यालयहरुः विराटनगर, बीरगञ्ज, नेपालगन्ज, इटहरी र धनगढी । |

उपरोक्त स्थानहरुको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फारम तथा "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एनआईविएल क्यापिटल मार्केट्स लिमिटेडको वेवसाइट www.niblcapital.com र ओम डेभलपमेन्ट बैंक लिमिटेडको बेवसाइट www.ombank.com.np बाट डाउनलोड गरि भरेर पठाउन सकिने छ ।

**२५. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :**
यस डेभलपमेन्ट बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा रकम रु. २०,९२,०२,१४५/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

**यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।**

दरखास्त फारामको नमूना

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको)
साबिकको ओम डेभलपमेन्ट बैंक लि. र मनास्लु विकास बैंक एक आपसमा गाभिएर बनेको संस्था
पोखरा, लेखनाथ महानगरपालिका-४, चिप्लेढुंगा, कास्की, फोनः ०६१-५२१५०५/५२१९१२, फ्याक्सः ०६१-५३३०३८
Email: info@ombank.com.np, Website: www.ombank.com.np

| कार्यालय प्रयोजनको लागि | |
|---|---|
| शेयरको विवरण | कित्ता |
| भौतिक | |
| अभौतिक | |
| जम्मा कित्ता | |

मितिः २०७४ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

[illegible]

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

हकप्रद शेयर खरीद रसिद
दरखास्तवालाले भर्नुपर्ने

| | |
|---|---|
| Applicant's Name | |
| Company's Name | OM DEVELOPMENT BANK LTD. |
| No. Of Shares Applied | Call Money per Share Rs.100 Amount Deposited |
| Amount in Words | |

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only: Code No.
Received by: DP ID
Date: Stamp Client ID

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

---

अर्थ

2017, SEP
Friday
22

# सामसङको डिजिटल प्लाजा सञ्चालनमा



काठमाडौं, (नेस)

सामसङको आधिकारिक विक्रेता हिम इलेक्ट्रोनिक्सले बौद्धको चुच्चेपाटीमा सामसङ डिजिटल प्लाजा सञ्चालनमा ल्याएको छ। नयाँ प्लाजामा सामसङका इलेक्ट्रोनिक्स तथा होम एप्लायन्सका सामान पाइने कम्पनीले जनाएको छ। कम्पनीले बढ्दो मागलाई व्यवस्थित गर्न तथा ग्राहकलाई सर्वसुलभ तरिकाले सामसङका उत्पादन उपलब्ध गराउने उद्देश्यका साथ सुविधा सम्पन्न प्लाजा चुच्चेपाटीमा सञ्चालन गरिएको हिम इलेक्ट्रोनिक्सले जनाएको छ। हिम इलेक्ट्रोनिक्स निर्देशक सीमा गोल्छा र सामसङका ब्रान्ड एम्बेस्डर ज्योत्सना योगीले संयूक्त रूपमा शोरुमको उद्घाटन गर्नुभयो। प्लाजामा सामसङका कर्भ्ड टिभी, एलईडी टिभी, मोबाइल फोन, रेफ्रिजेरेटर, वासिङ मेसिन, माइक्रोवेभ ओभनलगायत उत्पादन पाइने छ।

# डिसहोमद्वारा दुई नयाँ च्यानल प्रसारण सुरु

काठमाडौं, (नेस)

डिसहोमले दुई वटा नयाँ च्यानल सुरु गरेको छ। सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतको आतिथ्यता आयेजित कार्यक्रममा कम्पनीले नयाँ च्यानलको शुभारम्भ गरेको हो। डिसहोमले सुरु गरेको नयाँ च्यानलका नाम रमाईलो टिभी र एक्सन स्पोर्टस् रहेका छन्।

डिसहोमको च्यानल नम्बर १०४ मा प्रसारण हुने 'रमाइलो टिभी'मा नयाँ नेपाली हाँस्य श्रृंखला, नेपालीमा अनुवाद गरिएका हिन्दी टेलि श्रृंखला, धार्मिक कार्यक्रम तथा विभिन्न मनोरञ्जनात्मक सामाग्री प्रसारण हुनेछन् भने च्यानल नम्बर १०५ मा नेपालकै पहिलो स्पोर्टस च्यानल एक्सन स्पोर्टस् सञ्चालनमा आउनेछ। उक्त च्यानलले नेपालभर आयोजना हुने विभिन्न खेलको प्रत्यक्ष प्रशारण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रसारण हुनेछन्।

डिसहोमले थपेका नयाँ च्यानल हेर्न ग्राहकले आफनो रोजाई अनुसारको थप प्याकेज लिनु पर्नेछ। पहिला देखिनै बेसिक, मिडियम, डिलक्स र सुपर एचडी प्लस प्याकेज हेरिरहेका ग्राहकले भने थोरै रकम मात्रै थप गरेर प्लस प्याकेज लिनुपर्ने कम्पनीले जनाएको छ। त्यसपछि ग्राहकले नेपाली चलचित्र प्रसारण हुने प्लस मुभी, सांगितिक च्यानल, कार्टुन च्यानल तथा अन्य डिसहोमका च्यानलहरू हेर्न पाउने भएका छन्।

डिसहोमले रिलिज भएकै दिनमा नेपाली चलचित्र घरमा नै बसेर हेर्न मिल्ने डिसहोम सिनेमाघरको सेवा पनिसुरु गरेको छ।

डिसहोमले बडादशैं तथा तिहार लक्षित उपभोक्ता माझ 'खुसी अन गरौं' नामक योजना ल्याईसकेको छ। योजनाअन्तर्गत ग्राहकले ५ हजार ९ सय ९९ रुपियाँ पर्ने डिसहोमको हाइब्रिड एचडी कनेक्सन खरीद गर्दा ३ हजार रूपैयाँ छुट प्राप्त गर्ने छन्।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल ८ मि.मि. | टोरस्टिल १०-२० मि.मि. | टोरस्टिल २५-३२ मि.मि. | टि. एम. टि. टेम्पकोर ८ मि.मि | टि. एम. टि. टेम्पकोर १०-२० मि.मि | टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि. | टोरकारी ४.७५-७ मि.मि. | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु \ साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1
मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

बाढीका कारण तराईका ३० जिल्लामा कृषि क्षेत्रमा ५ अर्ब ८४ करोड रुपियाँ बराबरको क्षति पहिचान भएको थियो। धान, तरकारी, मकै, दलहन र तेलहन, माछापालन, बेसार, उखुलगायतका बालीमा भएको क्षतिको मूल्यांकन गर्दै राहतका कार्यक्रम ल्याएको थियो।




# कृषि राहत प्याकेज वितरणमा ढिलाइ

नेपाल समाचारपत्र

काठमाडौं

कृषि विकास मन्त्रालयले ल्याएको कृषि राहत प्याकेज कार्यक्रम अझै प्रभावित किसान माझ पुग्न सकेको छैन। बाढी, डुबान, कटान तथा पहिरोका कारण भएको क्षतिको मूल्यांकन गर्दै तत्काल उपलब्ध गराउन मन्त्रालय राहत विकास मन्त्रालयले किसानलाई बीउ विजन वितरण, तरकारी बेर्ना तथा फलफूल बेर्नाका वितरण, माछाका भुरा वितरण गर्नेलगायका कार्यक्रम सार्वजनिक गरेको थियो। तर समयमा किसानलाई उपलब्ध गराउन नसक्दा उनीहरू झन् मर्कामा परेका छन्। प्रभावित किसानलाई तत्काल राहत उपलब्ध गराउने भनिए पनि मन्त्रालयले कार्यक्रम स्वीकृत गर्न राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायतका प्रशासनिक र प्रक्रियागत रूपमा नै ढिलाइ



प्याकेज घोषणा गरे पनि सो राहत किसानसामु पुग्न ढिलाइ भएको हो।

बाढीबाट प्रभावित ३० जिल्लामा कृषि गरिरहेको पाइएको छ।

कृषि विकास मन्त्रालयका सह-प्रवक्ता शंकरप्रसाद सापकोटाले निर्वाचन आचारसंहिताका कारण कार्यक्रम स्वीकृतिका लागि निर्वाचन आयोगको पनि अनुमति लिनुपर्ने भएपछि केही ढिलो भएको बताउनुभयो। *नेपाल समाचारपत्र*सँग कुरा गर्दै सापकोटाले भन्नुभयो- 'राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृत भइसकेको छ। गत सोमबार निर्वाचन आयोगले पनि स्वीकृति दिएको छ। हामीले मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यक्रम दर्ता गर्ने र अर्थ मन्त्रालयबाट रकमान्तर गर्ने काम मात्र बाँकी छ।' उहाँले मन्त्रालयले छिट्टै जिल्ला जिल्लामा कार्यक्रम लैजाने तयारी गरिरहेका पनि जानकारी दिनुभयो।

कृषि विकास मन्त्रालयले बाढी प्रभावित जिल्लाहरूमा कृषिक्षेत्रमा भएको क्षतिको मूल्यांकन गर्दै दशवटा छुट्टाछुट्टै राहत प्याकेज सार्वजनिक गरेको थियो। किसानलाई तत्काल राहत उपलब्ध गराउने भने पनि अर्थ मन्त्रालयबाट रकमान्तर भने हुन सकेको छैन। कार्यक्रम स्वीकृतको प्रक्रिया र प्रभावित जिल्लामा प्रभावित कृषकको नामावली संकलनको काम सँगसँगै गरिरहेको सापकोटाले जानकारी दिनुभयो। वास्तविक क्षति र पीडित किसानको पहिचानका लागि सम्बन्धित जिल्लाका कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय निर्वाचित प्रतिनिधिको सहयोगमा नामावली संकलनको काम भइरहेको मन्त्रालयको दाबी छ।

बाढीका कारण तराईका ३० जिल्लामा कृषि क्षेत्रमा ५ अर्ब ८४ करोड रुपियाँ बराबरको क्षति पहिचान भएको थियो। धान, तरकारी, मकै, दलहन र तेलहन, माछापालन, बेसार, उखुलगायतका बालीमा भएको क्षतिको मूल्यांकन गर्दै राहतका कार्यक्रम ल्याएको थियो। प्रवक्ता कार्कीका अनुसार अर्थमन्त्रालयको स्वीकृतिपछि तत्काल राहत वितरणका लागि कार्यान्वयन गर्ने निकायका रूपमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरू, सहयोगी निकाय र स्थानीय तहहरूलाई परिचालन गरिनेछ। राहत कार्यक्रमसम्बन्धी अन्तिम निर्णय भने सम्बन्धित जिल्लाको जिल्ला राहत व्यवस्थापन समितिले गर्नेछ। किसानले आफ्नो कृषि बालीमा भएको क्षतिमार्फतको अनुदान रकम व्यक्तिगत, कृषक समूह वा कृषि सहकारीले उनीहरूकै खातामा पाउने गरी प्राप्त हुनेछ। क्षतिको ७५ प्रतिशतदेखि शतप्रतिशतसम्म किसानले राहत स्वरूप अनुदान पाउनेछन्।

# भिसा कार्डमार्फत कारोबारमा १० प्रतिशत छुट पाइने

नेपाल समाचारपत्र

काठमाडौं

भिसा कार्ड बोक्नेहरूले लाई बैंकहरूले स्किम ल्याएका छन्। चाडपर्वलाई लक्षित गर्दै नेपाल इन्भेष्टमेन्ट बैंक तथा यस बैंकका भिसा कार्ड संजालसँग आवद्ध रहेका अन्य ९ बैंकले भिसा कार्ड प्रयोग गरी सामान खरीद गर्नेलाई १० प्रतिशत छुटको व्यवस्था गरेका हुन्।

बैंकहरूले अन्तर्राष्ट्रिय कार्ड प्रदायक कम्पनीसँग सहकार्य गरी संयुक्तरूपमा नगद फिर्ता योजना लागू गरेका हुन्। नेपाल इन्भेष्टमेन्ट बैंकका अलवा सेन्चुरी कमर्सियल, ग्लोबल आईएमई, कुमारी, महालक्ष्मी विकास, मेगा, एनसीसी, राष्ट्रिय वाणिज्य, सानिमा र टुरिजम डेभलपमेन्ट बैंकका भिसा कार्ड प्रयोगकर्ताले भिसा कार्ड प्रयोग गरी सामान किने भुक्तानी गर्दा भोलिपल्ट १० प्रतिशत रकम खातामा फिर्ता पाउने भएका हुन्।

पत्रकार सम्मेलनमा इन्भेष्टमेन्ट बैंककी कार्ड सेन्टर प्रमुख रिना चन्दले नगद कारोबार कम गरेर पेमेन्टलाई डिजिटलाइज्ड बनाउने उद्देश्यसहित यस्तो योजना ल्याएको जानकारी दिनुभयो। उहाँका अनुसार यो स्किम तत्काललाई पाँच महिनासम्म चल्ने छ। उहाँले ग्राहकको प्रतिक्रियाका आधारमा अवधि बढ्न पनि सक्ने बताउनुभयो।




यो लाभ योजनामा स्वदेशभित्र नेपाली नागरिकको हकमा मात्र प्रयोजन हुने छ। नगद छुट पाउनका लागि कम्तिमा ५ सय रुपियाँको खरीद तथा भुक्तानी गरेको हुनपर्छ। त्यस्तै अधिकतम सिमा दैनिक १ हजार रुपियाँसम्म मात्रै ग्राहकले फिर्ता पाउने छन्। अर्थात दैनिक १० हजार रुपियाँ वा सोभन्दा बढी रकमको सामान तथा सेवा खरिद गरे पनि १ हजार रूपैयाँ मात्रै नगद फिर्ता हुने आवद्ध बैंकहरूले जनाएका छन्।

फिर्ता भएको नगद भोलिपल्टै ग्राहकको खातामै जम्मा हुने मेगा बैंक 'कार्डस एण्ड अल्टरनेटिभ च्यानल' प्रमुख राकेश श्रेष्ठले जानकारी दिनुभयो। 'भोलिपल्टै रकम ग्राहकको खातामा फिर्ता आउँछ, यदी आएन भने उहाँहरूले सम्वन्धित बैंकबाट यसको समाधान पाउनुहुनेछ' उहाँले भन्नुभयो।

रकम फिर्ताका लागि पस मेसिन जुनसुकै नेटवर्कको भए पनि नगद छुट पाउनका लागि यी १० बैंकले जारी गरेको भिसा कार्ड नै आवश्यक पर्छ। हाल काठमाडौं उपत्यकामा यी दस बैंकबाट १५ लाख संख्याको हाराहारीमा भिसा डेविट कार्ड जारी भएको बैंकहरूले जनाएका छन्। यीमध्ये जम्मा २० प्रतिशतले मात्रै आफ्नो कार्डलाई 'पोस' मेसिनमा स्वाप गरी भुक्तानी गर्ने गरेको सम्वद्ध बैंकहरूको भनाइ छ। हाल उपत्यकाका विभिन्न बस्तु तथा सेवा प्रदायक संस्थाहरूसँग १६ सय र पुरै बैंकिङ प्रणालीमा ४५ सय पोस मेसिन सञ्चालनमा रहेका छन्।

## पोखरामा बर्जरको 'नगदपति' विजेता घोषित




काठमाडौं, (नेस)

बर्जर पेन्टसले 'नगदपति' अभियानका भाग्यशाली विजेतालाई नगद पुरस्कार प्रदान गरेको छ। बर्जरले पोखरामा बिहीबार आयोजित एक समारोहमा विजेतालाई नगद पुरस्कार वितरण गरेको हो।

कम्पनीको बम्पर प्राइज विजेतामा यमकुमारी गुरुङले लक्की ड्रमार्फत् १० लाख रुपियाँको जित्नुभयो भने धर्मराज थापा र दिलिप गुरुङले प्रथम पुरस्कारस्वरूप १/१ लाख रुपियाँ जित्नुभयो। यसैगरी टेकमाया अर्याल ढकालले दोस्रो पुरस्कारस्वरूप ५० हजार रुपियाँ जित्दा जमुना देवीले तृतीय पुरस्कारको रूपमा २५ हजार रुपियाँ प्राप्त गर्नुभयो।

कम्पनीले उत्कृष्ट घरधनीको रूपमा छनोट हुने १२ जनालाई जनही १० हजार रुपियाँसहित सम्मान गरेको छ।

अभियानमा ३ हजारभन्दा बढी घरधनीको सहभागीता रहेको थियो। कम्पनीको 'नगदपति' अभियान फागुन ४, २०७३ देखि असार ३१, २०७४सम्म सञ्चालन गरिएको थियो।

## सिटी एक्स्प्रेस र मर्चेन्ट्रेड एसियाबीच सम्झौता




काठमाडौं, (नेस)

मलेसियाको सबैभन्दा धेरै सञ्जाल भएको कम्पनी मर्चेन्ट्रेड एसिया र नेपालको सिटी एक्सप्रेस मनी ट्रान्सफरबीच सम्झौता भएको छ। सम्झौसँगै दुई कम्पनीले रेमिटेन्स सेवा पनि सुरु गरेका छन्।

सम्झौतासँगै अब मलेसियामा रहेका नेपालीले कुनै पनि मर्चेन्ट्रेडको १ सय भन्दा बढी तथा ४सय २५ भुक्तानी केन्द्रमार्फत नेपालको सिटी एक्सप्रेस मनी ट्रान्सफरमा रकम पठाउन सक्नेछन्। त्यसरी पठाएको रकम सिटी एक्सप्रेसको ५ हजार भुक्तानी केन्द्रमार्फत सहज तरिकाले भुक्तानी लिन सकिने बताईएको छ।

सम्झौतामा सिटी एक्सप्रेसको तर्फबाट प्रबन्ध निर्देशक चन्द्र टण्डन र मर्चेन्ट्रेडका तर्फबाट चिफ मनि सर्भिस विजनेस अफिसर सर्भेसवारन राजा गोपालले हस्ताक्षर गर्नुभयो। सम्झौतापछि राजा गोपालले आगामी दिनमा नेपालमा रेमिटेन्स पठाउन झन् सहज हुने बताउनुभयो। साथै आउने दिनमा यो सम्बन्ध अझ प्रगाढ हुँदै जाने उहाँले बताउनुभयो।

## धौगलमा दशैं मेला शुरू

नेपाल समाचारपत्र

ललितपुर

स्थानीय बजारको प्रवर्द्धन गर्न ललितपुर महानगरपालिका वडा नं १६ को कार्यालयले धौगल बजारमा विहीबार दशै मेला आयोजना गरेको छ।

मेलाको एक समारोहकाबीच ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले शुभारम्भ गर्नुभयो। सो अवसरमा धौगल बजारलाई प्रर्बद्धन गर्ने सो मेला आयोजना गरिएको वडाध्यक्ष निर्मलरत्न शाक्यले बताउनुभयो। मेला सात दिनसम्म चल्ने छ। स्थानीय भल्खु, सलिछो, दौबहाल,पट्को टोल सुधार समिति, धौगल बजार व्यवस्थापन समिति र ललितपुर उद्योग वाणिज्य संघको सहयोगमा वडा कार्यालयले सो मेला आयोजना गरेको हो। 'धौगल बजारलाई पहिलकै व्यापारिक केन्द्रको स्वरूपमा ल्याउन, व्यवसायीहरूको उत्साह बढाउन, स्थानीय व्यवस्थित बजार बनाउन मेला गरेको हो निर्मलरत्न शाक्यले बताउनुभयो।

**एलियन बचत तथा ऋण सहकारी संस्था लि.**
**बसनतपुर, काठमाडौं**

**धितो लिलामी सम्बन्धि २१ दिने सुचना**

यस एलियन बचत तथा ऋण सहकारी संस्था लि. को तपसिलमा उल्लेखित ऋणिहरूले लिएको साँवा ब्याज दै दैस्तुर सहित रकम चुक्ता भुक्तानी नगरेकोले पटक पटक मौखिक, लिखित तथा पत्रपत्रिकामा कर्जा चुक्ता भुक्तान गर्न ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरि ताकेता गर्दा समेत कर्जा रकम र सोमा लागेको ब्याज समेत भुक्तान गरि दिन अनुरोध गरेकोमा समेत ऋणीले चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई कर्जा रकम बाँकि नै रहेकोले कर्जा असुलीको लागि निज ऋणीले संस्थामा धितो राखेको निम्न उल्लेखित अचल सम्पत्ति गोप्य बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र कार्यालय समयमा आईपुग्ने गरि गोप्य बोलपत्र पेश गर्न हुन सुचित गरिन्छ। तोकिएको मिति र समय भित्र प्राप्त बोलपत्रहरू यो सुचना प्रकाशित भएको मितिले २२ औं दिनमा सो दिन बिदा परे त्यसको लगत्तै कार्यालय खुलेको दिनमा तपसिलमा उल्लेखित मिति र स्थानमा तपसिलमा उल्लेखित धितो लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरि लिने हो खुलाई सिलबन्दि बोलपत्र यस संस्थामा दाखिल गर्नहुन सम्बन्धित सबैको जानकारीको निमित्त यो सुचना प्रकाशित गरिएको छ र साथै धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकि संस्थाले धितो सकार गर्नुपरेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणीहरू र व्यक्तिगत धनजमानी कर्ताको घरघरानाबाट असुल उपर गर्न असुली प्रक्रिया अगाडी बढाइने व्यहोरा यसै सुचनाद्वारा सम्बन्धित सबैलाई सुचित गराइन्छ। र साथै ऋणीलाई समेत लिलामको सुचना पठाई सकेको हुँदा सुचना प्राप्त नभए यसैलाई सुचनाको आधार मानी दिनहुन अनुरोध गरिन्छ।

| ऋणीको विवरण | जमानीको विवरण | धितो विवरण |
|---|---|---|
| १. ऋणीको नाम: शनिश मिश्र<br>बुबाको नाम: शैल सुन्दर मिश्र<br>बाजेको नाम: मनमोहन मिश्र<br>ठेगाना: बारा जिल्ला कलैया न.पा. ४ | १.ऋणीको नाम: सृजना भण्डारी<br>बुबाको नाम: अमृत प्रसाद उपाध्याय भण्डारी<br>पतिको नाम: शनिश मिश्र<br>ससुराको नाम: शैल सुन्दर मिश्र<br>ठेगाना: नवलपरासी जिल्ला रामग्राम न.पा.१ | मनमोहन मिश्रको नाती शैल सुन्दर मिश्रको छोरा शनिश मिश्रको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता रहेको उ.प.न.पा.वडा नं. २५ को कित्ता नं. १७७९ र १७८१ को क्षेत्रफल ३.९७ र १४१.१० |
| १.ऋणीको नाम: सृजना भण्डारी<br>बुबाको नाम: अमृत प्रसाद उपाध्याय भण्डारी<br>पतिको नाम: शनिश मिश्र<br>ससुराको नाम: शैल सुन्दर मिश्र<br>ठेगाना: नवलपरासी जिल्ला रामग्राम न.पा. १ | १.ऋणीको नाम: शनिश मिश्र<br>बुबाको नाम: शैल सुन्दर मिश्र<br>बाजेको नाम: मनमोहन मिश्र<br>ठेगाना: बारा जिल्ला कलैया न.पा. ४ | शैल सुन्दर मिश्रको बुहारी शनिश मिश्रको पत्नी अमृत प्र.उपाध्याय भण्डारीको छोरीको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता रहेको काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. मनहोरा वडा नं. ७ को कित्ता नं. ७८१ को क्षेत्रफल १०१.३५ |

**शिलबन्दि बोलकबोल लिलाम बिक्रीका शर्तहरू**

१. बोलपत्र फाराम यस सहकारी संस्थाको कार्यालय बसन्तपुरबाट नगद १०००/- (रू. एक हजार) मात्र (पछि फिर्ता हुने गरि) तिरो बोलपत्र फाराम प्राप्त गर्न सकिन्छ।
२. बोलपत्रमा भाग लिदाँ रकम कबुल गर्नेले कुनै पनि शर्त राख्न पाइने छैन।
३. गोप्य सिलबन्दि बोलपत्र फारामका साथ आफूले कबुल गरेको अंकको १० प्रतिशत ले हुन आउने रकम नगद यस सहकारी संस्थाको कार्यालयमा बुझाउनु पर्ने छ। उक्त जमानत रकम लिलाम सदर बदरको निर्णय नभएसम्म फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सुचना पाएको १५ दिन भित्र बाँकी रकम बुझाई धितो सम्पत्ति बुझि लानु पर्ने छ। अन्यथा धरौटी वापतको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
५. लिलामबाट प्राप्त सुरक्षण धितोको नामसारी दाखिला खारेज गर्न लाग्ने सम्पूर्ण राजस्व तथा अन्य दै दस्तुर खर्च स्विकार्ने व्यक्तिले नै बेहोर्नु पर्ने छ।
६. लिलाम बोलपत्र सबै भन्दा बढि रकम कबोल गर्नेको प्रस्ताव स्विकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस सहकारी संस्था संग सुरक्षित रहने छ।
७. रित नपुगि म्याद नाघि पाप्त भएको बोलपत्र अस्वीकृत हुने छ।
८. विस्तृत जानकारीको लागि यस सहकारी संस्था बसन्तपुरमा सम्पर्क राख्न सकिने छ।

लिलाम हुने मिति: २०७४ असोज गते,दिनको २ बजे
लिलाम हुने स्थान : एलियन बचत तथा ऋण सहकारी संस्था लि.
शिवआर्केड, चौंथो तल्ला
बसन्तपुर, काठमाडौं

Alien Saving & Credit Co-operative Ltd. 2065 Kathmandu



# ढिलो पुगेकाले पराजित



फिरोज राजोपाध्याय
अस्गाबाट, तुर्कमेनिस्तान

तुर्कमेनिस्तानको अस्गाबाटमा चलिरहेको पाँचौ एसियन इन्डोर एन्ड मार्सल आर्टस् गेम्समा बिहीबार चेसको टिमले गैरजिम्मेवारपूर्ण व्यवहार देखाएको छ।

एथ्लेट भिलेजमा भएको चेसअन्तर्गत पहिलो चरणको खेलमा नेपालका मदनकृष्ण श्रेष्ठ र मोनालिसा खम्बुले खेल्न ढिलाइ गरेका थिए। बिहान ९ बजे शुरू हुने खेलमा उनीहरू उपस्थित थिएनन्। टेबल नम्बर १३ मा प्रतिद्वन्द्वी पर्खिरहे पनि उनीहरू उपस्थित भएनन्। नेपालका दुबै खेलाडी उपस्थित नभएपछि वाकओभरको आधारमा दुबै जनाको हार भयो।

पुरुषको व्यक्तिगत स्पर्धामा मदनकृष्ण श्रेष्ठ आयोजक राष्ट्रका मेइलिस अनाबेर्डीएभसँग पराजित भए। त्यस्तै महिलाको व्यक्तिगत स्पर्धामा मोनालिसा खम्बु इरानकी मित्रा हेजाजीपुरसँग हारिन्।

यस विषयमा प्रतियोगितामा रेफ्रीको भूमिकामा अस्गाबाट पुगेका हेराकाजी महर्जनले ज्यादै लापर्वाही भएको प्रतिक्रिया दिए। उनले नेपाल समाचारपत्रलाई बताए- 'खेलाडीले यो त एकदमै लापर्वाही गरेको हो। अघिल्लो दिन पनि टेक्निकल मिटिङमा दुबै जना उपस्थित भएनन्। आज त हदै पार गरे उनीहरूले। यसअघि यस्तो गैरजिम्मेवारपूर्ण व्यवहार श्रीलंकामा पनि गरेका थिए।'

**मदनले जिते**

मदनकृष्णले दोस्रो चरणमा भने ठ्याक्कै समयमा आएर सहभागी जनाए र जित पनि हात पारे। उनले ताजिकिस्तानका नोदेजडा एन्टोनोभालाई १ अंकको अन्तरले पराजित गरेका हुन्। उनले आज अर्को खेल खेल्नेछन्। तर मोनालिसा भने शुरु हुनै लाग्दा खेल स्थलमा पुगिन्। उनी मकाउकी आईपी सेंग टउसँग दोस्रो चरणमा हारिन्।

**३० सेकेन्ड पनि टिकेन**

कुँरासकी खेलाडी जयन्ती श्रेष्ठ म्याटमा तीस सेकेन्ड पनि टिकिनन्। चाइनिज ताइपेईकी काओ चिया जिङसँग उनी सहजै पराजित भएकी थिइन्। महिला ७८ केजीतर्फको क्वाटरफाइनल खेलमा जयन्ती डाकीको आधारमा छिटै हारिन्। योसँगै कुँरासमा महिलाको चुनौती समाप्त भयो। आज दिपक छन्त्यालले खेल्नेछन्।

## गणेशमान स्मृति बक्सिङ सम्पन्न

# आर्मी टिम च्याम्पियन

काठमाडौं, (नेस)

दोस्रो वीर गणेशमान सिंह राष्ट्रिय महिला तथा पुरुष खुला बक्सिङ प्रतियोगितामा नेपाल आर्मीले टिम च्याम्पियनको उपाधि जितेको छ।

बुधबार भएको फाइनल खेलमा महिलातर्फ ६ स्वर्ण, २ रजतसहित टिम च्याम्पियन भएको छ। त्यस्तै पुरुषतर्फ पनि टिम च्याम्पियनको उपाधि जितेको आर्मीले ७ स्वर्ण ७ रजत प्राप्त गरेको छ। आर्मीले समग्रमा १३ स्वर्ण, ९ रजत हात पारेको छ। दोस्रो स्थानमा रहेको एपीएफले समग्रमा ४ स्वर्ण, ८ रजत प्राप्त गरेको छ।

पुरुष ४९ केजी तौल समूहको फाइनल खेलमा एपीएफका लक्ष्मन तामाङले नक्सालका सुशील थापा मगरलाई अंकको आधारमा हराउँदै स्वर्ण जिते। पुरुष ५२ केजी तौल समूहको फाइनल खेलमा आर्मीका प्रेम चौधरीले एपीएफ क्लबका विक्रम परियारलाई अंकका आधारमा हराउँदै स्वर्ण जिते।

यसै गरी पुरुष ५६ केजी तौल समूहमा एपीएफका पुरण राईले आर्मीका विमल रोकालाई अंककै आधारमा हराउँदै स्वर्ण हात पारेका छन्। पुरुष ६० केजी तौल समूहको फाइनल खेलमा आर्मीका सुरेश नेपालीले आर्मीकै एकबहादुर घलेलाई अंकका आधारमा हराए। पुरुष ६४ केजी तौल समूहको फाइनल खेलमा आर्मीका दीपक श्रेष्ठले पुलिसका भुपेन्द्र थापालाई हराउँदै स्वर्ण जिते। पुरुष ६९ केजीको फाइनलमा आर्मीका विष्णुप्रसाद घलेले एपीएफका विकास बल लामा पराजित गरे। पुरुष ७५ केजीमा आर्मीका दिपेश लामाले एपीएफका कौशलजंग थापालाई पराजित गर्दै स्वर्ण जिते।

पुरुष ८१ केजीमा कास्कीका दीपक सुनुवार फाइनलमा आर्मीका अर्जुन सिगोलाई अंकका आधारमा हराउँदै स्वर्ण जिते। पुरुष ९१ केजीमा आर्मीका महेन्द्र केसी फाइनल एपीएफका गोकुल गुरुङ हराए। पुरुष ९१ केजीमाथि आर्मीका आशिष दवाडीले आफ्नै संस्थाका खेलाडी श्याम खड्का इन्जुरी भई खेल परित्याग गरेपछि स्वर्ण हात पारे।

योङ स्टार क्लबको आयोजनामा वसन्तपुर डबलीमा सञ्चालन भएको महिला ४८ केजी तौल समूहको फाइनल खेलमा आर्मीकी ललिता महर्जनले एपीएफकी नङजा बुढामगरलाई अंकका आधारमा हराउँदै स्वर्ण जितिन्। महिला ५१ केजी तौल समूहको फाइनल खेलमा आर्मीकी गिता थापामगरले एपीएफकी माला राईलाई अंकको आधारमा हराइन्। महिला ५४ केजी तौल समूहमा आर्मीका बिमला श्रेष्ठले एपीएफकी सन्जु लामालाई अंकको आधारमा हराउँदै स्वर्ण जितिन्।

महिला ५७ केजीको तौल समूहको उपाधि भिडन्तमा आर्मीकी चन्द्रकला थापाले कास्कीकी सिसम थापामगरलाई हराउँदै स्वर्ण जितिन्। महिला ६० केजी तौल समूहको फाइनल खेलमा एपीएफकी संगीता सुनुवारले आर्मीकी सोनाम रोकाय हराउँदै स्वर्ण जितिन्। महिला ६४ केजीको फाइनलमा आर्मीकी पुनम रावलले एपीएफकी बिनिता थापामगरलाई हराउँदै स्वर्ण जितिन्। महिला ६९ केजीमा आर्मीकी बन्दना सापकोटाले आर्मीकै सबिना श्रेष्ठलाई हराउँदै स्वर्ण जितिन्। महिला ७५ केजी तौल समूहमा एपीएफकी सरस्वती रानामगरले आर्मीकी अनुपा चौधरी हराउँदै स्वर्ण जितिन्।

# नेपाल विजयी

काठमाडौं, (नेस)

नेपालले अन्तर्राष्ट्रिय आमन्त्रण पुरुष कबड्डी प्रतियोगितामा बिहीबार विजयी शुरूआत गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा नेपालले बंगलादेशलाई ३७-३५ ले पराजित गऱ्यो। उक्त खेलमा नेपालका विजय चन्द उत्कृष्ट रेडर तथा बंगलादेशका तुहिन उत्कृष्ट डिफेन्डर चुनिए।

प्रतियोगिताको युवा तथा खेलकुद मन्त्री राजेन्द्रकुमार केसीले एक कार्यक्रमबीच उद्घाटन गरे। अखिल नेपाल कबड्डी संघद्वारा आयोजित प्रतियोगितामा नेपाल, बंगलादेश र भारत गरी ३ राष्ट्र सहभागी छन्।

# हिमालयन शेर्पा भाग्यमानी

बिर्तामोड, (नेस)

घरेलु टोली रमपम झापा-११ लाई हराउँदै हिमालयन शेर्पा क्लबले झापाको शिवसताक्षी नगरपालिकामा जारी दूधे गोल्ड कपको अन्तिम चारमा स्थान पक्का गरेको छ। टाइब्रेकरमा झापाविरुद्ध भाग्यमानी सावित हुँदा हिमालयन शेर्पाले ३-२ गोलको नतिजामा जीत निकालेको हो। निर्धारित समयको खेलमा १-१ गोलको बराबरी खेलेपछि निर्णय सोझै टाइब्रेकरबाट लिइएको थियो।

यसअघि झापाका लागि खेलको १५औं मिनेटमा कप्तान योगेश गुरुङले पहिलो गोल गरेका थिए। डि-बक्स एरिया नजिकबाट कर्ण लिम्बूले मिलाइदिएको ब्याक पासलाई योगेशले सिधै गोलपोस्टको दिशा दिएका थिए। हिमालयन शेर्पाका विजय श्रेष्ठले दोस्रो हाफको ७औं मिनेटमा गोल गर्दै खेललाई १-१ को बराबरीमा पुऱ्याएका थिए।

## धरहरा

### दुई पुलिसको जुहारी



८८ किलो सुन काण्डमा को अगाडि देखिने होड अहिले प्रहरीमा चलेको छ। महानगरीय अपराध महाशाखा र महानगरीय आयुक्तको कार्यालयबीच चलेको होडले बजारमा राम्रै महौल बनेको धरहराले महशुस गरेको छ। महानगरीय आयुक्त कार्यालयका प्रमुख एआईजी जयबहादुर चन्द र महाशाखाका एसएसपी दिवेश लोहनीबीच अहिले निकै होड चलेको धरहराबाट देखिएको छ।

एआईजी चन्द आफ्ना 'खल्ती'का पत्रकारलाई ८८ किलो सुनमा आफ्नो अपनत्व रहेको पाराको समाचार लेखाउन उद्धत छन भने एसएसपी लोहनीचाहिँ आफूले गरेको कामको जस आफूले पाउनुपर्ने भन्दै मनको बिरह पत्रकारसँग पोखेको धरहराबाट देखिएको छ।

हैन सुनको कमिसनका लागि एआईजी चन्दले ग्याल काडेको भन्दै एकथरी प्रहरीले उनको सत्तोसराप गरेको दृष्यले धरहरालाई नमजाक्क बनाइ दिएको छ। जति पैसा भए पनि नहुने ती एआईजी साव पनि कस्ता होलान लागूऔषध ब्युरोमा रहदा स्युडोबाट आएकाले नपुगेर हो कि क्या हो सापले त अहिले एसएसपीलाई तोरीको फूल फुलाएको देखेर धरहरा पनि तीन छक परेको छ।

# जिल्ला लिग स्थगित

हेटौंडा, (नेस)

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा हेटौंडामा जारी जिल्ला लिग फुटबल प्रतियोगिता अनिश्चितकालका लागि स्थगित भएको छ।

संघले बिहीबार पत्रकार सम्मेलन गर्दै जिल्ला लिगका सम्पूर्ण बाँकी खेलहरू स्थगित गरिएको घोषणा गरेको हो। चाडपर्व र सुरक्षाका दृष्टिले खेल स्थगित गर्नुपरेको संघ अध्यक्ष राजेन्द्र श्रेष्ठले जानकारी दिए। क्वार्टरफाइनल खेलमा बुधबारको अन्तिम खेल भइरहेको समयमा खेलाडी, दर्शक र सुरक्षाकर्मीबीच हानाहानको स्थिति आएपछि खेललाई स्थगित गर्नुपरेको उनले बताए।

प्रतियोगिता संयोजक राजकुमार श्रेष्ठका अनुसार दशैंलगत्तै बस्ने संघको बैठकले प्रतियोगितालाई कहिले सुचारु गर्ने भन्ने कुरा निर्णय गरिनेछ। संघले बुधबार रातोकार्ड पाएका एफसी इन्टरनेट सिटीका खेलाडी विक्रमकुमार बानियाँलाई प्रतियोगिताका अन्य खेलमा प्रतिवन्ध लगाएको छ।

उनीसहित विवादित टिमलाई केकस्तो कारवाही हुने भन्नेबारे केन्द्रमा पत्रचार गरिएको र सोहीअनुसार कारबाही गरिने आयोजकले जनाएको छ।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ